

## अनुसन्धान प्रतिवेदन

# नेपाली राजनीतिमा महिला र लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायविरुद्धको लैङ्गिक हिंसाको अवस्था

२०७९


USAID
अमेरिकी जनताबाट

NDI
NATIONAL DEMOCRATIC INSTITUTE
FOR INTERNATIONAL AFFAIRS

Purple
FOUNDATION
a journey to freedom

INSIDE
COVER

अनुसन्धान प्रतिवेदन

# नेपाली राजनीतिमा महिला र लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायविरुद्धको लैङ्गिक हिंसाको अवस्था

२०७९

नेपाली राजनीतिमा महिला र लैङ्गिक तथा यौनिक
अल्पसंख्यक समुदायविरुद्धको लैङ्गिक हिंसाको अवस्था

अनुसन्धान प्रतिवेदन

वि.सं. २०७९

©पर्पल फाउण्डेशन

**सम्पादन**
सिर्जना काफ्ले

**भाषानुवाद**
जे.बि. विश्वकर्मा

**प्रकाशक**
पर्पल फाउण्डेशन
शंखमूल, काठमाडौं
फोन : ०१५९१०७१७
इमेल : foundationpurple@gmail.com

ISBN : 978-9937-1-3534-4

# अनुसन्धान समूह

### प्रमुख अनुसन्धानकर्ता
नीलम शर्मा

### वरिष्ठ अनुसन्धानकर्ता
सिर्जना काफ्ले
नानीमाया थापा
दिपक प्रसाद बस्याल

### तथ्याङ्क विज्ञ
मोहन सिंह सुनार

### स्थलगत सहयोगी/अनुसन्धानकर्ता
अञ्जु दाहाल
सरस्वती पाठक
प्रेम ओभ्Fा
मञ्जु ठाकुर
ज्योति फुँयाल
शर्मिला भण्डारी
प्रेम वि.क.
पर्शुराम पाण्डे
नवराज महतरा
हरिबहादुर सिंह
शंकर बहादुर कामी
बलराम भट्टराई
सिता चौधरी

### प्रशासनिक/प्राविधिक सहयोग
मोनिका पाण्डे पौडेल
मञ्जु तामाङ
आनन्द नेपाली
रिता रिजाल
सरन एरिक विलियम्स्
निरव पन्त

# हार्दिक आभार

यो अनुसन्धान प्रतिवेदन तयार गर्नका लागि विभिन्न व्यक्ति र संघसंस्थाको सहयोग रहेको छ । यस अनुसन्धानका लागि आवश्यक आर्थिक र प्राविधिक सहयोग पुऱ्याउने यु.एस.एडी नेपाल र नेशनल डेमोक्रेटिक इन्स्टिच्यूट (एनडीआई), नेपाललाई हामी विशेष धन्यवाद दिन चाहान्छौं । यसैगरी अनुसन्धानका क्रममा निरन्तर सहयोग र मार्गनिर्देश गर्ने, एनडीआई नेपालको वरिष्ठ राष्ट्रिय निर्देशक डेब्राह हील, कार्यक्रम व्यवस्थापक विदुषी ढुङ्गेल, कार्यक्रम अधिकृत श्रद्धा पोखरेल, वरिष्ठ सञ्चालन र वित्तीय अधिकृत सन्तोष शाह, वित्तीय अधिकृत विवश पौडेलका साथै एनडीआई/डी.सी.की गीना डेनियल्स् र पानस साउथ एसियाप्रति पनि हामी हार्दिक आभार व्यक्त गर्दछौं ।

यसैगरी राजनीतिमा अनलाइन (विद्युतीय माध्यममार्फत) र अफलाइन[१] (प्रत्यक्ष)रूपमा हुने लैङ्गिक हिंसाबारे हामीसँग सर्वेक्षण, गहन अन्तर्वार्ता र घटना अध्ययनका साथै संवाद र छलफलमा सहभागी भएर आफ्ना विचार, दृष्टिकोण र अनुभव राखिदिनुहुने सबै महानुभावप्रति हामी आभारी छौं । यसैगरी अनुसन्धानको सवालबारे छलफल र अन्तर्वार्ता दिएर सहयोग गरिदिनुहुने देशैभरिका मुख्य जानकारीकर्ता, लक्षित समूह छलफलका सहभागी र तथ्य वैधानिकीकरण कार्यशालाका सहभागी सबैप्रति हामी कृतज्ञ छौं ।

हामी यो अनुसन्धानको सल्लाहकार समितिका सदस्यहरु : रंगमती शाही (नेपाली कांग्रेस पार्टी), रेणु चन्द (नेपाल कम्युनिष्ट पार्टी माओवादी-केन्द्र), चन्दा चौधरी (नेपाली कांग्रेस पार्टी), रचना खड्का नेपाल कम्युनिष्ट पार्टी (एमाले), ममता विष्ट (महिला, बालबालिका र जेष्ठ नागरिक मन्त्रालय), अञ्जु ढुंगाना (राष्ट्रिय महिला आयोग), मुरारी प्रसाद खरेल (राष्ट्रिय मानवअधिकार आयोग), देवराज विश्वकर्मा (राष्ट्रिय दलित आयोग) र अंकित खड्गी (लैङ्गिक तथा यौनिक अल्पसंख्यक अधिकारकर्मी)प्रति अत्यन्तै धेरै आभार व्यक्त गर्न चाहन्छौं । उहाँहरूको मार्गदर्शनबिना यो अनुसन्धान प्रतिवेदनले यस्तो स्वरूप प्राप्त गर्न सम्भव थिएन । यसैगरी यो अनुसन्धान प्रतिवेदन अध्ययन गरेर समीक्षा गरिदिनु भएकोमा डा. सुचेता प्याकुरेल र डा. विनोद चापागाईंलाई पनि हामी धेरै-धेरै धन्यवाद प्रदान गर्न चाहन्छौं ।

अनुसन्धान समूहको अथक प्रयास र समर्पणबिना यो अनुसन्धान सम्पन्न गर्न सम्भव थिएन । यो महत्वपूर्ण अनुसन्धान सफलतापूर्वक सम्पन्न गर्नका लागि अनुसन्धान समूहका वरिष्ठ अनुसन्धानकर्ता सिर्जना काफ्ले, नानीमाया थापा, दिपक बस्याल, मोहन सिंह सुनारका साथै स्थलगत अनुसन्धान समूहमा रहेर काम गर्नुहुने अञ्जु दाहाल, प्रेम ओझा, मञ्जु ठाकुर, ज्योति फुयाल, शर्मिला भण्डारी, सरस्वती पाठक, प्रेम वि.क., पर्शुराम पाण्डे, नवराज महतरा, हरिबहादुर सिंह, शंकर बहादुर कामी, बालाराम भट्टराई र सीता चौधरीको महत्वपूर्ण भूमिका रहेको छ । त्यसैले यो अनुसन्धानको मुख्य श्रेय उक्त समूहलाई दिन चाहन्छौं । यसैगरी अनुसन्धानका क्रममा आवश्यक प्रशासनिक गतिविधि सञ्चालनका साथै तथ्याङ्क व्यवस्थापन, समन्वय र सञ्चारमा महत्वपूर्ण भूमिका निर्वाह गर्ने बेनुमाया गुरूङ, मोनिका पाण्डे पौडेल, मञ्जु तामाङ, आनन्द नेपाली, रीता रिजाल, सरन इरिक विलियम्स् र निरब पन्तलाई पनि हार्दिक धन्यवाद दिन चाहन्छौं ।

अन्त्यमा, यस अनुसन्धानका क्रममा नेपथ्यमा रहेर छलफल, कार्यशाला र बैठक आदि व्यवस्थापनका साथै प्रत्यक्ष र अप्रत्यक्षरूपमा हामीलाई सल्लाह, सुझाव प्रदान गर्नुहुने सबैप्रति हामी आभार व्यक्त गर्न चाहन्छौं ।

**नीलम शर्मा**
प्रमुख अनुसन्धानकर्ता



१ यो प्रतिवेदनमा अफलाइनमा हुने लैङ्गिक हिंसालाई प्रत्यक्ष लैङ्गिक हिंसाको रूपमा अनुवादन गरिएको छ ।

# प्राक्कथन

पर्पल फाउण्डेशन, आधुनिक दासताविरूद्ध सशक्तरूपमा कामगरिरहेका व्यवसायिक महिला र अधिकारकर्मीको सक्रियतामा सन् २०१९ मा स्थापित मुनाफारहित संस्था हो । यो संस्थाले दासत्वबाट मुक्त समाज, जहाँ प्रत्येक व्यक्ति समान र पूर्णरूपमा आत्मसम्मानपूर्वक बाँच्न पाउने समाज निर्माणको लक्ष्य राखेको छ । पर्पल फाउण्डेशनले महिलावादी दृष्टिकोणबाट असल शासन र समावेशी लोकतन्त्रको प्रबर्द्धन गर्दछ ।

नेपालको सामाजिक संरचना र अभ्यासमा जसरी दशकौंदेखि लैङ्गिक हिंसा हुँदै आएको छ, यस्तो हिंसा नेपाली राजनीतिमा पनि व्यापक मात्रामा देखिएको छ । समयसँगै यस्तो हिसा सामाजिक सञ्जालका प्लेटफर्म जस्तै : फेसबुक, ट्वीटर, टिकटक र अन्य प्रविधिमार्फत बृहतरूपमा फैलिएको छ । यस्ता सञ्जाल महिला र लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायलाई लक्षित गरी गलत र भ्रमपूर्ण सूचना र घृणायुक्त अभिव्यक्ति दिने स्थानको रूपमा विकास भइरहेको छ । राजनीतिमा हुने लैङ्गिक हिंसाले मानवअधिकार र अभिव्यक्ति स्वतन्त्रताका साथसाथै नेतृत्व निर्माणमा पनि प्रत्यक्षरूपमा दुरगामी असर पर्ने किसिमको अवरोध सिर्जना गरेको छ । यसले राजनीतिमा महिला र लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायको वर्तमान र भविष्यको सम्भावनामाथि नै आघात पार्छ भने समग्रमा समावेशी लोकतान्तिन्त्रक व्यवस्थालाई नै अवरोध खडा गर्छ ।

यस्तो चुनौतपूर्ण परिस्थितिमा पर्पल फाउण्डेशनले सम्भवतः नेपालमै पहिलो पटक राजनीतिमा सक्रिय महिला र लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायविरूद्ध कुन स्तर र तहसम्म अनलाइन र प्रत्यक्ष (अफलाइन) हिंसा हुने गरेको छ र यसले उनीहरूको राजनीतिक सहभागीता र प्रतिनिधित्वलाई कस्तो किसिमको प्रभाव पारिरहेको छ भन्ने कुराको लेखाजोखाका निम्ति एउटा राष्ट्रव्यापी अनुसन्धान गरेको छ । यो अनुसन्धान सन् २०२२ फेब्रुअरीदेखि नोभेम्बरसम्मको अवधिमा गरिएको हो । गुणात्मक र परिमाणात्मक दुवै विधिको प्रयोग गरी गरिएको यो अनुसन्धान ७ वटा प्रदेशका १४ जिल्लालाई आधार मानेर गरिएको थियो ।

यो अनुसन्धानले नेपाली राजनीतिमा लैङ्गिक हिंसाको गम्भीर परिस्थिति रहेको तथ्य बाहिर ल्याएको छ । अनुसन्धानको सर्वेक्षणमा सहभागीमध्ये ९१ प्रतिशतले नेपाली राजनीतिमा लैङ्गिक हिंसा व्यापक रहेको बताएका छन् भने ६६ प्रतिशतले राजनीतिक जीवनमा आफूले एक वा एकभन्दा बढी लैङ्गिक हिंसाको सामना गरेको बताएका छन् । यसैगरी २८ प्रतिशतले अनलाइन लैङ्गिक हिंसा भोगेको अनुभव रहेको र यो गम्भीर सरोकारको विषय भएको कुरा औंल्याएका छन् । राजनीतिमा महिला र लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायको सहभागीता बृद्धिका लागि यो गम्भीर चिन्ताको विषय हो । त्यसैले पर्पल फाउण्डेशनले यो अनुसन्धानबाट प्राप्त तथ्यका आधारमा विभिन्न तहमा हुने अनलाइन र प्रत्यक्षरूपमा हुने लैङ्गिक हिंसाको अन्त्यका लागि निर्वाचन आयोग, विभिन्न तहका सरकारी निकाय, राजनीतिक पार्टी, मिडिया र अनलाइन प्लेटफर्म र अन्य सरोकारवाला निकायलाई आवश्यक नीतिगत व्यवस्था गर्नका लागि सुझाब प्रदान गर्दछ । यसका साथै सरोकारवाला निकायलाई हाल भइरहेको हिंसा न्यूनीकरण गर्नका लागि आवश्यक पैरवी गर्न पनि सहयोग गर्दछ ।

यो अनुसन्धानलाई अर्थपूर्ण बनाउन आर्थिक र प्राविधिक सहयोगका लागि युएसएड र एनडीआई–नेपालप्रति हार्दिक कृतज्ञता व्यक्त गर्न चाहन्छु । यसैगरी यो अनुसन्धान सम्पन्न गर्नका लागि महत्पूर्ण भूमिका निर्वाह गर्नुभएकोमा अनुसन्धान समूह, विभिन्न राजनीतिक पार्टीका सहभागी र उत्तरदाता, सरकारी निकाय र गैरसरकारी संघसंस्था, विज्ञ र पत्रकारलगायत सबै प्रति आभारी छु ।

**सिर्जना काफ्ले**
प्रमुख कार्यकारी निर्देशक

# छोटकरी रुप

| | |
|---|---|
| A.D. | Anno Domino (English year) |
| B.S. | Bikram Sambat (Nepali year) |
| CA | Constituent Assembly |
| CEDAW | Convention on the Elimination of All Forms of Discrimination against Women |
| CPA | Comprehensive Peace Accord |
| CPN UML | Communist Party of Nepal (Unified Marxist–Leninist) |
| ETA | Electronic Transaction Act |
| FGD | Focus Group Discussion |
| FOE | Freedom of Expression |
| FPTP | First Past the Post |
| GBV | Gender-Based Violence |
| GSM | Gender and Sexual Minorities |
| IDI | In-depth Interview |
| IT | Information Technology |
| JSP | Janata Samajwadi Party |
| KII | Key Informant Interview |
| LGBT | Lesbian Gay Bisexual Trans |
| LSP | Loktantrik Samajwadi Party |
| NC | Nepali Congress |
| NCP-S | Nepal Communist Party Socialist |
| NDC | National Dalit Commission |
| NHRC | National Human Rights Commission |
| NWC | National Women Commission |
| UN | United Nations |
| UNDP | United Nations Development Programme |
| USAID | United States Agency for International Development |

# शब्दावली

**गलत सूचना :** खराब नियतवश कसैलाई पनि हानी पुऱ्याउन कुनै पनि गलत सूचना वा सामाग्रीको उत्पादन गर्नु वा फैलाउनु । यो कुनै निश्चित जाति, लिङ्ग, समुदाय वा सिमान्तकृत समूहमाथि लक्षित हुन सक्छ ।[२]

**लक्षित समूहगत छलफल :** यो गुणात्मक अनुसन्धान पद्धतिमा सूचना वा तथ्याङ्क संकलन गर्ने एउठटा विधि हो, जुन विधिबाट विभिन्न व्यक्तिको दृष्टिकोणगत मनोवृत्ति, धारणा, मान्यता र विचार जान्ने उद्देश्यले प्रश्न सोधिन्छ । यस लक्षित समूह छलफलमा समान पृष्ठभूमि र अनुभव भएका मानिसलाई एकै ठाँउमा राखेर कुनै निश्चित विषयमा छलफल गरिन्छ ।[३]

**लैङ्गिक र यौनिक अल्पसंख्यक :** मानिसको एउटा समूह जसको यौन अभिमुखीकरण, लैङ्गिक पहिचान वा यौनिक चरित्र अथवा विषमलैङ्गिक, त्याचलैङ्गिक र गैरअन्तरलिङ्गीको भन्दा फरक हुन्छ ।[४]

**राजनीतिमा हुने लैङ्गिक हिंसा :** कुनै पनि व्यक्ति वा समूहलाई लैङ्गिक पहिचानकै कारण उनीहरूको राजनीतिक अधिकारको हनन् गरी पुऱ्याइने हानी । यस किसिमको हिंसाको सिर्जना कुनै पनि व्यक्ति वा समूहलाई उनीहरूको लैङ्गिक पहिचानकै आधारमा दमन गर्ने, रोक्ने, नियन्त्रण गर्ने वा जबरजस्ती गर्ने इच्छाबाट अभिप्रेरित हुन्छ[५] । यस कार्यमा गलत सूचना प्रवाह र अपहेलनापूर्ण वचन पनि प्रयोग हुन्छ ।

**लैङ्गिक हिंसा :** कुनै पनि व्यक्तिलाई आफ्नो वास्तविक वा अनुभूति गरिएको लिङ्ग, लैङ्गिकता, लैङ्गिक अभिमुखीकरण र/वा लैङ्गिक पहिचानका आधारमा गरिने हानी । यस्तो काममा गलत सूचना प्रवाह र घृणायुक्त वचन पनि प्रयोग हुन्छ[६] । यस विषयमा उपलब्ध साहित्यमा/अध्ययनमा यसलाई लैङ्गिक हिंसा भनिएको छ ।

**घृणायुक्त अभिव्यक्ति :** कुनै पनि व्यक्ति, समूह, जाति, धर्म, लैङ्गिक पहिचान वा यौनिकताप्रति व्यक्त गरिने धम्कीपूर्ण वचन, अभिव्यक्ति वा लेखोट[७] ।

**गहन अन्तर्वार्ता :** कुनै एक व्यक्तिसँग गरिने अन्तर्वार्ता जसको उद्देश्य सामान्य र सतही उत्तरभन्दा पनि बिस्तृत विवरण वा सूचनाको संकलन गर्ने रहेको हुन्छ । यसैकारण यस्तो अन्तर्वार्ता प्राय : लामो हुने र एउटै सहभागीसँग पटक-पटक लिइन्छ[८] । यस किसिमको अन्तर्वार्ता महिलाको प्रतिनिधित्व गर्ने राजनीतिकर्मी र लैङ्गिक तथा यौनिक अल्पसंख्यक र लैङ्गिक हिंसाको अनुभव गर्ने सम्भावना बढी भएका अनलाइन र प्रत्यक्ष लैङ्गिक हिंसाका सम्भावित पीडित व्यक्तिसँग गरिएको छ ।

---

२ NDI, Disinformation and Electoral Integrity (2019)
३ https://www.herd.org.np/uploads/frontend/Publications/PublicationsAttachments1/1485497050-Focus%20Group%20Discussion_0.pdf
४ https://www.undp.org/sites/g/files/zskgke326/files/publications/SDGs_SexualAndGenderMinorities.pdf
५ Bardall, G.S. (2018), Violence, Politics and Gender
६ United Nations
७ Panos South Asia, How to Identify and Counter Online Gendered Disinformation A Handbook (2021)
८ Guion, L., Diehl, D., and McDonald, D, Conducting an In-depth Interview, (University of Florida, 2011)

**समावेशी लोकतन्त्र :** मूलधारको राजनीतिमा सबै नागरिकलाई समावेश गर्न नीति-निर्माणमा सबै नागरिकको सहभागिता[९] ।

**मुख्य जानकारीकर्तासँगको अन्तर्वार्ता :** समुदायमा भइरहेका घटनाबारे जानकार मानिसहरूसँग गरिने गुणात्मक गहन अन्तर्वार्ता । यस किसिमको अन्तर्वार्ताको मुख्य उद्देश्य सम्बन्धित समुदायबारे राम्रो ज्ञान भएका विभिन्न क्षेत्रका वा फराकिलो दायराका मानिस जस्तै समुदायका नेता, पेशाकर्मी वा स्थानीयबासीबाट सूचना संकलन गर्नु हो[१०] ।

**सीमान्तीकृत समूह :** विभिन्न व्यक्तिगत विशेषता वा आधार जस्तै लिङ्ग, लैङ्गिकता, उमेर, जातियता, धर्म वा मान्यता, स्वास्थ्य अवस्था, असक्षमता, लैङ्गिक अभिमुखीकरण, शिक्षा, आय वा विभिन्न भौगोलिक अवस्थितिका कारण बहिष्करणमा पारिएका कुनै निश्चित संस्कृति, परिवेश र इतिहासअन्तर्गत रहेका विभिन्न समूह, जुन एक वा सोभन्दा बढी किसिमका विभेदको जोखिममा पारिएका छन्[११] ।

**गलत सूचना :** भ्रम पैदा गर्ने उद्देश्य नभए तापनि थाहा नपाइकनै सिर्जित वा प्रसारित झुठो सूचना[१२] ।

**अनलाइन लैङ्गिक हिंसा :** अनलाइन लैङ्गिक हिंसा त्यतिबेला हुन्छ जब महिला र लैङ्गिक विविधता भएका मानिसले आफ्नो लैङ्गिकताकै कारण विभिन्न अनलाइनमा हिंसा भोग्ने गर्छन्[१३] ।

**अनलाइन हिंसा :** इन्टरनेट र प्रविधिको प्रयोगमार्फत विद्युतीय संसारमा गरिने कुनै पनि किसिमको हिंसा । यसमा शारीरिकरूपमा हानी पुर्‍याउने धम्कीपूर्ण अभिव्यक्ति, अपमानजनक सन्देश, तस्विर र भिडियो, उत्पीडन वा दुर्व्यवहार, मानहानि, यौन दुर्व्यवहार, लिङ्ग, सम्प्रदाय, वर्ग वा जातिको आधारमा गरिने विभेद, गोपनीयता भङ्ग गर्ने लगायतका क्रियाकलाप पर्छन् । अनलाइन हिंसाको प्रभाव भने बाहिरी जीवनमा बढी हुने गर्दछ[१४] ।

**अपराधी वा दोषी :** कुनै व्यक्ति वा व्यक्तिको समूह जसले यौन शोषण, दुर्व्यवहार वा अन्य किसिमको अपराध गर्दछ । मानव अधिकारका दायित्व पुरा गर्न असमर्थ राज्य वा राज्यका अन्य निकायलाई पनि अपराधीको संज्ञा दिन सकिन्छ[१५] ।

**राजनीतिक समावेशिता :** एउटा यस्तो अवधारणा जसले सबै नागरिकलाई कुनै पनि वर्ग, उमेर, लैङ्गिकता, यौन अभिमुखीकरण, क्षमता, समूह, संस्कृति र जातीय वा धार्मिक

---

९ International Institute for Democracy and Electoral Assistance, Inclusive Political Participation and Representation (2013).

१० https://www.wichita.edu/about/conferences/documents/CHP_Summit/Resources/Gaillard_CHPKeyInformant/KIIG_SHS.doc#:~:text=Key%20informant%20interviews%20are%20qualitative,hand%20knowledge%20about%20the%20community.

११ https://eige.europa.eu/thesaurus/terms/1280

१२ NDI, Disinformation and Electoral Integrity (2019)

१३ Panos South Asia, How to Identify and Counter Online Gendered Disinformation A Handbook (2021)

१४ Panos South Asia, How to Identify and Counter Online Gendered Disinformation A Handbook (2021)

१५ https://hr.un.org/sites/hr.un.org/files/SEA%20Glossary%20%20%5BSecond%20Edition%20-%202017%5D%20-%20English_0.pdf

पृष्ठभूमिका बाबजुद राज्य सञ्चालन प्रक्रियामा समान अधिकार र सहभागितालाई जनाउँछ[१६] ।

**राजनीतिकरुपमा सक्रिय महिला :** ती सबै महिला जसले कुनै राजनीतिक पार्टीको सदस्यता लिएका छन् र मूलधारको दलीय राजनीतिमा सुसुप्त, अलिअलि वा सक्रिय रूपमा क्रियाशील महिलालाई राजनीतिकरूपमा सक्रिय महिलाको रूपमा चर्चा गरिएको छ ।

**सामाजिक सञ्जाल :** विद्युतीय सञ्चारमाध्यम (जस्तै : फेसबुक, ट्वीटर, इन्स्टाग्राम, टिकटक, युट्यूब, मेसेन्जर, वाट्सएप, भाइबर, जुम, गुगल मिट र अन्य)को प्रयोगकर्ताले अनलाइन समुदायको निर्माण गर्नुका साथै सूचना, विचार, व्यक्तिगत सन्देश र अन्य सामाग्रीको आदान-प्रदानमा सहयोग गर्छ[१७] ।

**प्रभावित/ पीडित :** त्यो व्यक्ति जसले यौनजन्य वा लैङ्गिक हिंसाको अनुभव गरेको छ । यो प्रतिवेदनमा पीडित शब्दावलीलाई 'सर्भाइभर'को रूपमा प्रयोग गरिएको छ[१८] ।

**महिलाविरुद्ध हुने हिंसा :** कुनै पनि किसिमको लैङ्गिक हिंसा जसले महिला र किशोरीमाथि शारीरिक, यौनिक वा मानसिक क्षति वा पीडा पुऱ्याउँछ । यसका साथै उनीहरूको व्यक्तिगत वा सामाजिक जीवनलाई आघात पुग्ने गरी धम्की दिने, जबरजस्त वा स्वतन्त्रताको दुरूपयोग गरी महिलालाई बञ्चितीकरणमा पार्ने काम यस्तो हिंसाअन्तर्गत पर्दछ[१९] ।

---

१६ International Institute for Democracy and Electoral Assistance, Gender Equality and Inclusion in Democracy. (2017): https://www.idea.int/news-media/news/political-inclusion-vital-sustainable-democracy

१७ https://www.ifes.org/sites/default/files/ifes_working_paper_social_media_disinformation_and_electoral_integrity_august_2019_0.pdf

१८ https://hr.un.org/sites/hr.un.org/files/SEA%20Glossary%20%20%5BSecond%20Edition%20-%202017%5D%20-%20English_0.pdf

१९ United Nations

# विषयसूची


हार्दिक आभार ........ ४
प्राक्कथन ........ ५
छोटकरी रुप ........ ६
शब्दावली ........ ७
कार्यकारी सारंश ........ १२

१. परिचय ........ १८
२. अध्ययन विधि ........ १९
  २.१ अनुसन्धान विधि ........ २०
    संरचनागत प्रश्नावलीमा आधारित सर्वेक्षण ........ २०
    गहन अन्तर्वार्ता ........ २०
    मुख्य जानकारीकर्तासँगको अन्तर्वार्ता ........ २१
    लक्षित समूहगत छलफल ........ २१
    सामाजिक सञ्जालका विषयवस्तुको समीक्षा ........ २१
  २.२ अनुसन्धानको सीमा ........ २२
  २.३ गुणस्तर सुनिश्चितता ........ २२
३. नेपाली राजनीतिमा महिला र लैङ्गिक तथा यौनिक अल्पसंख्यकको सहभागीता ... २४
  ३.१ सहभागीताको अवस्था ........ २४
  ३.२ राजनीतिकरूपमा सक्रिय महिला र लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायविरुद्ध हुने लैङ्गिक हिंसा ........ २८
४. कानुनी व्यवस्था ........ ३०
५. अनुसन्धानको प्रमुख नतिजा र विश्लेषण ........ ३३
  ५.१ राजनीतिमा सक्रिय महिला र लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायको अनलाइन लैङ्गिक हिंसाबारे समग्र बुझाइ र अनुभव ........ ३३
  ५.२ राजनीतिमा हुने अनलाइन लैङ्गिक हिंसा ........ ४२
  ५.३ अनलाइन लैङ्गिक हिंसालाई प्रभाव पार्ने कारक ........ ४६
  ५.४ निर्वाचनको समयमा अनलाइन लैङ्गिक हिंसा ........ ५१
६. जानकारी र प्रतिक्रिया दिने संयन्त्रमा पहुँच ........ ५५
७. राजनीतिमा लैङ्गिक हिंसाको प्रभाव ........ ६२
८. अनुसन्धानबाट प्राप्त भएका मुख्य सवाल ........ ६६
९. सुझावहरू ........ ६९

अनुसूचि क: महिला र लैङ्गिक तथा यौनिक अल्पसंख्यकका लागि प्रयोग गरिने विभेदकारी शब्दावली ........ ७१
अनुसूचि ख: सर्वेक्षणमा सहभागी उत्तरदाताको विवरण ........ ७१
अनुसूचि ग: तस्वीरहरु ........ ७३

# कार्यकारी सारांश

नेपालको संविधान, २०७२ ले महिला तथा अन्य सिमान्तकृत समुदायको अधिकार सुनिश्चित गर्नका लागि विभिन्न प्रावधानको व्यवस्था गरेको छ । संविधानले उनीहरूको राजनीतिक सहभागिताका साथै सबै क्षेत्रमा समान अधिकारको सुनिश्चित गरेको छ । नेपालको संविधानको धारा ३८ मा 'महिलाको हक'को व्यवस्था गरिएको छ भने धारा ४० ले 'दलितको हक' समावेश गरेको छ । यसैगरी, धारा ४२ ले 'सामाजिक न्यायको हक'को व्यवस्था गरेको छ । यसैगरी राजनीतिक पार्टीसम्बन्धी ऐन, २०७३ ले पार्टीको नेतृत्वमा समावेशीकरणको अभ्यास गरिनु पर्ने कुरालाई जोड दिइएको छ । यो व्यवस्थाअनुसार राजनीतिक पार्टीले राजनीतिमा व्याप्त लैङ्गिक हिंसालाई सम्बोधन गर्ने र विभेदको दूरी कम गर्ने दायित्व पूरा गर्नुपर्छ । नेपालका राजनीतिक पार्टीले सैद्धान्तिकरूपमा यस्तो प्रतिबद्धतालाई अनुमोदन पनि गरेका छन् ।

नेपाली राजनीतिमा दशकौंदेखि महिलाविरूद्धको हिंसा व्याप्त छ । यस्तो हिंसा सामाजिक संरचना र अभ्यासमार्फत् प्रतिबिम्बित भइरहेका छन् । प्रविधिको विकाससँगै आएका फेसबुक, ट्वीटर र टिकटकजस्ता सामाजिक सञ्जालबाट लैङ्गिक हिंसा पनि तीब्ररूपमा फैलिरहेका छन् । यी सञ्जाल महिला र लैङ्गिक तथा यौनिक अल्पसंख्यकविरूद्ध गलत सूचना र घृणायुक्त अभिव्यक्तिलाई बढावा दिने स्थानका रूपमा विकसित भइरहेका छन् । यसरी अनलाइनमा हुने हिंसाले महिला र लैंगिक तथा यौनिक अल्पसंख्यक समुदायमाथि गम्भीर असर पारिरहेको छ । उदाहरणका लागि यस्ता माध्यमले लोकतन्त्रको मर्मविपरीत अभिव्यक्ति स्वतन्त्रामाथि अवरोध सिर्जना गरिरहेको छ भने राजनीतिकरूपमा क्रियाशील र भविष्यमा स्थापित हुन सक्ने महिला र लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायको नेतृत्वको राजनीतिक लक्ष्य प्राप्तिका लागि गम्भीर नकरात्मक असर पारिरहेको छ ।

यस्तो चुनौतीपूर्ण सन्दर्भमा पर्पल फाउण्डेशनले नेपालका राजनीतिकरूपमा सक्रिय महिला र लैङ्गिक तथा यौनिक अल्पसंख्यकमाथि हुने अनलाइन र प्रत्यक्ष लैङ्गिक हिंसाको अवस्था र त्यसले उनीहरूको राजनीतिक सहभागिता र प्रतिनिधित्वमा पार्ने प्रभावको मूल्याङ्कन गर्ने उद्देश्यले यो अनुसन्धान गरेको हो । यस अनुसन्धानका लागि आवश्यक वित्तीय र प्राविधिक सहयोग युएसएआईडी र एनडीआई नेपालबाट प्राप्त भएको हो । यो अनुसन्धानले नीति-निर्मातालाई अनलाइन र प्रत्यक्षरूपमा हुने लैङ्गिक हिंसाको प्रकृत्ति र अवस्था पत्ता लगाउने, ती समस्या सम्बोधन सरोकारवालालाई जवाफदेही बनाउने, र नेपालमा समावेशी र उत्तरदायी लोकतान्त्रिक अभ्यास प्रबर्द्धनका लागि आवश्यक सुझाब पनि अगाडि सारेको छ ।

यो अनुसन्धानको विषयवस्तुको जटिलतालाई मध्यनजर गर्दै राजनीतिमा हुने हिंसाको सीमा र गहिराई पत्ता लगाउन हामीले मिश्रित अनुसन्धान प्रणालीको प्रयोग गरेका छौं । यो अनुसन्धान सहभागितामुलक अनुसन्धानमा प्रयोग गरिने विधिहरू जस्तैः सर्वेक्षण, गहन अन्तर्वार्ता, लक्षित समूह छलफल, मुख्य जानकारीकर्तासँगको अन्तर्वार्ता, घटना अभिलेखिकरणको प्रयोग गरिएको छ । यसैगरी विषयवस्तुसँग सम्बन्धित पूर्वप्रकाशित प्रतिवेदन र उपलब्ध सन्दर्भ सामाग्रीको समीक्षाका साथै सामाजिक सञ्जालमा प्रकाशित सामग्रीको अनुगमन र विश्लेषण गरिएको छ । यस अनुसन्धान सम्पन्न गर्नका निम्ति राजनीतिकरूपमा सचेत र प्रशिक्षित व्यक्तिहरूको छनौट गरिएका छन् । यो अनुसन्धानमा आवाज, समावेशिता र विविधताको सिद्धान्तलाई आत्मसात गर्दै विभिन्न लिङ्ग, उमेर, जातजाति, समुदाय र भौगोलिक क्षेत्रका मानिसको सहभागिताका सुनिश्चित गरेको छ । अनुसन्धानमा सूचना संकलनका लागि अन्तर्वार्ता लिँदा र सूचना संकलन गर्दा व्यक्तिको गोपनीयता, पूर्व स्वीकृति, सुसूचित अनुमति लिनेजस्ता विषयमा अनुसन्धान समूह पूर्णरूपमा सचेत भएको थियो । विशेषगरी अन्तर्वार्ताका नैतिक मापदण्डप्रति

सचेत रहँदै नेपालका १४ जिल्ला र सात प्रदेश राजनधानीमा त्यस्ता अन्तर्वार्ता लिइएका थिए । यो अनुसन्धानका सहभागीहरूको चयन उद्देश्यपूर्ण नमुना छनोट प्रक्रियाबाट गरिएको हो । अनुसन्धानबाट प्राप्त प्रारम्भिक नतिजालाई प्रमाणिकरण गरी महिला र लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायले स्वामित्व लिने निष्कर्ष निकाल्ने उद्देश्यले सरोकारवालाबीच पाँचओटा प्रमाणीकरण कार्याशालाको आयोजना गरिएको थियो । यसका साथै राष्ट्रियस्तरमा एउटा सल्लाहकार समिति गठन गरिएको थियो जसले अनुसन्धानको गुणस्तर सुनिश्चितताका लागि योजना तर्जुमा, प्रश्नावली निर्माण र कार्यान्वयनका क्रममा प्राविधिक सहयोग गरेका थियो ।

## अनुसन्धानका मुख्य निष्कर्ष

यस अनुसन्धानको निष्कर्ष नेपालका ७ वटा प्रदेशलाई प्रतिनिधित्व गर्ने १४ वटा जिल्लामा गरिएका ४९२ जनाबीच सर्वेक्षण, राजनीतिक नेतासँग लिइएका ८० गहन अन्तर्वार्ता, मुख्य जानकारीकर्तासँग लिइएका ४८ अन्तर्वार्ता र ७ वटा लक्षित समूह छलफल (९० सहभागी) र पाँच प्रमाणीकरण कार्यशालाका आधारमा निकालिएको हो । यो अनुसन्धानले नेपाली राजनीतिमा लैङ्गिक हिंसाको अवस्था निकै गम्भीर रहेको देखाएको छ । सर्वेक्षणका उत्तरदातामध्ये ९१ प्रतिशतले राजनीतिमा लैङ्गिक हिंसा व्यापकरूपमा रहेको बताएका छन् भने ६६ प्रतिशतले आफ्नो राजनीतिक जीवनमा एक वा सोभन्दा बढी किसिमका लैङ्गिक हिंसाको अनुभव गरेको बताएका छन् । यसका साथै राजनीतिकरूपमा सक्रिय सिमान्तकृत र लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायले लैङ्गिक हिंसा बढी भोगेको अनुसन्धानमा पाइएको छ । सर्वेक्षणमा सहभागिमध्ये ६१ प्रतिशतले आफ्नै पार्टीका सहकर्मीबाट लैङ्गिक हिंसा भोगेको अनुभूति गरेका छन् । उनीहरूका अनुसार चरित्र हत्या, क्षमताको अवमूल्यन गर्ने, अपमान, घृणायुक्त अभिव्यक्ति दिने, नेतृत्व अस्विकार गर्नु, यौन दुर्व्यवहार र भौतिक आक्रमण आदि लैङ्गिक हिंसाका मुख्य प्रकृति हुन् ।

यस अनुसन्धानका तथ्याङ्क अनुसार ८७ प्रतिशत उत्तरदाता सामाजिक सञ्जालको प्रयोग गर्छन् जसमध्ये २८ प्रतिशतले अनलाइन लैङ्गिक हिंसा भोगेका छन् । अनलाइन लैङ्गिक हिंसा राजनीतिक आबद्धताको स्तर, शिक्षा, उमेर, भूगोल र सामाजिक संरचना अनुसार फरक हुने गरेको छ । अनुसन्धानले अन्य समयको तुलनामा निर्वाचनको समयमा अनलाइन लैङ्गिक हिंसा उच्च हुने गरेको र यस समयमा विपक्षी वा प्रतिष्पर्धी राजनीतिक पार्टीका सदस्यबाट गलत सूचना र अपहेलनाजन्य वचन फैलाइने गरेको देखाएको छ । निर्वाचनकै समयमा सञ्चारमाध्यमले पनि तथ्य जाँच नगरिकन महिला र लैङ्गिक तथा अल्पसंख्यक राजनीतिकर्मीलाई अपमान गर्ने, दुर्व्यवहारपूर्ण शब्दको प्रयोग र कार्टुन बनाउने र झुठो समाचार फैलाउने गरेको पाइएको छ ।

यो अनुसन्धानले लैङ्गिक हिंसाको सन्दर्भमा प्रदेशबीचमा भिन्नता रहेको देखाएको छ । अन्य प्रदेशको तुलनामा मधेश प्रदेशमा राजनीतिकरूपमा सक्रिय महिलाले अनलाइन हिंसा कम (१९ प्रतिशत) भोग्ने गरेको पाइएको छ भने ९० प्रतिशतले प्रत्यक्ष रूपमा लैङ्गिक हिंसा भोगेको बताएका छन् । त्यसैगरी, हुम्ला जिल्लाका ५४ प्रतिशत उत्तरदाताले अनलाइन हिंसा भोगेको बताए ।

यो अनुसन्धानले अनलाइन र प्रत्यक्ष हुने लैङ्गिक हिंसाको नियन्त्रणका लागि नीतिगत व्यवस्था भए पनि ती नीतिको कार्यान्वयनमा कमजोरी रहेको देखाएको छ । नेपालमा साइबर कानुनको कार्यान्वयन अझै पनि ठूलो चुनौतीका रूपमा रहेको, केन्द्रिकृत प्रणालीबाट उजुरी दर्ता गर्नुपर्ने भएका कारण उजुरी दर्ता गर्नै निकै जटिल रहेको पाइएको छ । सर्वेक्षणमा

सहभागी अनलाइनमा लैङ्गिक हिंसा भोग्नेमध्ये २४ प्रतिशतले मात्रै आफूमाथि भएको अनलाइन लैङ्गिक हिंसाबारे उजुरी दिएको बताए । उनीहरूका अनुसार राजनीतिक पार्टीहरूमा लैङ्गिक हिंसाका घटना उजुरी गर्ने कुनै निश्चित संयन्त्र छैन । साथै सहभागीका अनुसार पार्टीले लैङ्गिक हिंसाका मुद्दालाई खासै महत्व दिने गरेका छैनन् र यस्ता मुद्दालाई औपचारिक प्रणालीमा लैजानुको साटो पार्टीभित्रै गोप्य राख्न वा मिलाउनका लागी दबाब दिने गरेको सहभागीहरूले बताएका छन् । अनुसन्धानले देखाएअनुसार राजनीतिमा हुने लैङ्गिक हिंसाले व्यक्तिगत र राजनीतिक जीवनमा अत्यन्तै प्रतिकूल भूमिका खेल्ने गर्छ । यसले राजनीतिमा सक्रिय महिला र लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायको शारीरिक र मानसिक स्वास्थ्य, नेतृत्व क्षमता र अवसरमाथि नराम्ररी प्रभाव पार्दछ । अनुसन्धानका सहभागीका अनुसार राजनीतिमा हुने लैङ्गिक हिंसाले असल शासन र समावेशी लोकतन्त्रसँग प्रत्यक्ष सम्बन्ध राख्छ र यसले लोकतन्त्रलाई कमजोर बनाउँदछ ।

## प्रमुख/मुख्य निष्कर्ष

यो अनुसन्धानबाट प्राप्त गुणात्मक र संख्यात्मक निष्कर्षलाई यो प्रतिवेदनको मुख्य भागमा समावेश गरिएको छ । अध्ययनको मुख्य निकर्षलाई यहाँ बुँदागतरूपमा उल्लेख गरिएको छ :

- ***मानव अधिकारको गम्भीर उल्लङ्घन :*** यस अनुसन्धानले राजनीतिमा हुने लैङ्गिक हिंसाले राजनीतिकरूपमा सक्रिय महिला र लैङ्गिक तथा यौनिक अल्पसंख्यक व्यक्तिको आत्मसम्मान र मर्यादालाई कमजोर बनाउँदै लगेको तथ्य पहिचान गरेको छ । अनलाइन लैङ्गिक हिंसाले राजनीतिकर्मी महिला र लैङ्गिक तथा यौनिक अल्पसंख्यक व्यक्तिको अभिव्यक्ति स्वतन्त्रता हनन् भएको छ । यसको उपज उनीहरूले आफ्ना अनलाइन अन्तर्क्रियालाई सीमित गर्दै आफूलाई 'स्व-बन्देज'मा राख्नु परेको छ यस्तो हुनु उनीहरूको संवैधानिक र कानुनी अधिकारको उल्लङ्घन र मानवअधिकारको गम्भीर हनन् हो ।

- ***'नेता' शब्दको पुरानो भाष्य :*** यो अनुसन्धानले देखाएअनुसार नेपाली राजनीतिक वृत्त र समाजमा प्रचलित 'नेतृत्व' शब्दले 'पुरूष'लाई मात्र नेता मान्ने जसरी व्याख्या गरिएको हुनाले यस भाष्यलाई 'समावेशी नेतृत्व' को भाष्यमा परिवर्तन गर्न आवश्यक भएको छ । 'पुरूष'लाई मात्र नेता मान्ने बुझाइले अन्तत महिला र लैङ्गिक तथा यौनिक अल्पसंख्यक व्यक्तिको क्षमता र दक्षतालाई कम आक्ने गर्छ । तसर्थ, नेतृत्वबारेको यो आम बुझाइलाई परिवर्तन गर्न एउटा बृहत छलफलको आवश्यकता छ । राजनीतिमा हुने लैङ्गिक हिंसाको निरन्तरतासँगै यदि नेतृत्वसम्बन्धी वर्तमान भाष्यलाई नै निरन्तरता दिने हो भने राज्य समावेशी लोकतन्त्रको निर्माणमा असफल हुँदै असमान र अन्यायपूर्ण समाजको निर्माणतर्फ धकेलिने देखिन्छ । समावेशी लोकतन्त्र र न्यायपूर्ण समाजको निर्माणका लागि संगठित महिलावादी नेतृत्व निर्माणको टड्कारो आवश्यकता छ ।

- ***सामाजिक मूल्य र मान्यताको रूपान्तरण र पुन :*** निर्माणको आवश्यकता : पितृसत्ताले सार्वजानिक र निजी दुवै क्षेत्रमा 'पुरूष'लाई निरपेक्ष प्राथमिकता दिन्छ भने महिला र अन्य लैङ्गिक तथा यौनिक अल्पसंख्यक व्यक्तिलाई नियन्त्रणमा राख्छ । महिला र लैङ्गिक तथा यौनिक अल्पसंख्यक व्यक्तिमाथि गरिने भेदभावपूर्ण मूल्य-मान्यता र प्रचलनलाई निरन्तर पुनःस्थापित गरिन्छ वा थोपरिन्छ, जसले उनीहरूलाई व्यवस्थितरूपमा क्रमशः पछाडि धकेल्दै लैजान्छ । अनलाइन र प्रत्यक्षरूपमा हुने लैङ्गिक हिंसालाई यसको उदाहरणका रूपमा लिन सकिन्छ जहाँ राजनीतिकरूपमा सक्रिय महिला र अन्य लैङ्गिक तथा यौनिक अल्पसंख्यक व्यक्तिमाथि व्यवस्थितरूपमा आक्रमण गर्ने र निरूत्साहित गर्ने कार्य हुने गरेका

छन् । यसले महिला र अन्य लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायको अनलाइन सञ्चारमाध्यममा हुने उपस्थिति र सहभागितालाई बर्जित नै गरेको पाइन्छ ।

- ***अन्तसंम्बद्धता हस्तक्षेप पूर्वशर्त :*** विभिन्न अनुसन्धानले देखाएअनुसार धेरै किसिमका असमानता सामूहिकरूपमा सञ्चालन हुने र क्रमशः बृद्धि हुँदै गरेको देखाएको छ । कुनै एउटा मानिसको व्यक्तिगत पहिचान उसको अर्को पहिचानमाथि थपिन जान्छ जसले गर्दा मिश्रित अनुभव र विभेदको सिर्जना गर्दछ । त्यसैले असमानताको गहिराइ बुझ्न बहुपहिचान भएका व्यक्तिको अनुभव र आवाज सुन्न अत्यन्तै आवश्यक हुन्छ । त्यसकारण राजनीतिमा महिलामाथि हुने हिंसालाई सम्बोधन गर्न लैङ्गिक अन्तसंम्बद्धतासहितको महिलावादी दृष्टिकोणमार्फत असमानताको मूल जरोविरूद्ध बोल्न र सकरात्मक कदम चाल्न अत्यन्तै आवश्यक छ ।

- ***कमजोर शासन र विधिको शासन :*** असमान सहभागिता र न्यायमा पहुँचको अभावले असल शासनलाई कमजोर बनाउने र विधिको शासनलाई अस्थिर बनाउने काम गर्छ । आवश्यक नीति नियम र संयन्त्रसहित कानुनको प्रभावकारी कार्यान्वयन प्रणालीद्वारा नै लैङ्गिक हिंसा जुन महिला र लैङ्गि तथा यौनिक अल्पसंख्यक व्यक्तिको आधारभूत अधिकारको हननको व्यापक रूप हो, त्यसलाई रोक्न सकिन्छ ।

- ***समावेशी लोकतन्त्रमाथिको खतरा :*** महिला र लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायमाथि अनलाइनमार्फत हुने हिंसाले सबै किसिमका आक्रमण, धम्की र जबरजस्ती आसदलाई समेट्छ । यस्ता कार्यले महिला र लैङ्गि तथा यौनिक अल्पसंख्यक समुदायलाई राजनीतिक र अन्य सामाजिक वृत्तबाट बहिस्करण गर्छ । अनलाइनमार्फत गरिने हिंसा संरचनागत, व्यवस्थित, बदनियतपूर्ण र राजनीतिकरूपमा अपनाइने रणनीति हो जुन राजनीतिकर्मी महिलाका लागि अवरोध र समावेशी लोकतन्त्रमाथिको खतरा हो । तसर्थ, राजनीतिकरूपमा सक्रिय महिला र लैङ्गि तथा यौनिक अल्पसंख्यक समुदायमाथि हुने लैङ्गिक हिंसाको डटेर सामना गर्नु नै लोकतान्त्रिक प्रणालीलाई मजबुद बनाउने एउटा मुख्य कडी हो ।

## सुझाबहरु

पर्पल फाउण्डेशनले यो अनुसन्धानबाट प्राप्त भएको तथ्यहरूको विश्लेषण र उत्तरदाताहरूका सुझावहरूका आधारमा नेपाली राजनीतिमा महिला र लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायविरूद्ध हुने अनलाइन र प्रत्यक्ष लैङ्गिक हिंसा अन्त्यका लागि संघर्ष गर्न र नेपालका अत्यन्तै कम प्रतिनिधित्व भएका समूहको राजनीतिक सहभागिताको माध्यमबाट समावेशी लोकतन्त्रलाई सबल बनाउनका लागि विभिन्न सरोकारवाला निकाय– तीनै तहका सरकार, राजनीतिक पार्टी, प्रविधिसँग सम्बन्धित कम्पनी र मिडियालाई केन्द्रित गरी केही सुझाब तयार परेको छ ।

**संघीय सरकारलाई सुझाब :**

- नेपालको संविधानले महिला, सिमान्तकृत र लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायका लागि सुनिश्चित गरेका अधिकार सुनिश्चित गरिनु पर्दछ । यसैगरी संवैधानिक अधिकार र नेपाल सरकारले हस्ताक्षर गरेका अन्तर्राष्ट्रिय महासन्धीले सुनिश्चित गरेको महिला र सिमान्तकृत समुदायको सामाजिक-राजनीतिक अधिकारसँग मेल नखाने संवैधानिक र कानुनी व्यवस्थाको समीक्षा गरी संशोधन गरिनुपर्छ ।

- विद्युतीय कारेबार ऐन, २०६३ को संशोधन गरी साइबर सुरक्षा र अनलाइन लैङ्गिक हिंसाविरूद्धको प्रावधानलाई स्पष्टरूपमा परिभाषित गरिनुपर्छ । यसका साथै अहिले काठमाडौंमा मात्रै रहेको साइबर ब्यूरोको शाखाहरू प्रदेशस्तरसम्म बिस्तार गरिनुपर्छ ।
- साइबर ब्यूरोलाई प्रभावकारीरूपमा सञ्चालन गर्न ब्यूरोमा क्रियाशील व्यक्तिहरूलाई उजुरी लिँदा गरिने व्यवहारबारे तालिम दिने र पीडितलाई मनोवैज्ञानिक परामर्श दिने मनोपरामर्शदाता समेत व्यवस्था गरी सञ्चालन गरिनुपर्छ ।
- सञ्चालनमा रहेका सामाजिक सञ्जाल कम्पनीलाई अनिवार्यरूपमा नेपालमा दर्ता गर्नु पर्ने गरी नीति-निर्माण गरिनुपर्छ ।

**स्थानीय सरकार (नगरपालिका र गाउँपालिका)लाई सुझाव :**

- साइबर ब्यूरो, लैङ्गिक विज्ञ र शिक्षा मन्त्रालयसँगको समन्वयमा महिला र लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायविरूद्ध हुने अनलाइन र प्रत्यक्ष लैङ्गिक हिंसाका सवालमा डिजिटल सुरक्षाका सवाललाई पनि समावेश गरी प्राथमिक विद्यालयदेखिकै पाठ्यक्रमको परिमार्जन गरिनुपर्छ ।
- महिला र लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायमाथि हुने लैङ्गिक हिंसा र त्यस्ता हिंसाको असरबारे चेतना जागरण हुने अभियानको निर्माण र कार्यान्वयन गर्नुका साथै डिजिटल शिक्षा र सुरक्षा कार्यक्रम स्थानीय तहसम्म बिस्तार गरिनुपर्छ ।

**राजनीतिक पार्टीलाई सुझाव :**

- पार्टीको घोषणापत्र र आन्तरिक पार्टीका नीतिहरू महिलावादी दृष्टिकोणबाट विश्लेषण गर्दै आवश्यकता अनुसार संशोधन गरिनुपर्छ । यसका साथै पार्टीको आन्तरिक प्रणाली, प्रशिक्षणका पाठ्यक्रम पनि सोहीअनुरूप परिमार्जन गरिनुपर्छ । पार्टी संरचनामा अनलाइन र प्रत्यक्षरूपमा हुने लैङ्गिक हिंसालाई सम्बोधन गर्ने र त्यस्ता घटनाबारे उजुरी दिने प्रभावकारी संयन्त्र स्थापना गरिनुपर्छ । सामाजिक विविधता, समावेशीकरण, लैङ्गिक समानताको समावेशी लोकतन्त्रसँगको सम्बन्धबारे पार्टीका कार्यकर्तालाई प्रशिक्षित गर्ने प्रशिक्षणको प्याकेज तयार गरी लागू गरिनुपर्छ ।
- सामाजिक मुद्दालाई राजनीतिक मुद्दाकै रूपमा स्वीकार गर्नुपर्छ र महिला, सिमान्तकृत र अल्पसंख्यक समुदायका मुद्दालाई सामाजिक रूपान्तरण र न्यायको एजेण्डालाई पार्टीले पहिलो प्राथमिकतामा राख्नुपर्छ ।
- राजनीति र अन्य सम्बन्धित क्षेत्रमा हुने लैङ्गिक हिंसाको विरूद्ध आवाज उठाउनका लागि संसदीय ककसको स्थापना गर्नुपर्छ । राजनीतिमा हुने गम्भीर प्रकृतिको लैङ्गिक हिंसा प्रभावितलाई सहयोग पुऱ्याउन 'सेफ्टी नेट'को वा एप्सको स्थापना गरिनुपर्छ जसले हिंसा प्रभावितलाई तत्कालीन र दिर्घकालनीरूपमा सहयोग पुऱ्याउन सक्छ ।

**निर्वाचन आयोगलाई सुझाव :**

- नेपालको संविधानले सुनिश्चित गरेको समावेशी सहभागीता भए/नभएको सवालमा नियमन र अनुगमन गर्नुपर्छ । आयोगले महिला र लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायको पक्षमा दिइएको सुझाबअनुरुप आचार संहिता अद्यावधिक गर्नुपर्छ र उमेद्वार र मतदाताका रूपमा उनीहरूका विशिष्ट आवश्यकता र अधिकार सुनिश्चित गरिनुपर्छ ।
- निर्वाचनको समयमा सामाजिक सञ्जाल, अनलाइन, छापा सञ्चारमाध्यम र निर्वाचन अभियानको प्रभावकारी अनुगमन गर्नुपर्छ । निर्वाचन आचार संहिता उल्लंघन भएको अवस्थामा उजुरी दर्ता गर्ने सहज र प्रभावकारी प्रणाली स्थापना गर्नुपर्छ ।

**प्रविधिसम्बन्धी कम्पनी (विशेषगरी सामाजिक सञ्जाल प्लेटफर्म) :**

- फेसबुक, यूट्यूबजस्ता कम्पनीहरूले नेपाल सरकार र साइबर ब्यूरोसँगको समन्वयमा देशमा कार्यालय स्थापना गर्नुपर्छ र ती कम्पनीमा बलियो, सहज र अनलाइन उजुरी गर्नका लागि सहजै पहुँच पुग्ने संयन्त्रको व्यवस्था गर्नुपर्छ ।
- ती कम्पनीले नेपाली भाषामा नै व्यवहार गर्न सक्ने विशेषज्ञतासहितको सामग्री र विषयवस्तुमा काम गर्न सक्ने अनिवार्य व्यवस्था गर्नुपर्छ ।

**मिडिया (छापा, टेलिभिजन, अनलाइन आदि)लाई सुझाव :**

- लैङ्गिक जवाफदेहीतासहितको सामग्री, फोटो र भाषाको प्रबर्द्धन गर्नुपर्छ र तथ्यजाँच गर्नुपर्ने गरी सम्पादकीय निर्देशिका बनाउनु पर्छ । चर्चाका लागि गरिने, यौनिकता र अतिरञ्जनासहितका सामग्रीको नियन्त्रण र नियमन गर्नुपर्छ र नैतिक मूल्य मान्यतासहितको पत्रकारिताको परिपालना गर्नुपर्छ ।

**नागरिक समाज, परिवार/समाज र व्यक्तिका लागि सुझाव :**

- डिजिटल अधिकार शिक्षा प्रदान र प्रबर्द्धन गर्ने, लैङ्गिक हिंसा र समावेशी लोकतन्त्रसँग यसको सम्बन्ध र प्रभावका सवालमा विभिन्न आयामबाट थप अनुसन्धान गर्नुपर्छ ।
- महिला र लैङ्गिक तथा यौनिक अल्पसंख्यक तथा सिमान्तकृत समुदायका राजनीतिकर्मीलाई पितृसत्तात्मक मूल्य-मान्यतामा आधारित भएर कमजोररूपमा लिइने काम बन्द गरिनुपर्छ र 'हिंसा प्रभावित व्यक्तिलाई नै दोषारोपण गर्ने र लज्जित तुल्याउने' र उनीहरूलाई शारीरिक बनौट, यौनिकता र पृष्ठभूमिका आधारमा मूल्याङ्कन गरिने प्रवृत्तिको अन्त्य गरिनुपर्छ । राजनीतिमा आफूहरूविरूद्ध हुने लैङ्गिक हिंसासँग सम्बन्धित यस्ता घटना कानुनी उपचारका लागि दर्ता गर्नुपर्दछ र यस्तो अवस्थामा राजनीतिमा सक्रिय महिला र सिमान्तकृत समुदायले सहयोगका लागि 'ससक्त आवाज' उठाउनु पर्छ ।

## १. परिचय

नेपाली राजनीतिमा सताब्दिऔंदेखि व्यापकरूपमा लैङ्गिक हिंसा भइरहेको छ । प्रविधिको विकाससँगै प्रयोगमा आएका फेसबुक, ट्वीटर र टिकटकजस्ता मिडिया प्लेटफर्म (मञ्च) नेपालका साथै विश्वव्यापीरूपमै महिला र लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायविरूद्ध गलत सूचना र घृणायुक्त अभिव्यक्ति दिने स्थानमा रूपान्तरित भएको छ । हिजोआज धेरैजसो राजनीतिक बहस अनलाइनमा हुने गरेको छ भने समाचारको प्राथमिक स्रोतका लागि पनि सामाजिक सञ्जालमै भर पर्ने संख्या बढ्दै गइरहेको छ । यसैगरी आफ्नो निर्वाचन क्षेत्रसम्म पहुँच बिस्तारका लागि राजनीतिक नेतृत्व पनि यस्तो प्लेटफर्मको प्रयोग गर्ने क्रम बढ्दो छ । यसको परिणामस्वरूप निर्वाचनको प्लेटफर्मका स्वरूप पनि परिवर्तन हुँदै गइरहेका छन् । तर यो सँगै Dustin Carnahanले भनेझैं यस्ता प्लेटफर्महरू "*इन्फोडेमिक* (infodemic)"[२०]को स्रोत पनि बन्दै गइरहेका छन् र बाह्य पक्षबाट हुने 'सूचना हेरफेर'को माध्यमबाट जोखिम बढाइरहेका छन् । राजनीतिक समाचार र सन्देश अनलाइनमा पुगिरहेका छन्, यसले कसरी सूचना निर्माण हुन्छन्, कसरी बदलिन्छन् र प्रभावित गरिन्छन् भन्ने कुराले अहिलेको परिवेशलाई चुनौती दिइरहेको छ । यसैगरी राजनीतिक सहभागितामा सामाजिक सञ्जालको प्रभाव अत्यन्तै गहिरो रहेको छ । तर, राजनीतिमा संलग्न महिलाविरूद्ध हुने अनलाइन लैङ्गिक हिंसाले भने गम्भीर असर गरिरहेको छ : यसले स्वतन्त्रतापूर्वक बोल्न पाउने अधिकारलाई बाधा पुऱ्याइरहेको छ, लोकतान्त्रिक मूल्य मान्यता र सिद्धान्तलाई कमजोर बनाइरहेको छ, र विशेषगरी युवा महिला र लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायको वर्तमान र भविष्यको राजनीतिक महत्वकांक्षामाथि गम्भीर नकारात्मक असर पारिरहेको छ ।

> *"फेसबुकमा दैनिकरूपमा करिब ३०० मिलियन नयाँ फोटो राखिन्छन् भने ट्वीटरमार्फत प्रतिसेकेण्ड छहजार ट्वीट गरिन्छ । सबैभन्दा लोकप्रिय युट्यूब च्यानलमा प्रतिहप्ता १४ मिलियन दर्शक पुग्छन् जबकि सन्देश प्रवाह गर्ने एप टेलिग्रामका प्रयोगकर्ता ५00 मिलियनभन्दा धेरै हुने गर्छन् । यस्ता माध्यमहरू अस्थिरता प्रबर्द्धन गर्ने, राजनीतिक द्वन्द्व प्रसार गर्ने र हिंसालाई आमन्त्रण गर्ने प्लेटफर्मका रूपमा प्रयोग भइरहेका छन् ।"*
>
> *Stimson, July 2022.*

नेपालमा राजनीतिक प्रदुषणका कारण व्यक्तिलाई जोखिमतर्फ धकेल्न सहयोग गरिरहेको छ भने निर्वाचनको समयमा व्यक्तिको प्रतिष्ठालाई नै बदलिदिन योगदान पुऱ्याइरहेको छ । अनलाइन प्लेटफर्ममार्फत थाहै नभएका अफवाह फैलाउने वा घृणायुक्त अभिव्यक्ति वा गलत र भ्रामक सूचना फैलिएका कारण महिला राजनीतिकर्मी र राजनीतिमा संलग्न लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायमाथि गम्भीर किसिमको नाकरात्मक असर परिरहेको छ । विशेषगरी यस्ता माध्यमबाट उनीहरूविरूद्ध धेरैजसो गलत सूचना र घृणायुक्त अभिव्यक्ति फैलाइने गरिएको छ । सामान्यतया, महिला र लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायका राजनीतिकर्मीले निर्वाचनपूर्व, निर्वाचनको समय र निर्वाचन पनि यस्ता गलत र भ्रमपूर्ण सूचनाका साथै घृणायुक्त अभिव्यक्तिका कारण गम्भीर पीडाका सामना गरेका छन् । उनीहरूविरूद्ध हुने यस्ता गलत र भ्रमपूर्ण सूचना र घृणायुक्त अभिव्यक्तिले लोकतान्त्रिक अभ्यास र मूल्य मान्यतालाई कमजोर बनाउन चुनौती दिने गरेको छ । यस्ता गलत र भ्रामक सूचना र घृणायुक्त अभिव्यक्तिले लोकतान्त्रिक अभ्यास र मूल्य मान्यतालाई धरासायी बनाउँछ भने सिमान्तकृत समुदायका राजनीतिक नेतृत्व (जस्तै : महिला र लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदाय)लाई अझै कमजोर बनाउँछ । सोही तथ्यलाई मध्यनजर गर्दै पर्पल फाउण्डेशनले युएसएड र एनडीआई नेपालको प्राविधिक र आर्थिक सहयोगमा यो अनुसन्धान गरेको हो ।

---

२० https://www.lansingcitypulse.com/stories/the-other-pandemic-misinformation-thrives-in-the-shadow-of-covid-19,14440


## २. अध्ययन विधि

यो अनुसन्धानको मुख्य उद्देश्य राजनीतिमा महिला र लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायविरूद्ध हुन अनलाइन र प्रत्यक्ष लैङ्गिक हिंसाबारे जानकारी हासिल गर्ने र त्यस्ता हिंसाको अन्त्यका लागि आगामी दिनमा नेपालले लिनुपर्ने नीति र कार्यक्रमको खाका तयार पार्न सहयोग गर्नु हो । विशेषगरी यो अनुसन्धानका उद्देश्य निम्नानुसार छन् :

- नेपालको राजनीतिमा महिला र लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायविरूद्ध अनलाइनमा कुन तह र घृणायुक्त अभिव्यक्ति र गलत तथा भ्रामक सूचना (अनलाइन लैङ्गिक हिंसामा केन्द्रित रहेर) हुने गर्दछ र यसले उनीहरूमाथि कस्तो असर गर्छ भन्ने पत्ता लगाउने ।
- नेपालको राजनीतिमा सक्रिय महिला र लैङ्गिक र यौनिक अल्पसंख्यक समुदायमाथी लिङ्गका आधारमा हुने हिंसाले राजनीतिक सहभागिता र प्रतिनिधित्वमा कस्तो प्रभाव पार्छ भन्ने खोजी गर्ने ।
- यी मुद्दालाई सम्बोधन गर्न नेपालका नीति निर्माता र राजनीतिक पार्टीहरूलाई नीति र व्यवहारिक सुझाव प्रदान गर्ने ।

पर्पल फाउण्डेशनले यो अनुसन्धानको जटिलतालाई ध्यान दिँदै यो मुद्दाको स्तर र विषयवस्तुको गहिराइ बुझ्न अनुसन्धानका लागि मिश्रित विधि अपनाएको छ । यो अनुसन्धानमा संख्यात्मक विधि, सर्वेक्षण र सहभागीतामुलक गुणात्मक विधि जस्तै : लक्षित समूहगत छलफल, गहन अन्तार्वार्ता, मुख्य जानकारीकर्तासँगको अन्तर्वार्ता र घटना अभिलेखिकरणको प्रयोग गरिएको छ । यसका साथै अनुसन्धान समूहले सामाजिक सञ्जालको अवलोकनका साथै उपलब्ध सन्दर्भ सामाग्रीको समीक्षा पनि गरेको छ । सर्वेक्षणमा सहभागीको छनौटका लागि विभिन्न तहमा 'बहु-चरण नमुना समूह छनौट (मल्टिस्टेज क्लस्टर स्याम्पलिङ)' विधिको प्रयोग गरिएको छ । यद्यपि, गहन अन्तर्वार्ताका लागि 'उद्देश्यमूलक नमुना छनौट (पर्पोसिभ स्याम्पलिङ)' विधिको प्रयोग गरिएको हो । यो अनुसन्धान राजनीतिकरूपमा सचेत नेतृत्व र प्रशिक्षित अनुसन्धानकर्ताको संलग्नतामा गरिएको हो । यो अनुसन्धानमा आवाज, समावेशीकरण र विविधताको सिद्धान्तलाई अनुसरण गर्दै विभिन्न लिङ्ग, उमेर, जातजाति, र भौगोलिक क्षेत्रको सहभागीता सुनिश्चित गरेको छ । यो अनुसन्धान नेपालका १४ ओटा जिल्लालाई समेटेर गरिएको हो (चित्र नं. १) ।[२१] यो अनुसन्धानमा नैतिक मूल्यको विषय : जस्तै गोपनियता र

**चित्र १ : अनुसन्धान क्षेत्र (जिल्ला)**




२१ This research has covered two districts per province, representing the hills, mountains, and Terai regions.

अनुमतीका साथै आघात-सूचित अन्तर्वार्तालाई पनि आधारभूत सिद्धान्त मानिएको छ ।[२२] अनुसन्धान समूहले अनुसन्धानका सम्पूर्ण काममा सबै किसिमका सुरक्षा नीतिको परिपालना गरेको छ । यसका साथै अनुसन्धान समूहले कोभिड-१९ को संक्रमण फैलिनबाट रोक्नका लागि पनि पूर्ण सावधानी अपनाएको छ ।[२३]

## २.१ अनुसन्धान विधि

महिला र लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायका राजनीतिकर्मीविरूद्ध हुने अनलाइन र अन्य किसिमका लैङ्गिक हिंसाबारे बुझ्नका लागि अनुसन्धान समूहलाई विभिन्न विधि प्रयोग गरिएको थियो । ती विधिबारे बिस्तृतरूपमा तल चर्चा गरिएको छ ।

### पूर्वप्रकाशित साहित्य वा सन्दर्भ सामाग्रीको समीक्षा

महिला र लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायविरूद्ध हुने हिंसाको वर्तमान स्थानीय र विश्वव्यापी सन्दर्भबारे बुझ्नका लागि वेवसाइटसहित विभिन्न माध्यममा प्रकाशित भएका सामग्रीको समीक्षा र विश्लेषणका आधारमा यो अनुसन्धान गरिएको छ । यसको अतिरिक्त लैङ्गिक हिंसासँग सम्बन्धित अन्तर्राष्ट्रिय महासन्धी, राष्ट्रिय कानुनी व्यवस्था, ऐन, नीति प्रतिवेदन, प्राज्ञिक प्रकाशन र जर्नलमा प्रकाशित लेख आदिको समीक्षा, तुलनात्मक अध्ययन र विश्लेषण गरिएको छ । यद्यपि, नेपालको राजनीतिमा महिला र लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायविरूद्ध हुने अनलाइन र प्रत्यक्ष हिंसासँग सम्बन्धित अध्ययन अनुसन्धान भने अत्यन्तै सीमित मात्रामा रहेको पनि यही अनुसन्धानका क्रममा थाह पाइएको छ ।

### संरचनागत प्रश्नावलीमा आधारित सर्वेक्षण

यो अनुसन्धानका लागि आवश्यक प्राथमिक तथ्याङ्क संकलनका लागि एउटा वा एउटाभन्दा बढी उत्तर छनौट गर्न मिल्ने गरी जम्मा ४८ ओटा प्रश्नहरू संरचनागत सर्वेक्षणको प्रश्नावलीमा समावेश गरिएको थियो । सोही प्रश्नावलीका आधारमा अनुसन्धान समूहले राजनीतिकरूपमा सक्रिय महिला र लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायका जम्मा ४९२ जनासँग प्रत्यक्षरूपमा सर्वेक्षण गरेको थियो । यसरी सर्वेक्षणमा सहभागी गराइएका व्यक्ति छनौटका लागि लैङ्गिक अन्तर्सम्बद्धताको अवधारणालाई अवलम्बन गरेको थियो । सर्वेक्षणका लागि उत्तरदाता छनौट गर्दा सामाजिक समूहको विविधता, राजनीतिक पार्टी, तह, शैक्षिक स्तर, उमेर समूह, राजनीतिक संलग्नताको प्रकृत्तिलाई ध्यान दिइएको थियो । यसरी सर्वेक्षणमा सहभागीको छनौट गर्दा महिला र लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदाय सदस्य रहेको राजनीतिक पार्टीका साथै राज्यका विभिन्न तहमा निर्वाचनमा उमेद्वारी दिएका वा पार्टीभित्रै कुनै पदका लागि भएका निर्वाचनका सहभागीलाई अध्ययनको क्षेत्र बनाएर कुनै निश्चित व्यक्ति किटान गरेर नभइ बहुचरण नमुना समूह छनौट विधि अपनाइएको थियो । सर्वेक्षणको तथ्याङ्क संकलन र भण्डारणका लागि कोबो विधिको प्रयोग गरिएको थियो ।

### गहन अन्तर्वार्ता

अनसन्धानका क्रममा महिला र लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायका राजनीतिकर्मीसँग आवश्यक गुणात्मक तथ्याङ्क संकलनका लागि गहन अन्तर्वार्ता गरिएको थियो । अर्ध-संरचनाकृत प्रश्नावलीमा आधारित ती अन्तर्वार्ताबाट लैङ्गिक हिंसाबारे उनीहरूको

२२ For example, all data, photographs, stories will be taken with written consent and the confidentiality of the information will be fully maintained.

२३ Safeguarding policy contains zero tolerance against any kind of abuse, exploitation, discrimination to ensures the rights of every individual's safety, wellbeing and dignity including child. Masks, sanitizer, face shields, gloves will be used and will make sure all the staff persons are vaccinated and COVID-19 tested.

दृष्टिकोण र अनुभव बुझ्ने प्रयास गरिएको थियो । यस्ता अन्तर्वार्ताका लागि वडा, जिल्ला, प्रदेश र संघीय तहका व्यक्तिहरू छनौट गरिएको थियो । विशेषगरी उद्देश्यमुलक नमुना छनौटका आधारमा प्रत्येक जिल्लाभित्रका दुईओटा गाउँपालिका/नगरपालिका, एउटा जिल्ला सदरमुकाम र एउटा जिल्ला सदरमुकामसँग सिमाना नजोडिएको स्थानलाई छनौट गरिएको थियो । यसरी छानिएका सहभागीलाई उनीहरूको राजनीतिक सहभागीता, तह, भूगोल, जात, उमेर र शिक्षाका आधारमा वर्गीकृत गरिएको थियो । यो अनुसन्धानका लागि ८० जनासँग गहन अन्तर्वार्ता गरिएको थियो ।

### मुख्य जानकारीकर्तासँगको अन्तर्वार्ता

राजनीतिक विश्लेषक, पत्रकार, नागरिक समाजका अगुवा, महिला मानवअधिकारकर्मी, सरकारी अधिकारी र प्राज्ञिक व्यक्तित्व आदि, जसले राजनीतिक प्रक्रियालाई नजिकबाट नियाली रहेका छन् तर प्रत्यक्षरूपमा कुनै पार्टीमा आबद्ध छैनन् त्यस्ता व्यक्तिलाई मुख्य जानकारीकर्ताका रूपमा अन्तर्वार्ता गरिएको थियो । राजनीतिमा महिला हिंसाका सवालमा उनीहरूको दृष्टिकोण बुझ्नका लागि गरिएका त्यस्ता अन्तर्वार्ता अर्ध-संरचनाकृत प्रश्नका आधारमा गरिएको थियो जसबाट अनुसन्धानका लागि गुणात्मक तथ्याङ्क संकलन गरिएको थियो । यस्ता अन्तर्वार्ताले अनुसन्धान समूहलाई विभिन्न तहमा महिलामाथि हुने हिंसाबारे उनीहरूको दृष्टिकोण बुझ्न सहयोग पुगेको थियो । यस्ता सहभागीको लैङ्गिक हिंसाबारे विचार बुझ्न र अहिलेको अनलाइन हिंसाको प्रवृत्ति अवस्थाबारे बुझ्नमा एक किसिमको सहमती गर्न *लिकर्ट स्केल* (*Likert scale*)[२४]को प्रयोग गरिएको थियो । यो अनुसन्धानका लागि छनौट गरिएका क्षेत्रबाट जम्मा ४८ जनासँग मुख्य जानकारीकर्ताको रूपमा अन्तर्वार्ता लिइएको थियो जसमध्ये २१ जना पुरूष र ४ जना लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायको सहभागिता थियो ।

### लक्षित समूहगत छलफल

यो अनुसन्धानका क्रममा सातओटा लक्षित समूहगत छलफल गरिएको थियो । ती छलफलमा विभिन्न राजनीतिक पार्टी, नागरिक समाज र मिडियाबाट महिला, पुरूष र लैङ्गिक तथा यौनिक अल्पसंख्यक गरी ९० जना सहभागी भएका थिए ।[२५] यसका साथै राजनीतिक पार्टीमा हुने लैङ्गिक हिंसाको अनुभवलाई गहिरिएर बुझ्नका लागि घटनाहरूको पनि अध्ययन र अभिलेखिकरण गरिएको थियो । गहन अन्तर्वार्ता र लक्षित समूह अन्तर्वार्ताका सहभागीको सहयोगमा ती घटना पहिचान गरिएको थियो । ती घटनाले अनलाइन र प्रत्यक्षरूपमा हुने लैङ्गिक हिंसाको प्रकृति, त्यस्ता घटनामा गरिएको व्यवहारिक अनुभव, कानुनी कारबाहीका प्रक्रिया, राजनीतिक दलभित्रको संयन्त्र र यसको व्यक्तिगत र राजनीतिक तहमा भएको प्रभावजस्ता विषयमा तथ्यगत जानकारी लिइएको थियो ।

### सामाजिक सञ्जालका विषयवस्तुको समीक्षा

फेसबुक र ट्वीटरजस्ता सामाजिक सञ्जालमा कस्ता सामग्री पोष्ट हुने गरेका छन् भन्नेबारे जान्नका लागि अनुसन्धानमा संलग्न समूहले स्थानीय निर्वाचन २०७९ को समयमा धेरै संख्यामा पहुँच (फलोअर) भएका आठजना प्रमुख राजनीतिक नेताले पोष्ट गरेका सामग्रीको अध्ययन पनि गरिएको थियो । यसरी संकलन गरिएको सूचनालाई एउटा नेपाली गैरसरकारी संस्था पानस साउथ एशियाको सामाजिक सञ्जाल मिडिया अनुगमन प्रतिवेदनमार्फत वैधता दिलाइएको थियो । महिला राजनीतिकर्मीविरूद्ध प्रयोग हुने शब्दावली, घृणायुक्त अभिव्यक्ति र

२४ The Likert scale is a five (or seven) point scale which is used to allow the individual to express how much they agree or disagree with a particular statement.

२५ Biratnagar, Janakpur, Kathmandu, Pokhara, Butwal, Surkhet, Dhangadi

गलत वा भ्रमपूर्ण सूचना आदि दस्तावेजीकरण गरिएको थियो र त्यसलाई गहन अन्तर्वार्ताका सहभागीमार्फत पुनःजाँच गरिएको थियो । अनुसन्धान समूहले महिला र लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायविरूद्ध विभिन्न अनलाइन समाचार पोर्टलले प्रकाशित गरेका सामग्रीको पनि समीक्षा गरेको थियो । यसमा थप पानस साउथ एशियाले सामाजिक मिडिया अनुगमन रिपोर्टमा कसरी ती शब्दावली प्रयोग, बिस्तार र प्रमाणित गरिएको थियो भन्ने विषयमा जान्नका लागि अनुसन्धान समूहले केही महिला उमेद्‌वारको फेसबुक पेज र ट्वीटरको पनि निर्वाचनका क्रममा निश्चित समयावधिका लागि अध्ययन गरेको थियो । प्रायजसो प्रयोग भएका त्यस्ता शब्दावलीको अनुसूची (ख)मा समावेश गरिएको छ ।

## २.२ अनुसन्धानको सीमा

यो अनुसन्धानको ढाँचा कोभिड-१९ को अवधिमा तयार पारी कार्यान्वयन गरिएको हो । त्यसकारण, स्थलगत अध्ययनका लागि स्थलगत अनुसन्धानकर्तालाई विद्युतीय माध्यमबाटै तालिम दिइएको थियो । यद्यपि, अध्ययन सुरू भएपछि अनुसन्धानकर्ताको आत्मबल बढाउन र भइरहेको अनुसन्धानको गुणस्तर सुनिश्चितताका लागि अनुसन्धान विज्ञहरू अनुसन्धान गरिएका क्षेत्रमा पुगेका थिए र अनुसन्धानकै क्रममा स्थलगत अनुसन्धानकर्तालाई सहयोग गरेका थिए । यो अनुसन्धानले सात प्रदेशभित्रका तीनओटै भौगोलिक क्षेत्र (हिमाल, पहाड र तराई) समेटेको थियो । यसका साथै यो अनुसन्धानले १४ जिल्ला, सातओटै प्रदेश राजधानी संघीय राजनधानीलाई पनि समावेश समेटेको थियो । यो अनुसन्धान छनौट गरिएका अध्ययन क्षेत्र र अनुसन्धानका नमुनामा सीमित छन्, त्यसकारण यसले बृहत जनसंख्याको प्रतिनिधित्व नगर्न सक्छ । यहाँ प्रस्तुत गरिएका निष्कर्षलाई वैधानिकीकरणका आधारमा यहाँका प्राप्त गरिएका तथ्यलाई सामान्यीकरण गर्न सकिन्छ भन्ने अपेक्षा राखिएको छ ।

## २.३ गुणस्तर सुनिश्चितता

अनुसन्धानको प्रारूप तयार पर्दा र आवश्यक अनुसन्धानका विधि तय गर्दा, तथ्यको भण्डारण र तिनको विश्लेषण गर्दा अनुसन्धानको गुणस्तर सुनिश्चित गर्ने सवाललाई उच्च प्राथमिकता दिइएको थियो । अनुसन्धान समूहलाई अनुसन्धानका विधि र प्रक्रियाबारे तालिम प्रदान गरिएको थियो भने स्थालगत अध्ययनका क्रममा निरन्तररूपमा अनुसन्धानका वरिष्ट टोलीले अनुगमन र सहयोग पुऱ्याएका थिए । यसको अतिरिक्त यो समूहले अनुसन्धान सल्लाहकार समूहसँग पनि काम गरेका थियो, जुन समूहले सुरूआतदेखि नै अनुसन्धानको गुणस्तरीयता सुनिश्चित गर्नका लागि सहयोग गरेको थियो ।साथै अध्ययनबाट प्राप्त तथ्यको वैधानिकीकरणका लागि आयोजना गरिएका कार्यशालाले पनि अनुसन्धानको प्राथमिक परिणाममा सुझाब दिएर अनुसन्धानको गुणस्तर सुनिश्चित गर्न निकै महत्वपूर्ण भूमिका खेलेको थियो ।

अनुसन्धानको गुणस्तर सुनिश्चित गर्न र आवश्यक प्राविधिक सहयोग पुगोस् भन्ने उद्देश्यले एउटा अनुसन्धान सल्लाहकार समिति गठन गरिएको थियो । उक्त सल्लाहकार समितिले अनुसन्धान आचारसंहिता, अनुसन्धानको उद्देश्य, विधि र तथ्याङ्क संकलन सुरू हुनुभन्दा पहिलेको परिस्थितिका साथै अनुसन्धानबाट प्राप्त प्रारम्भिक नतिजाको समीक्षा र आवश्यक प्राविधिक सहयोग प्रदान गरेको थियो । सल्लाहकार समितिमा प्रमुख राजनीतिक पार्टीका प्रतिनिधि[२६], राष्ट्रिय मानवअधिकार आयोगका सदस्य, राष्ट्रिय दलित अयोग, महिला, बालबालिका र समाज कल्याण मन्त्रालय, संघीय मामिला मन्त्रालय र लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायका प्रतिनिधि समावेश गरिएको थियो ।

[२६] Nepali Congress, Nepal Communist Party United Marxist and Leninist (UML), Nepal Communist Party (Maoist) center, Janata Samajbadi Party (JASAPA)

अनुसन्धानको प्रारम्भिक नतिजाको विश्लेषण गरिसकेपछि संघ र प्रदेश सम्बन्धित सरोकारवालासँग छलफल गरी प्राप्त नतिजालाई वैधानिकता दिन पाँचओटा कार्याशाला आयोजना गरिएको थियो (परामर्श कार्याशालाका फोटोहरू असूचि (घ) मा हेर्न सक्नुहुन्छ) । यो अनुसन्धान प्रतिवेदनलाई अन्तिम रूप दिने क्रममा ती कार्यशालाबाट प्राप्त टिप्पणीलाई गम्भीरतापूर्वक समेटिएको थियो । ती कार्यशाला लैङ्गिक हिंसाबारे अनुसन्धानमा सहभागी उत्तरदाताको विचार बुझ्न र पुष्टी गर्न र अनुसन्धानबाट प्राप्त नतिजाप्रति राजनीतिक स्वामित्व प्राप्त गर्नका लागि निकै महत्वपूर्ण थिए । काठमाडौं, विराटनगर, जनकपुर, पोखरा र नेपालगञ्जमा आयोजना गरिएका ती कार्यशालामा १४६ पुरूषसहित ३६५ जना विभिन्न राजनीतिक पार्टी, नागरिक समाज, मिडिया र लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायको सहभागीता रहेको थियो ।

## ३. नेपाली राजनीतिमा महिला र लैङ्गिक तथा यौनिक अल्पसंख्यकको सहभागीता

नेपालमा राजनीतिक र सामाजिक रूपान्तरणको विशिष्ट किसिमको इतिहास छ । राणा शासनको अन्त्य र देशमा सार्वभौमसत्ताको पुनस्थापनादेखि संवैधानिकरूपमा बहुदलीय लोकतन्त्रलाई आत्मसात गर्दै गणतन्त्रात्मक व्यवस्थासम्म आइपुगेको छ, यसरी राजनीतिक रूपान्तरणको विभिन्न कोशेढुङ्गा पार गर्दै नेपालको राजनीति यहाँसम्म आइपुगेको हो । विभिन्न प्रतिकुल परिस्थितिका बाबजुत नेपालका महिलाले हरेक राजनीतिक कालखण्डमा निकै महत्वपूर्ण भूमिका निर्वाह गरेका छन् । नेपालका महिलाले राणा शासनकालमै योगमाया न्यौपाने (१८६०-१९४१)को नेतृत्वमा राजनीतिक अभियान सुरु गरेका थिए । उनीहरूले शान्तिपूर्ण राजनीतिक आन्दोलनबाट सशस्त्र युद्ध र आफ्ना पुरुष राजनीतिक समकक्षीसँग संसदीय प्रतिस्पर्धी गरेर वि.सं. २००७ सालबाट देश लोकतान्त्रिक बाटोमा अगाडि बढेदेखि नै महिलाले आफ्नो राजनीतिक अग्रसरतालाई निरन्तर कायम राखिरहेका छन् ।[२७] महिला अधिकारको आन्दोलन त्यतिबेलादेखि नै निरन्तररूपमा अगाडि बढिरहेको हो भने वि.सं. २०४७ मा प्रजातन्त्र पुनःस्थापना भएपछि अझ सशक्तरूपमा अगाडि बढेको छ ।

वि.सं. २००७ पछिका सात दशकमा महिलालाई राजनीतिक प्रक्रिया र राजनीतिक संस्थाहरूमा समावेश गराउनका लागि नेपालले समावेशी नीतिको विकास गर्न सुरू गरेको थियो । देशमा भएका राजनीतिक परिवर्तनसँगसँगै केही उल्लेखनीय उपलब्धी प्राप्त भएका छन् । वि.सं. २०४७ को संविधान (धारा ११४)ले संसदीय निर्वाचनमा सहभागी सबै राजनीतिक पार्टीहरूले कम्तीमा पाँच प्रतिशत महिला उमेद्वार अनिवार्यरूपमा बनाउनै पर्ने संवैधानिक व्यवस्था गऱ्यो । नेपालको अन्तरिम संविधान, २०६३ ले पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीअन्तर्गत निर्वाचनमा उमेद्वारी दिँदा समावेशी सिद्धान्तका आधारमा उमेद्वारी दिनै पर्ने व्यवस्था गऱ्यो (धारा ६३ (४) । यसैगरी समानुपातिक प्रणालीअन्तर्गत राजनीतिक पार्टीहरूले निर्वाचनसम्बन्धी कानुनबमोजिम सिमान्तीकरणमा पारिएका विभिन्न समूह जस्तै : महिला, आदिवासी जनजाति, मधेसी, पिछडिएको क्षेत्र र समुदायको समानुपातिक प्रतिनिधित्व हुनेगरी उमेद्वारको सूचि तयार पार्नै पर्ने व्यवस्था भयो ।[२८] यसैगरी अन्तरिम संविधानको धारा ६३(५)ले पहिलो हुने निर्वाचित हुने र समानुपातिक निर्वाचन प्रणालीमार्फत महिलाको कम्तीमा ३३ प्रतिशत प्रतिनिधित्व हुनै पर्ने व्यवस्था गऱ्यो । संविधानसभा सदस्य निर्वाचन ऐन, २०६४ (धारा ७)मा भएको व्यवस्थालेसंविधान निर्माण गर्ने संविधानसभालाई समावेशी बनाउने एउटा अग्रगामी कदम अगाडि बढ्यो ।[२९] यसैको परिणामस्वरूप वि.सं. २०६४ को संविधानसभाको निर्वाचनबाट करिब ३३ प्रतिशत महिला निर्वाचित भए ।[३०] समानुपातिक प्रतिनिधित्वको परिणामलाई पनि मिलाउँदा महिलाको प्रतिनिधित्व ४०.४ प्रतिशत पुग्यो । महिलाको यस्तो प्रतिनिधित्वले वि.सं. २०७२ मा जारी गरिएको संविधानमा समावेशी जनादेशलाई समावेश गराउनका लागि निकै महत्वपूर्ण भूमिका खेल्यो ।

नेपालको संविधान, २०७२ ले महिला र अन्य अल्पसंख्यक समुदायको कानुनी अधिकार सुनिश्चित गर्न र समान अधिकार सुनिश्चित गर्दै अगाडि बढ्नका लागि मार्ग प्रशस्त गर्ने काम गरेको छ । संविधानको धारा ३८ ले "महिलाको अधिकार" सुनिश्चित गरिएको छ भने धारा ४०

---

२७ https://www.researchgate.net/publication/340779432_Nepali_Women_in_Politics_Success_and_Challenges

२८ https://www.lawcommission.gov.np/en/wp-content/uploads/2021/01/Election-Commission-Act-2073-2017.pdf

२९ https://www.ndi.org/nepal-women-fight-to-maintain-seats-in-parliament

३० ibid

मा "दलितको अधिकार" र धारा ४२ मा "समाजिक न्यायको अधिकार" सुनिश्चित गरिएको छ ।[३१] राजनीतिक पार्टीसम्बन्धी ऐन, २०७३ ले समावेशी नेतृत्व निर्माण गर्नुपर्ने कुरामा जोड दिएको छ । यसैगरी उक्त कानुनी दायित्व पूरा गर्न प्रमुख राजनीतिक पार्टीहरूले पनि प्रतिबद्धता जनाएका छन् । संविधानले बहिस्करणमा पारिएका समुदाय र उनीहरूका विशिष्टताबारे व्याख्या गरेको छ । संविधानले उल्लेख नै गरेर "सामाजिकरूपमा पछाडि पारिएका महिला, दलित, आदिवासी जनजाति, मधेसी, थारू, अल्पसंख्यक र सिमान्तकृत समुदाय, आपाङ्गता भएका व्यक्ति, मुस्लिम, पछाडि परेको समुदाय[३२] लैङ्गिक तथा यौनिक अल्पसंख्यक, युवा, किसान, मजदुर, उत्पीडित र पछाडि परेका क्षेत्रका र आर्थिकरूपमा गरिब खस आर्य"लाई बहिस्करणमा पारिएको समूहको रूपमा लिँदै रोजगारी र समावेशीको अधिकार सुनिश्चित गरिएको छ । संविधानले महिलाको राज्यका सबै निर्वाचित तह अर्थात स्थानीय पालिका, प्रदेश र संघमा एक-तिहाइ प्रतिनिधित्वको ग्यारेन्टी गरेको छ ।

कानुनी संरचनामा यस्तो परिवर्तन भए पनि नेपाली राजनीतिक पार्टीहरू अहिले पनि महिला, लैङ्गिक तथा यौनिक अल्पसंख्यक र अन्य सिमान्तकृत समुदायलाई नेतृत्व तहमा लैजान तत्परता देखाउँदैनन् । राजनीतिक पार्टीको केन्द्रिय समितिजस्ता नीति-निर्माण गर्ने तहमा अहिले पनि कथित उच्च जातीय समूहका पुरूषको दबदबा छ, यसले पार्टीमा भएको पितृसत्तात्मक दबदबा प्रतिबिम्बित हुन्छ । यस्तो विभेदकारी र रूढीवादी सांस्कृति रहिरहँदासम्म महिला र लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायको राजनीतिकरूपमा सहभागी सुनिश्चित गर्न निकै चुनौती छन् । यसका साथै अन्तर्सम्बद्धतासहितको बाधा त छँदैछ जहाँ लिङ्ग अन्य पहिचानहरू जस्तै : जातजाति, वर्ग, शिक्षा, धर्म, यौनिकता, अपाङ्गता, भौगोलिक क्षेत्र र त्यस्तै अन्य सम्बन्धित पक्षसँग अन्तर्सम्बन्ध राख्छ । राजनीतिक प्रतिनिधित्व र सहभागिताका लागि व्यक्तिको अनुभव र ज्ञान, शक्ति, एजेन्सी र पहुँच आदि केन्द्रिय तत्व हुन् । महिला र लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायको भूमिकालाई पार्टीभित्र र सामाजिक संरचनाभित्र कमजोर बनाइएको छ र दोस्रो तहमा खुम्च्याइएको छ । सीमित मात्रामा महिला र लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदाय मात्रै नीति-निर्माण गर्ने तहमा/पदमा पुगेका छन् भने उनीहरूले पनि आफ्नै समकक्षीबाट सार्वजनिक उपहास र घृणाको सामना गरिरहनु परेको छ । मिडिया र अन्य सार्वजनिक स्थानमा गलत र भ्रमपूर्ण जानकारी गराएर र घृणायुक्त अभिव्यक्तिसहित उनीहरूको छविलाई नकारात्मकरूपमा प्रस्तुत गरिएको छ ।

लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायको नेपालको राजनीतिमा शुरूवातदेखिनै न्यून वा शुन्य सहभागीता रहिआएको छ । वि.सं. २०६३ मा बृहत शान्ति सम्झौतामा हस्ताक्षर भइसकेपछि लैङ्गिक तथा यौनिक अल्पसंख्यकबीच पनि आकांक्षा र आशा बढ्यो जसले उनीहरूलाई आफ्नो अधिकार र देखिने गरी राजनीतिमा लाग्नका लागि लबी र वकालत गर्ने वातावरण बन्यो । यसैबीच केही महत्वपूर्ण कानुनी सुधार भए । अत्यन्तै धेरै मात्रामा पितृसत्तात्मक मूल्य र परम्पराको दबदबा भएका राजनीतिक पार्टीहरूले पनि उनीहरूलाई आफ्नो पार्टीमा स्वागत गर्ने थारै भए पनि चाहना देखाए ।[३३] त्यसकारण लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायको राजनीतिमा प्रतिनिधित्व बिस्तारै परिवर्तन हुँदै गएको छ ।

---

३१ http://www.moljpa.gov.np/wp-content/uploads/2017/11/Constitution-of-Nepal-_English_-with-1st-Amendment_2.pdf

३२ According to Nepal government, backward classes refers to Adhibasi, Indigenous, and Obsolescent groups which are economically and socially disadvantaged

३३ https://core.ac.uk/download/pdf/232737082.pdf

नेपालीको जीवनका सबैजसो पक्षमा पितृसत्ताको प्रभुत्व छ ।[३४] उदाहरणका निम्ति नेपाली मिडियालाई हेर्ने हो भने पितृसत्ता नै हावी भएको देखिन्छ । मिडियमा महिला र लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायको प्रतिनिधित्वको सवाल निरन्तररूपमा बेवास्ता गरिँदै आएको छ । यति मात्रै होइन, भएका लेखनमा पनि महिला र लैङ्गिक तथा यौनिक अल्पसंख्यकलाई समाजको 'कमजोर' समूहको रूपमा चर्चा गरिन्छ र पुरुष नेतृत्वलाई महिलाको पोशाक वा शारीरिकका सवालमा बदनाम वा अपमान गर्नमा प्रस्तुत गरिन्छ । यसका साथै मिडियामा महिला र लैङ्गिक तथा यौनिक अल्पसंख्यकविरूद्ध अपमानजनक शब्द र शब्दावलीको प्रयोग गरिन्छ । सामाजिक सञ्जाल त्यस्तो मञ्च हुन पुगेको छ, जहाँ महिला र लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायका सवालमा नकारात्मक र अपमानजनक टिप्पणीको बाढी नै आउने गरेको छ । राजनीतिमा महिला र लैङ्गिक तथा यौनिक अल्पसंख्यकलाई कमजोर वा अवैधानिक बनाउन परम्परागत विभेदकारी मान्यताको नियमित प्रयोग गरिन्छ । यति मात्रै होइन, सार्वजनिकरूपमा उनीहरूले भोगेको असमानताबारे बोलेकै कारण महिला र लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायलाई निरन्तररूपमा लज्जित तुल्याउने र चुप लगाउने काम भएका छन् । यस्तै कारणले गर्दा कतिपय सिमान्तकृत समुदायका महिला[३५] र लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायले आफ्नो राजनीतिक भविष्य नै त्यागिदिएका छन्[३६] ।

नेपालमा महिला र अन्य सिमान्तकृत समुदायको अधिकार सुनिश्चित गर्नका लागि राजनीतिक प्रणालीमा नै रूपान्तरणका लागि थुप्रै प्रयत्न नभएका भने होइनन् । उदाहरणका लागि नेपालले महिलाविरूद्ध हुने हिंसा उन्मुलनसम्बन्धी घोषणापत्र सन् १९९३[३७] लाई सबै मानव समुदायको समानता, सुरक्षा, स्वतन्त्रता, अखण्डता र आत्मसम्मानको अधिकार सिद्धान्त र ती अधिकारको विश्वव्यापी अभ्यासको आवश्यकतालाई गम्भीररूपमा स्वीकार गरेको छ । यो घोषणापत्र नै महिलाविरूद्ध हुने हिंसाको सवाललाई गहनरूपमा सम्बोधन गर्ने सबैभन्दा पहिलो अन्तर्राष्ट्रिय मानवअधिकारसम्बन्धी अनुबन्ध हो । यो घोषणापत्रले लिङ्गमा आधारित हिंसा विभिन्न प्रकृतिका छन् जसको अनुभव कठिन र अति कठिन परिस्थितिमा फरक-फरक किसिमले अनुभव गरिन्छ भन्ने कुरालाई पनि जोड दिइएको छ । महिलाविरूद्ध हुने सबै प्रकारका भेदभाव उन्मुलन गर्ने सम्बन्धी महासन्धी, सन् १९७९ (सीड)को धारा ७ ले पनि 'सार्वजनिक र राजनीतिक जीवन'मा महिलाको अधिकारको सुनिश्चितता गरेको छ । उक्त महासन्धीले महिलाविरूद्ध हुने लैङ्गिक भेदभावनै लैङ्गिक असमानताको मुख्य कारण रहेको पुष्टी समेत गरेको छ । यसैगरी, सन् १९९५ मा तयार पारिएको महिलाको बेइजिङ घोषणापत्र तथा कार्यनीति विभिन्न देशका सरकारले हस्ताक्षर गरेका छन् । यसलाई समानता, विकास र शान्तिका लागि आधारभूत आवश्यकताका रूपमा हेरिएको छ । नेपालले पनि यी सबै प्रावधानलाई स्वीकार गरेको छ र ती दस्तावेजमा हस्ताक्षर गरी पक्ष राष्ट्र भएको छ । यसका साथै नेपालको संविधान, २०७२ ले पनि महिला र सिमान्तकृत समुदायको समानताको अधिकार सुनिश्चित गरेको छ ।

## ३.१ सहभागीताको अवस्था

नेपाली समाजलाई ऐतिहासिकरूपमा पितृसत्तात्मक मूल्य मान्यताले दमन गर्दै आइरहेको छ र समाजमा लैङ्गिक हिंसा व्याप्त छ । उदाहरणका लागि सन् २०१७ मा लैङ्गिक हिंसाकै कारण १४९ जनाको हत्या गरियो जसमध्ये ७५ जनाको हत्या त घरेलु हिंसाबाट भएको थियो ।

---

३४ Tamang, Seira. "Legalizing state patriarchy in Nepal." Studies in Nepali History and Society 5, no. 1 (2000): 127-156

३५ Such as Dalits and Madhesi.


३६ https://www.idea.int/publications/catalogue/contesting-patriarchy-gender-gap-and-gender-based-violence-nepali-politics

३७ Resolution 48/104.

दर्ता भएका ६८० हिंसाका घटनामध्ये अधिकांश घटनाका पीडक परिवारकै सदस्य वा आफन्त थिए[३८] । सन् २०१७ मा राष्ट्रिय महिला आयोगले हेल्पलाइन सुरू गरेको थियो । यस्तो सेवा सुरू भएको ७ महिनाको अवधिमा मात्रै ३७ हजार ३४९ जनाले सहयोगका लागि फोन गरेका थिए[३९] । यो संख्या त उजुरी परेका र दस्तावेजीकरण गरिएका तथ्याङ्क मात्रै हुन् । यद्यपि, लैङ्गिक हिंसाको संख्या यो भन्दा निकै बढी हुनसक्छ किनभने निकै ठूलो संख्यामा भएका यस्ता घटनाको उजुरी भएका छैनन् ।

वि.सं. २०७२ मा नयाँ समावेशी संविधान जारी भइसकेपछि नेपालमा वि.सं. २०७४ र २०७९ मा स्थानीय सरकार (महानगरपालिका, नगरपालिका र गाउँपालिका, जसलाई 'पालिका' भनेर बुझिन्छ)को निर्वाचन सम्पन्न भयो । राजनीतिक र नीतिगत परिवर्तनका बाबजुत नेपालमा महिला र लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायको राजनीतिक सहभागिताको सवाल अहिले पनि निकै ठूलो विषयको रूपमा रहेको ती निर्वाचनका परिणामले देखाएका छन् (चित्र नं. २) । वि.सं. २०७४ मा सम्पन्न निर्वाचनमा समग्रतामा महिलाको प्रतिनिधित्व जम्मा ९ प्रतिशत मात्रै रहेको थियो (जस्तै ८,०९५ निर्वाचित प्रतिनिधिमध्ये ७०२ जना) । वि.सं. २०७९ को निर्वाचनमा आइपुग्दा यो संख्या घटेर ८ प्रतिशतमा (निर्वचित ८,१४६ मध्ये ६३९ जना) झरेको छ । चित्रमा दिइएको आँकडाझैं स्थानीय सरकार जस्तै : नगरपालिकाका मेयर र गाउँपालिकाका अध्यक्ष र वडा अध्यक्षरूपमा निर्वाचित महिलाको संख्या ५ प्रतिशतभन्दा कम छ । यसैगरी उपमेयर र उपाध्यक्षजस्ता पदमा महिलाको एकतिहाइ प्रतिनिधित्व रहेको छ । यसरी निर्वाचित उपमेयर र उपाध्यक्षको कार्यपालिकामा दोस्रो तहको भूमिका हुने गर्दछ । समग्र नीति-निर्माणका लागि मेयर र अध्यक्षको सबैभन्दा महत्वपूर्ण भूमिका हुने गर्दछ ।

**चित्र २ : महिला, पुरुष र लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायको स्थानीय सरकारमा प्रतिनिधित्व, २०७४ र २०७९**




यहाँ उल्लेख गरिएका कुनै पनि पदमा लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायको एउटा पनि प्रतिनिधित्व हुन सकेको छैन ।

संवैधानिकरूपमा महिलाको संसद र स्थानीय तहमा कम्तीमा ३३ प्रतिनिधित्व सुनिश्चित गरिनुपर्ने व्यवस्था छ तर वि.सं २०७४ र २०७९ को निर्वाचनको परिणामले उक्त संवैधानिक

३८ https://blogs.worldbank.org/endpovertyinsouthasia/addressing-gender-based-violence-nepal#:~:text=In%202017%2C%20149%20people%20were,in%20163%20cases%20of%20them.

३९ https://blogs.worldbank.org/endpovertyinsouthasia/addressing-gender-based-violence-nepal

र कानुनी व्यवस्थाको कार्यान्वयन नगरिएको पुष्टी गर्छ । यसका साथै यी दुवै निर्वाचनको परिणामलाई हेर्दा महिलाको नेतृत्वदायी भूमिका बढाउने सन्दर्भमा कुनै पनि किसिमका सकारत्मक परिवर्तन हुन सकेको छैन । वि.सं. २०७४ को निर्वाचनबाट ९ प्रतिशत महिला पालिकाको मुख्य पदमा निर्वाचित भएका थिए, जुन वि.सं. २०७९ मा अझ घटेर ८ प्रतिशतमा पुगेको तथ्याङ्कले देखाउँछ ।

## ३.२ राजनीतिकरूपमा सक्रिय महिला र लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायविरूद्ध हुने लैङ्गिक हिंसा

नेपाल र दक्षिण एशियामै महिला र लैङ्गिक तथा यौनिक अल्पसंख्यकले भोगिरहेको एउटा महत्वपूर्ण चुनौती भनेको लैङ्गिक हिंसा नै हो । नेपाल, भारत र पाकिस्तमामा सन् २०१४ मा गरिएको एक अध्ययनले यी तीनै देशका ६० प्रतिशतभन्दा धेरै महिला हिंसाकै कारण राजनीतिमा सहभागी हुँदैनन् भन्ने देखाएको छ[४०] । यसैगरी, राजनीतिमा महिलाविरूद्ध हुने हिंसाबारे *आइनोपोलिटिक्स* (*iknowpolitics*)[४१]ले गरको अध्ययनले महिलाविरूद्ध हुने हिंसालाई विश्वव्यापी मुद्दाको रूपमा लिएको छ । महिलामाथि कानुन, राजनीतिक परिवेश, संस्कृति र परम्परा आदिका नाममा हुने विभिन्न प्रकृतिका हिंसाका कारण उनीहरूको राजनीतिक प्रतिनिधित्व सीमित बनिरहेको देखाएको छ[४२] । महिलाको राजनीतिक जीवनको अन्त्य गर्नका लागि हत्या र शारीरिक हिंसालाई साधनको रूपमा प्रयोग गरिएको छ[४३] । हिंसाको साधनको प्रयोगले महिलाको राजनीतिक जीवन निकै अप्ठ्यारो अवस्थामा पुगेको छ ।

नेपालका महिला र लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदाय शैक्षिक र आर्थिक अवसरबाट पनि बञ्चित छन जसले उनीहरूलाई राजनीतिमा आबद्ध हुने बिकल्पलाई सीमित बनाउँछ । आर्थिकरूपमा पुरूषमा हुनुपर्ने परनिर्भरता र परम्परागत घरायसी काममा सीमित हुनुपरेका कारण पनि महिलाले राजनीतिक प्रक्रियामा समानरूपमा सहभागी हुने अवसर पाइरहेका छैनन् । केही थोरै महिला नेतृत्व जसले सामाजिक मूल्य मान्यता र अपेक्षालाई चुनौती दिंदै अगाडि बढेका छन्, उनीहरूले पनि भावनात्मक र शारीरिक आक्रमणको शिकार हुनुपरेको छ । शारीरिक र यौन हिंसा मात्रै होइन, चरित्र हत्यालाई साधन बनाएर महिला र सिमान्तकृत राजनीतिकर्मीहरूले प्राप्त गरेको उपलब्धी र प्रतिष्ठालाई नै खतम पारिदिने काम समेत हुने गरेका छन्[४४] । लैङ्गिक हिंसा र महिला र लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायको राजनीतिमा कमजोर सहभागीता एकअर्कामा प्रत्यक्ष सम्बन्धित कुरा हुन् । यस्तो हिंसाले महिला र लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायलाई राजनीतिक र सार्वजनिक जीवनबाट योजनाबद्धरूपमा बाहिर धकेल्ने दुष्चक्रको निर्माण गरेको छ । राजनीतिलाई जसरी 'पुरूषसत्वको स्पेस'को रूपमा स्थापित गरिएको छ, यसले महिला, लैङ्गिक तथा यौनिक अल्पसंख्यक र अन्य सिमान्तकृत समुदायलाई व्यक्तिगत र राजनतिक जीवनलाई नै हानी पुऱ्याउन सक्ने श्रंखलाबद्ध र व्यवस्थित आक्रमणको जोखिमका कारण थप निरूत्साहित गरिरहेको छ । यी सबै कुराले यथास्थितिलाई थप बलियो बनाउँदै लैजान र पुरूषवादी राजनीतिक प्रभुत्व कायम राख्न योगदान पुऱ्याउँछ ।

सत्ता र सम्पत्तिको दुरूपयोग र प्रभुत्वशाली पुरूषको संरक्षणको राजनीति नै नेपालको राजनीतिक प्रक्रियाका सूचक हुन् । विशेषगरी पैसा र शक्तिको दुरूपयोग नै राजनीतिमा

[४०] https://www.unwomen.org/sites/default/files/Headquarters/Attachments/Sections/Library/Publications/2014/Violence%20Against%20Women%20in%20Politics-Report.pdf
[४१] A joint project funded by International IDEA, Inter-Parliamentary Union, UNDP and UN Women.
[४२] Retrieved form https://www.iknowpolitics.org/en/discuss/e-discussions/closing-gender-gap-politics.
[४३] Including rape and sexual harassment, sexist remarks, verbal abuse, and threats of reprisals.
[४४] https://www.unwomen.org/sites/default/files/Headquarters/Attachments/Sections/Library/Publications/2014/Violence%20Against%20Women%20in%20Politics-Report.pdf

महिला र सिमान्तकृत लैङ्गिक तथा यौनिक अलपसंख्यकको लागि सदैव प्रमुख चुनौती बन्दै आइरहेको छ । यी विषयवस्तुलाई नेपालको विद्यमान कानुनी व्यवस्था र निर्वाचनको वित्तीय नियमनले निकै नै बेवास्था भइरहेका छन् । राजनीतिक पार्टी र निर्वाचन आयोग यस्ता व्यवस्थाको दुरूपयोग हुनबाट बचाउन असफल भएका छन् ।

यसका साथै राजनीतिक पार्टीभित्रै लोकतान्त्रिक अभ्यासको अत्यन्तै ठूलो समस्या छ जसले राजनीतिक पार्टी संरचनाको सबै तहमा महिलाको ३३ प्रतिशत प्रतिनिधित्व गराउन कठिन भइरहेको छ भने यस्ता मुद्दा उठाउँदा पार्टीले कारबाही हुने डर पनि महिला नेतृत्वलाई छ । यसैगरी राजनीतिक पार्टी संरचनाभित्र 'लैङ्गिक अडिट' गराउनु पर्ने प्रावधानको कमी छ । सोही कारण राजनीतिक पार्टीहरूले लैङ्गिक-सन्तुलनसहितको प्रतिनिधित्व र समानता सुनिश्चित गर्ने सवालमा गम्भीर ध्यान दिइरहेका छैनन् ।

प्रविधिको विकास एउटा महत्वपूर्ण अवसर हो तर यो राजनीतिमा महिला र लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायको मूल्यसित जोडिएर आएको छ । युएनडीपीको एउटा प्रतिवेदनले भन्छ, "संसारभरमा राजनीतिमा महिलाको औषत प्रतिनिधित्व बढेको छ जुन सन् २०२० मा २५.६ प्रतिशत रहेकोमा सन् २०२२ मा पुग्दा २६.२ प्रतिशत पुगेको छ[४५] ।" यद्यपि, नयाँ प्रविधिको विकासका साथसाथै महिला र सिमान्तकृत समुदायको राजनीतिक र सामाजिक सहभागितासँगै उनीहरूविरूद्ध नयाँ किसिमका धम्की र चुनौती पनि सँगसँगै विकास भइरहेका छन् । प्रविधिले अन्तरवैयक्तिक अन्तर्क्रिया, सञ्चारको प्रवृत्ति र सामाजिक र राजनीतिक बहसमा थुप्रै परिवर्तन भएका छन् । कुनै पनि किसिमको बहस, विशेषगरी राजनीतिक छलफलका साथै सूचना सम्प्रेषण र निर्वाचित अभियानका लागि अनलाइन स्पेस महत्वपूर्ण भएको छ । राजनीतिकरूपमा सक्रिय व्यक्तिहरूले सामाजिक सञ्जाल वा अन्य डिजिटल प्लेटफर्महरू आफ्नो निर्वाचन क्षेत्रका जनतासँग अन्तर्क्रियाका लागि प्रयोग गरिरहेका छन् । धेरै किसिमका सामाजिक सञ्जालमध्ये फेसबुक अत्यन्तै धेरै प्रयोग भएको प्लेटफर्म हो । फेसबुकको संसारभरिका मासिक सक्रिय प्रयोकर्ताको संख्या २.८ बिलियन छ[४६] । यद्यपि, यस्ता सामाजिक सञ्जाल गलत सूचना सम्प्रेषण गर्ने र बङ्याउने, सार्वजनिक विचारलाई प्रभावित पार्ने जस्ता काममा पनि प्रयोग भइरहेको छ[४७] । महिला र सिमान्तकृत समुदायका राजनीतिज्ञ र कार्यकर्तालाई लक्षित गरी गलत सूचना, गलत चित्रण गर्ने सामग्री र घृणायुक्त अभिव्यक्ति दिइने गरेको देखिएको छ । अनलाइनबाट सहभागितामुलक लोकतन्त्र, शान्ति, समावेशी र विकासमाथि नै आक्रमण हुने गरेका छन् ।

विश्वव्यापी रूपमा महिला सांसदहरूका सवालमा गरिएको एउटा सर्वेक्षणमा सहभागीमध्ये ४१.८ प्रतिशत उत्तरदाताले सामाजिक सञ्जालमार्फत अपमान गर्ने वा यौनजन्य फोटो वा सामग्री तयार गररेर सामाजिक सञ्जालबाट फैलाइएको बताएका छन्[४८] । एशिया र प्यासिफिकका महिला सांसदहरू लक्षित गरी अनलाइन घृणायुक्त अभिव्यक्ति, यौन हिंसाा र गलत किसिमले चित्रित गरी तयार पारिएका सन्देश फैलाउने गरेको पाइएको छ[४९] । यद्यपि,

---

४५ https://www.undp.org/stories/why-we-must-work-parliaments-tackle-online-hate-speech-and-gender-based-violence

४६ https://www.theguardian.com/us-news/2021/may/06/hillary-clinton-guardian-disinformation-big-tech-facebook

४७ https://journals.sagepub.com/doi/full/10.1177/2158244019864484

४८ https://www.cfr.org/blog/gendered-disinformation-fake-news-and-women-politics

४९ For example, Thai opposition member of parliament Pannika Wanich has experienced "all kinds of harassment" from online attacks to body shaming and hate speech. In the Philippines, opposition Senator Leila de Lima has been vilified and harassed on social media platforms, and thirty-year-old Sarah Elago, one of the youngest lawmakers in the Philippines, became the subject of a fake sex video that circulated on several websites in 2019ttps://www.nature.com/articles/s41598-021-01487-w.pdf

यसरी अनलाइनबाट हुने अनलाइन हिंसाका घटनालाई रोक्ने विषयलाई तत्काल सम्बोधन गर्नुपर्ने विषयको रूपमा लिइनु पर्थ्यो, त्यसो हुन सकेको छैन । युएनवूमनको प्रमुख सिमा सामी बहउसको भनाइ छ, "हिंसाले महिलालाई मौन बनाउँछ, अदृष्य बनाउँछ र सार्वजनिक स्थलबाट बाहिर धकेल्छ ।"

नेपाल दूरसञ्चार प्राधिकरणको सन् २०१९ को प्रतिवेदनअुसार नेपालका करिब ९३ प्रतिशत जनसंख्या (३ करोडमध्ये करिब २ करोड २७ लाख ६० हजार) मानिससम्म इन्टरनेटको पहुँच बिस्तार भएको छ । 'डाटा पोर्टल'को प्रतिवेदनअनुसार ९० प्रतिशत वयस्कले फेसबुकको प्रयोग गर्छन् वा उनीहरूको मोबाइल फोनमा इन्टरनेको पहुँच छ[५०] । द रिपबब्लिका, काठमाडौंबाट प्रकाशित हुने राष्ट्रिय दैनिक लेख्छ, इन्टरनेट र प्रविधिमा भएको पहुँच बिस्तारसँगै भ्रमक सूचना र घृणायुक्त अभिव्यक्तिका कारण खतरा पनि बढिरहेको छ । यस्ता गलत सूचनाले तत्कालीन सरोकारको विषय भएको छ भने महिला र लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायविरूद्ध त अझ धेरै पूर्वाग्रही हुने गरेका छन्[५१] । बिगतका केही वर्षमा वर्तमान राष्ट्रपतिदेखि वरिष्ठ महिला नेतृत्वविरूद्ध समाजिक सञ्जालमार्फत श्रंखलाबद्ध घृणायुक्त अभिव्यक्ति दिने, गलत किसिमले चित्रित गरी सामग्री निर्माण गर्ने र गलत सूचना व्यापकरूपमा प्रचार गर्ने काम भएको देखिएको छ । यसका साथै जब मिडियाले तथ्य जाँच नै नगरी अकल्पनीय समाचार प्रस्तुत गर्छन्, यसले सार्वजनिक विचारलाई नै गलत दिशामा लगिदिन्छ । समाचार पोर्टलमा देखिएको गलत सूचना प्रबर्द्धन गर्ने बढ्दो प्रवृत्तिले लोकतन्त्रको एउटा महत्वपूर्ण खम्बा मिडियाको विश्वसनीयता घट्छ[५२] ।

पानस साउथ एशियाले सन् २०२२ मा गरेको एउटा मिडिया अनुगमन प्रतिवेदनले समाजिक सञ्जाल र अन्य छापा र वेवसाइटमा आएका २४३ वटा गलत तरिकाले चित्रण गरिएका सूचनामध्ये २३५ वटा (९७ प्रतिशत) महिला राजनीतिकर्मीलाई लक्षित गरिएको पाइएको उल्लेख गरेको छ । यसैगरी दलित र लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायविरूद्ध हुने घृणायुक्त अभिव्यक्तिको दर पनि निकै धेरै रहेको छ । संसारका अन्य ठाउँमा जस्तै महिला लक्षित गरी गलत सूचनाको प्रसार मात्रै गरिँदैन, उनीहरूको लज्जित तुल्याउने गरी शरीरको प्रचार गर्ने, ट्रोल बनाउने, बद्नाम गर्ने, अपमानजनक र स्त्रीद्वेषी टिप्पणी गर्ने, व्यक्तिगत सन्देशहरू सार्वजनिक गर्ने, निजी र फोटोलाई गरिएका फोटोलाई व्यापकरूपमा फैलाउने जस्ता काम हुने गरेका छन् । महिला र लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायका यौनजन्य सवाललाई वस्तुकरण गर्ने, हत्या र बलात्कारको धम्की दिने र अनलाइन चरित्र हत्या गर्ने आदि नेपालका महिला नेतृत्वमाथि हुने गम्भीर प्रकृतिका लैङ्गिक हिंसाका उदाहरण हुन्[५३] । यसैगरी जात र लिङ्गका आधारमा हुने अपमान, ट्रोलिङ र घृणायुक्त अभिव्यक्ति र दुरूपयोग गर्ने व्यक्तिलाई नियन्त्रणमा राख्न पर्याप्त कानुनी व्यवस्थाको अभावजस्ता कारणले अनलाइन प्रयोगकर्तालाई मनावैज्ञानिक तनाब र चिन्ताले सताउँछ[५४] जसले उनीहरूलाई अनलाइन स्पेसमा मौन बनाइदिन्छ ।

---

५० https://datareportal.com/reports/digital-2019-nepal
५१ https://myrepublica.nagariknetwork.com/news/here-is-how-we-can-win-war-over-fake-news-in-nepal/
५२ https://english.onlinekhabar.com/nepal-misinformation-sensation.html
५३ https://english.onlinekhabar.com/nepali-women-need-everyone-to-cope-with-growing-online-violence-against-them.html
५४ https://idsn.org/wp-content/uploads/2021/07/Caste-hate-speech-report-IDSN-2021.pdf

## ४. कानुनी व्यवस्था

***नेपालको संविधान,*** २०७२ ले कुनै पनि व्यक्तिको विचार तथा अभिव्यक्ति र प्रेस स्वतन्त्रताको अधिकारलाई मौलिक हकमा नै समावेश गरेको छ । संविधानमा गरिएको यो व्यवस्थाले कुनै पनि प्रकाशन र प्रसारण वा छापा (अनलाइनसहित)मा कुनै समाचार लेख, सम्पादकीय वा अन्य कुनै पनि किसिमको पाठ्य वा श्रव्य-दृष्य सामग्री स्वनियमनका आधारमा हुने कुरा स्पष्टरूपमा उल्लेख गरिएको छ । यद्यपि, अभिव्यक्ति स्वतन्त्रताको अभ्यास गर्दा व्यक्तिको चारित्रिक मानहानी वा सार्वजनिक शिष्टता र नैतिकताविपरित हुने गरी त्यस्ता सामग्री उत्पादन र प्रसारमा उचित प्रतिबन्ध लगाउन सकिने व्यवस्था पनि छ । यसैगरी संविधानले व्यक्तिको गोपनीयताको हकको पनि सुनिश्चितता गरेको छ र यदि यस्तो अधिकारको हनन् भएको अवस्थामा पीडितलाई न्याय, पुनस्थापना र क्षतिपूर्तिको हक हुने व्यवस्था पनि नगरिएको छ । संविधानले महिला र सिमान्तकृत समदायविरूद्ध धर्म, समुदाय, संस्कृति वा परम्परा आदिका नाममा हुने कुनै पनि किसिमको भौतिक, मानसिक, यौनजन्य, मनोसामाजिक र अन्य कुनै पनि किसिमको हिंसा र विभेदलाई अपराधको रूपमा समावेश गरेको छ ।

***विद्युतीय कारोबार ऐन, २०६४*** यो अनलाइन हिंसालाई स्पष्टरूपमा व्याख्या र अपराधीकरण गर्ने एउटा मात्रै ऐन हो । यो एनले कम्प्युटर वा इन्टरनेटको माध्यमबाट "सामाजिक नैतिकता" र "सामाजिक सद्भाव" वा "घृणा र द्वेष फैलाउने" किसिमका प्रकाशन वा प्रदर्शन हुने कुनै पनि सामग्रीलाई निषेध गर्न सक्ने व्यवस्था गरेको छ । यसले कसैलाई धम्की दिने, हेप्ने, अपमान गर्ने वा अनैतिक गतिविधि गर्ने, गोप्यरूपमा कुनै विषयवस्तुको रेकर्डिङ गर्ने र महिलाविरूद्ध अश्लिल मानिने र घृणा फैलाउने किसिमका सामग्री प्रकाशन र प्रदर्शनलाई निषेध गरेको छ । यदि कसैले ऐनले निषेध गरेको कसूर गरेको खण्डमा एकलाख रूपियाँ जरिबाना वा ५ वर्षसम्म जेल वा दुवै किसिमको कारबाही हुनसक्ने प्रावधान ऐनमा छ । यद्यपि, यो ऐनमा उल्लेखित शर्तहरूले के के कुरा समेट्छ भन्ने विषयमा बिस्तृत र ठोसरूपमा व्याख्या गरिएको छैन । यसले सबै किसिमका अनलाइन लैङ्गिक हिंसालाई समेट्न सक्छ भन्ने छैन ।

***फौजदारी ऐन*** यो ऐन वि.सं. २०७४ बाट लागू भएको हो । यो ऐनले पनि निजी वा सार्वजनिकरूपमा अनैतिक र अश्लिलतालाई बढावा दिने गतिविधि, अनुमतीबिना गोप्य सूचना सार्वजनिक गरेमा, र कनै पनि जीवित वा मृत व्यक्तिको मान प्रतिष्ठामा हानी पुऱ्याउने वा उनीहरूको परिवार वा आफन्तको भावनामा चोट पुऱ्याउने सामग्री कुनै पनि माध्यमबाट सार्वजनिक गर्न यो ऐनले निषेध गरेको छ । तर, तथ्यमा आधारित रहेर सार्वजनिक हितका लागि "सम्बन्धित व्यक्तिलाई सचेत गराउन" वा आधिकारिक व्यक्तिको आलोचना गर्न वा अनुसन्धानको एउटा खण्डको रूपमा यस्ता विचार राख्न सकिने व्यवस्था पनि ऐनमा गरिएको छ । यसले कुनै व्यक्तिको आनीबानी पहिचान गर्नुपर्ने आवश्यकता देखिएमा आधिकारिक व्यक्तिलले निगरानी गर्न सक्छ, यस्तो अवस्थामा भने गापनीयतासँग सम्झौता गर्नुपर्ने हुनसक्छ । यसले कुनै व्यक्तिको अनुमतीबिना फोटो लिन वा फोटो बिगार्न वा उनीहरूको फोटोलाई अर्कै किसिमको बनाउन पनि निषेध गरेको छ ।

***वैयक्तिक गोपनीयता सम्बन्धी ऐन,*** २०७५ ले व्यक्तिको शरीर, बासस्थान, सम्पत्ति, दस्तावेज, तथ्याङ्क, पत्राचार र प्रत्येक व्यक्तिको चरित्र, कुनै पनि सार्वजनिक स्थानमा रहेको व्यक्तिगत जानकारी वा सूचनाको सुरक्षा र सुरक्षित व्यवस्थापन र प्रत्येक व्यक्तिको गोपनीयतामाथिको अतिक्रमणविरूद्धको अधिकार सुनिश्चित गरेको छ । ऐनको दफा १, २ र ३ मा उल्लेख गरिएझैं व्यक्तिगत सूचना भन्नाले "उसको/उनको जात वा जातियता, जन्म, उत्पत्ति, धर्म, रंग

वा वैवाहिक अवस्था, शिक्षा वा प्राज्ञिक योग्यता, ठेगाना, टेलिफोन वा विद्युतीय पत्राचारको ठेगाना (इमेल)" आदिलाई समेटेको छ । यसैगरी दफा ३ र ४ मा "प्रत्येक व्यक्तिलाई जैविक वा बायोमेट्रिक पहिचान, लैङ्गिक पहिचान, यौन अभिमुखीकरण, यौन सम्बन्ध, गर्भधारण वा गर्भपतन, कुमारित्व, नपुंशकता वा व्यक्तिको जीवनसँग सम्बन्धित शारीरिक रोग" आदिलाई गोपनीयताको हकअन्तर्गत राखेको छ । यो ऐनले लेख्ने, बोल्ने, प्रकाशन गर्ने वा कुनै पनि विद्युतीय माध्यमको प्रयोग गरेर कुनै पनि व्यक्तिको जीवनमा असर पर्ने र अपमान गरी कुनै पनि किसिमको प्रकाशन गर्न नपाउने व्यवस्था गरेको छ । ऐन गरिएका यस्ता व्यवस्थाले महिला, लैङ्गिक तथा यौनिक अल्पसंख्यक र सिमान्तकृत समुदायलाई उनीहरूविरूद्ध हुने अनलाइन लैङ्गिक हिंसाबाट बचाउन महत्वपूर्ण भूमिका खेल्छ ।

***सूचना प्रविधि विधेयक,*** २०७५ मा अनलाइन लैङ्गिक हिंसा र अभिव्यक्ति स्वतन्त्रताबारे थुप्रै प्रावधान समेट्ने प्रस्ताव गरिएको छ । यो विधेयकमा साइबरबुलिङ निषेध गर्ने प्रस्ताव गर्दै यसरी परिभाषित गरिएको छ, "कुनै पनि व्यक्तिलाई निरन्तररूपमा उत्पीडन गर्नु, चिड्याउनु, होच्याउनु, हतोत्साहित तुल्याउनु, अपमान गर्ने वा गाली गर्नु हो ।" यद्यपि, "निरन्तररूपमा" भन्नाले कति समयअवधिलाई बुझाउँछ भन्ने कुरा चाहिँ विधेयकमा प्रष्ट उल्लेख गरिएको छैन । विधेयकमा यदि सामाजिक सञ्जालका साइटहरू सूचना प्रविधि विभागमा दर्ता भएका छैनन् भने त्यस्ता साइटलाई बन्द गर्न सकिने व्यवस्था पनि गरिएको छ । यदि ती साइटहरूमा सूचना र प्रविधि विभागमा दर्ता हुँदा गरिएको शर्तबाहिर गएर कुनै "अपराधजन्य सामग्री" सामग्री राखिएको खण्डमा विभागले ती सामग्री हटाउन सक्ने व्यवस्था पनि समावेश गरिएको छ । महिला र सिमान्तकृत समुदायलाई अनलाईन हिंसाबाट सुरक्षित राख्ने उदेश्यले बनाइएको यो कानूनमा, यदि सामाग्री कानूनको दृष्टिमा आपत्तिजनक लागेमा सहमतीकै आधारमा तयार भएको भए पनि प्रकाशित गर्नका लागि स्वीकृति लिनुपर्छ । यसले पुन व्यक्तिको व्यक्तिगत स्वतन्त्रतालाई कुन्ठित गर्दछ ।

***निर्वाचन आयोग नेपालले*** स्थानीय निर्वाचनको समयमा निर्वाचन आचार संहिता, २०७९ जारी गरेको थियो । उक्त आचार संहिताले सामाजिक सञ्जालमा गलत र भ्रामक सूचना सम्प्रेषण गर्न, गलत सामाजिक सञ्जालको अकाउण्ट र साइट बनाउन र कसैको मानहानी गर्नका लागि कुनै पनि किसिमको सामग्री उत्पादन र प्रसारणमा रोक लगाएको थियो ।

यसैगरी नेपालमा राजनीतिक वा गैरराजनीतिक क्षेत्रमा हुने लैङ्गिक हिंसालाई सम्बोधन गर्ने, पीडितको संरक्षण गर्ने र रोकथामका लागि सरोकार राख्ने कार्यक्षेत्रमा हुने यौन हिंसा र रोकथामसम्बन्धी ऐन, २०७१, घरेलु हिंसा (कसुर र सजाय) ऐन, २०६६ र लैङ्गिक समानता नीति, २०७७ जस्ता अन्य कानुनी र नीतिगत व्यवस्था पनि गरिएका छन् ।

# ५. अनुसन्धानको प्रमुख नतिजा र विश्लेषण

## ५.१ राजनीतिमा सक्रिय महिला र लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायको अनलाइन लैङ्गिक हिंसाबारे समग्र बुझाइ र अनुभव

*राजनीतिमा लैङ्गिक हिंसा भन्नाले समग्रमा महिला र लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायको अस्तित्व र आत्मसम्मानलाई चुनौत दिने शारीरिक, व्यवहारजन्य र अनलाइनका क्रियाकलापलाई बुझिन्छ ।*

गहन अन्तर्वार्ताका सहभागीहरूले राजनीतिमा हुने लैङ्गिक हिंसालाई विशेषगरी शारीरिक, व्यवहारजन्य र अनलाइन गतिविधिलाई बुझेका छन् जसले महिला र लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायका संवैधानिक, आधारभूत मानवअधिकारको अभ्यास गर्नका लागि चुनौती दिइरहेको छ र उनीहरूको अस्तित्व र आत्मस्वाभिमानमाथि नै चुनौती दिइरहेको छ । जसरी राजनीतिमा महिलाको सहभागिता बढिरहेको छ, त्यसरी नै महिला राजनीतिकर्मीमाथिको विभेद पनि बढिरहेको छ भने उनीहरू थप असुरक्षित हुन पुगेका छन् । अनुसन्धानका क्रममा उत्तरदाताका रूपमा सहभागी धेरैजनाले घरायसी, सामुदायिक र पार्टीभित्रै जिम्मेवारी प्राप्त गर्ने सवालमा विभिन्न तहमा हिंसाको सामना गरिरहनु परेको बताएका थिए । यसरी उनीहरूले भोगेका विभेद र हिंसा पुरूषले भोगेको भन्दा धेरै भिन्न प्रकृत्तिको भएको बताएका थिए । राजनीतिक महिला नेतृत्वले व्यक्तिगत र घरायसी अवरोधलाई पन्छाउन निकै अप्ठ्यारो परेको अनुभव पनि सुनाएका थिए । यद्यपि, अप्ठ्यारो परिस्थितिकै बाबजुत उनीहरूले राजनीतिमा चालिरहेको पाइला रोक्न तयार नरहेको पनि बताएका थिए ।

जब महिलाहरू राजनीतिमा प्रवेश गर्छन्, उनीहरूले अनेकौं किसिमका चुनौतीको सामना गर्नुपर्छ । प्रायजसो महिला राजनीतिकर्मीलाई पुरूष सहकर्मीभन्दा तल्लो वा कमजोर व्यक्तिको रूपमा हेर्ने गरिन्छ । यसैगरी उनीहरूको लैङ्गिक भूमिका, उपस्थिति र पारिवारिक पृष्ठभूमिका आधारमा तौलिएर व्यवहार गरिन्छ । उनीहरूमा भएको नेतृत्व क्षमतालाई कमजोर रूपमा लिइन्छ, सोही कारण उनीहरू आफ्नो 'अस्तित्व'नै संकटमा परेको अनुभूति गर्छन् । गहन अन्तर्वार्ताका क्रममा एकजना सहभागीको भनाइ थियो, *"म महिला हुँ त्यसैले मेरो पार्टीले मलाई नेताको रूमा स्वीकार गर्दैन ।"* यसैगरी एकजना महिला नेता तथा सांसदको अनुभूति यस्तो थियो *"हामी महिला राजनीतिकर्मीलाई हाम्रो नेतृत्व क्षमता र योगदानका आधारमा होइन, उपस्थिति वा हाउभाउ र पारिवारिक पृष्टभूमिका आधारमा जाँच गरिन्छ । यो नै महिलामाथिको राजनीतिक हिंसाको उदाहरण हो ।"*

यो अनुसन्धानले चरित्र हत्या, गतिशीलतामा रोकावट, क्षमतामाथिको प्रश्न, क्षमताअनुसारको जिम्मेवारी नदिने, गलत र भ्रामक सूचना, घृणायुक्त अभिव्यक्ति र अरू सरहको समान हो भन्ने कुरा अस्वीकार गर्ने आदि महिलामाथि निरन्तर हिंसा जारी राख्ने तरिका हुन् भन्ने कुरा उजागर गरेको छ । यसका साथै राजनीतिमा महिला र लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायलाई अपरिचित व्यक्तिले सामाजिक सञ्जालमा शारीरिक आक्रमणको धम्की, यौन दुर्व्यवहार र हत्यासम्मको धम्की आउने गरेका अुभनव सुनाएका थिए । यस्ता गतिविधिले महिला नेतृत्व लज्जित हुनुपर्ने, अपमानित, असुरक्षित र अवमूल्यन भएको महसुस गर्नुपरेको छ । अनुसन्धानमा सहभागीहरूले यिनै कुरालाई 'राजनीतिमा महिला हिंसा'को रूपमा परिभाषित गरेका थिए ।

अनुसन्धानमा फरक-फरक पृष्ठभूमि भएका महिलाबीच हुने लैङ्गिक हिंसाको अनुभव र बुझाइमा विविधता रहेको पाइयो । दलित, मधेसी, आपाङ्गता भएका महिला, एकल महिला,

लैङ्गिक तथा यौनिक अल्पसंख्यक र अन्य सिमान्तकृत समुदायका महिलाबीच आ-आफ्नै विशिष्ट किसिमका बुझाइ रहेको थियो । सहभागीका अनुसार, उनीहरूले भोग्ने हिंसा दोहोरो र बहुआयामिक किसिमका छन् । उनीहरू लिङ्ग, भौतिक उपस्थिति वा हाउभाउका साथै जातका आधारका कारण विभेद र हिंसामा परेका छन् । यो कुरालाई स्वीकार गर्दै गहन अन्तर्वार्तामा सहभागी एकजनाको दलित प्रतिनिधिको भनाइ थियो उनीहरू एकातिर लैङ्गिक हिसाबले महिला भएका कारण विभेदमा पारिएका छन् भने अर्कोतिर जातका कारण । *"हामीलाई अछूत जातिका रूपमा व्यवहार गरिन्छ । कथित माथिल्ला जातिका मानिसहरू के कुरामा विश्वास गर्छन भने यदि उनीहरूले बाटो हिँड्दा हामीलाई देख्यो भने उनीहरूको भाग्य बिग्रिन्छ । दैनिक जीवनमा यस्ता कुरा प्रतिबिम्बित भइरहेको हुन्छ । उदाहरणका लागि, यदि एकजना दलित पानीको धाराको नजिकै हिड्यो भने कथित उपल्लो जातिको मानिसले आफूले थापेको पानी समेत अशुद्ध भयो भनेर फाल्छ ।"*

अनुसन्धानमा सहभागी धेरैको कुरा के थियो भने दलित र अन्य सिमान्तकृत जातिका मानिस शिक्षा, स्वास्थ्य र आर्थिक अवसरबाट बञ्चित छन् । उनीहरू लामो समयदेखि समस्यामा छन् तर राजनीतिमा उनीहरूलाई पनि अन्य सशक्त समूहलाई जस्तै समान व्यवहार गर्न खोजिन्छ । उदाहरणको लागि प्रायजसो दलितलाई निश्चित ठाउँमा "टोकन"का रूपमा सहभागी गराउन खोजिन्छ र ती पदमा मात्रै उनीहरूलाई सीमित राखिनुपर्छ भनेर हेरिन्छ, त्यसैले दलितको नीति-निर्माण गर्न तहमा भूमिका नै दिईंदैन । उनीहरूले पाएका पद पनि संवैधानिक व्यवस्थाअनुरूप कोटा प्रणालीबाट पाएका हुन् । सहभागी भन्छन्, अहिलेको सरकारी संरचनामा दलित महिलालाई कोटाभन्दा बाहिर सायद कुनै पनि भूमिका दिइएको छैन । गहन अन्तर्वार्ताका क्रममा एकजना दलित महिलाको भनाइ थियो *"संवैधानिक व्यवस्था भएका कारण हामी राजनीतिकरूपमा उपस्थित हुन पाएका छौं । हामी अहिले पनि विभेदमा पारिएका छौं, समान अवसर र सम्मान पाइरकेका छैनौं ।"* अर्का दलित सहभागीले भनिन्, *"हामीलाई नीति-निर्माण गर्ने प्रक्रियामा सहभागी गराईंदैन । दलित र सिमान्तकृत समुदायलाई त्यस्ता निर्णयमा सहभागी हुनका लागि प्रोत्साहन दिने काम समेत गरिँदैन ।"*

सक्रिय राजनीतिमा संलग्न मधेसी महिलाले समाज र राजनीतिक पार्टीबाटै अपमान र अवमूल्यन भइरहेको बताउँछन् । *"हामीलाई पहिलेदेखि नै दोस्रो दर्जामा राखिएको छ । जब हामी राजनीतिमा आबद्ध भयौं हामी पूनः 'कमजोर' पात्रको रूपमा हेरियौं । हामीसँग राजनीतिक प्रक्रियालाई नियन्त्रण गर्नका लागि पैसा र शक्ति छैन ।"* अनुसन्धानका क्रममा मधेस प्रदेशका एकजना सहभागीले यस्तो धारणा राखेका थिए । सहभागीहरूका अनुसार महिला जसको सम्पत्तिमाथिको पहुँच र नियन्त्रण छैन उनीहरूमाथि आर्थिक हिंसा पनि हुने गर्छ । मधेस प्रदेशका एकजनाले गहन अन्तर्वार्ताका क्रममा भनिन् नेतृत्व क्षमता भए पनि महिलाले उमेद्वारी र पद पाएका छैनन् किनभने उनीहरूले पार्टीलाई आर्थिकरूपमा 'योगदान' गर्न सकेनन् । लक्षित समूहगत छलफलका क्रममा एकजना सहभागीले राखेको विचार यस्तो थियो, *"महिलासँग सम्पत्तिमाथिको नियन्त्रण छैन । पुरुष जोसँग पैसा र स्रोतमाथि उसको नियन्त्रण छ उसले शक्तिको दुरुपयोग पनि गर्छ, आजको राजनीतिको आवश्यकता यस्तै रहेछ ।"* लक्षित समुदायसँगको छलफलका क्रममा एकजना अर्को सहभागीको अनुभव यस्तो थियो, *"मेरो नाम समानुपातिक उमेद्वारका लागि सिफारिस भएको थियो । त्यसको दोस्रो दिन मलाई पार्टीले निर्वाचनका लागि भनेर ५० लाख रुपियाँ माग गऱ्यो । मैले तुरुन्तै त्यसको प्रतिकार गरेँ । अर्को दिन मेरो नाम समानुपातिक सूचीबाट हटाइयो । यसले जोसँग पैसा छैन ती मानिसहरु राजनीतिक पार्टीमा नअटाउने अवस्था छ ।"*


राजनीतिकरूपमा सक्रिय महिलाले आफ्नो शारीरिक विशेषताका कारण एकदमै कमजोर बनाइएको महशुस गर्ने गरेका छन् । *"हामीले पनि पार्टीमा पुरुष सदस्यले जति नै योगदान*

*पुऱ्याइरहेका हुन्छौं तर जब नेतृत्व छनौटका समय आउँछ हामीलाई 'कमजोर' 'कम क्षमता भएको' वा 'उक्त पदका लागि उपयुक्त नभएको' पात्रका रूपमा हेरिन्छ । यो हामीविरुद्धको अर्को हिंसाको उदाहरण हो ।"* गहन अन्तर्वार्ताका क्रममा कर्णाली प्रदेशका एकजना सहभागीले यस्तो विचार व्यक्त गरेका थिए । यसैगरी सुदूरपश्चिम प्रदेशका गहन अन्तर्वार्ताका एकजना सहभागीको विचार यस्तो छ, *"राजनीतिमा सक्रियतापूर्वक संलग्न भएका कारण समाजमा मेरो अत्यन्तै धेरै जिम्मेवारी छन् । तर, मेरो घरमा पनि चारजना बालबालिका छन् । जब मेरो महिनावारी हुन्छ, त्यतिबेला मेरो घरमा खाना बनाइदिने व्यक्ति कोही हुँदैन । मेरा बालबालिका भोकाउँछन् त्यसैले म आफैं खाना पकाउँछु । तर, मैले आफ्नो परम्परा नमानेको आरोप मलाई लाग्ने गर्छ । मलाई लाग्छ म सक्रिय राजनीतिमा सहभागी हुँदा भोगेको एउटा हिंसा यो पनि हो ।"*


## राजनीतिमा व्याप्त लैङ्गिक हिंसा सिमान्तीकृत समुदायका महिला राजनीतिकर्मीमा अझ धेरै

यो अनुसन्धानले राजनीतिमा लैङ्गिक हिंसा छ र सिमान्तकृत समुदायका महिला र लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायमा अझ धेरै हिंसा छ भन्ने कुरा अगाडि ल्याएको छ । चित्र ३ मा देखाइएझैं सर्वेक्षणमा सहभागी भएकामध्ये सबैभन्दा धेरै (९१ प्रतिशत)ले राजनीतिमा लैङ्गिक हिंसा भएको बताएका छन् । तीमध्ये बहुसंख्यक (अध्ययनमा सहभागीमध्ये दुई तिहाइ)ले राजनीतिक जीवनमा कुनै न कुनै किसिमको हिंसा व्यहोरेको बताएका छन् (चित्र नं. ४) । यस्तो किसिमको हिंसा व्यक्तिपिच्छे फरक फरक हुन्छ । ('केही हदसम्म' 'एकदमै व्यापक छ' लाई

**चित्र ३ : राजनीतिमा व्याप्त लैङ्गिक हिंसा**
(नं.= ४९२)




**चित्र ४ : राजनीतिमा व्याप्त लैङ्गिक हिंसाको अनुभूति** (नं.= ४९२)




एकै ठाउँमा संश्लेषण गरी ९१ प्रतिशत भएको हो ।) यद्यपि, सर्वेक्षणका बहुसंख्यक सहभागीले एकै किसिमको विभेद र हिंसा जस्तै : क्षमतालाई कमजोर देखाउने, परिवारकै सदस्यबाट अवरोध हुने, जिम्मेवारीसहितका पद र भूमिका नदिने, अपमान, यौन दुर्व्यवहार, बलात्कार वा शारीरिक हिंसा र बाहिरको हिँडडुलमा रोक जस्ता साझा समस्या उनीहरूले भोगेका छन् ।

गहन अन्तर्वार्ताका सहभागीले पनि राजनीतिक रूपमा सक्रिय नेतृत्वले आफ्नो राजनीतिक जीवनमा कम्तीमा कुनै एक वा बहुआयमिक किसिमका लैङ्गिक हिंसा भएको सर्वेक्षणबाट प्राप्त तथ्यलाई पुष्टी गरेको छ । सिमान्तकृत समुदायका बहुसंख्यक सहभागी (९० प्रतिशतभन्दा बढी)ले अरूका तुलनामा बढी र विशिष्ट किसिमका विभेद र हिंसा भोगेको बताए । स्थानीय तहमा राजनीतिकरूपमा सक्रिय केही महिलाले बोक्सीजस्तो गम्भीर आरोप र हिंसासमेत भोग्नु परेको थियो । यसका साथै, जब उनीहरूमाथि दोष लगाइन्थ्यो त्यसपछि मार्ने र एक्ल्याउने जस्ता धम्कीको पनि सामना गर्नुपरेको छ । यी विचार अरूको व्यक्तिगत अनुभवभन्दा केही फरक छ । दलित महिला, अविवाहित, एकल महिला, विधवा र लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायसँग आफ्नो विशिष्ट पहिचानका आधारमा सोही किसिमका फरक फरक हिंसा भोगेका अनुभव छन् । ती भोगाइहरूबारे केही अनुभूति यहाँ समावेश गरिएको छ :

- *म दलित परिवारको सदस्य हुँ, आर्थिक अवस्था निकै कमजोर छ । त्यसैले मलाई राजनीतिमा संलग्न हुनुभन्दा केही काम गरौं भन्ने लाग्छ । कुनै नीति-निर्माण गर्दा न त हामीसँग छलफल गरिन्छ न त जानकारी नै गराइन्छ । त्यस्ता निर्णय गर्ने बैठकमा हाम्रो सहयोग र तालिको मात्रै आशा गरिन्छ ।*
- *जब म मेरो नेताको घरमा पुगें , मलाई आफ्नो जातसहितको पहिचान नखुलाउन भनियो र मैले मेरो कथित तल्लो जात (दलित)को पहिचान नै लुकाएँ ।*
- *म सिमान्तकृत समुदायको मानिस हुँ । मलाई हाम्रो पार्टीले कहिले पनि गन्दैन र हाम्रो कुनै मतलब पनि गर्दैन ।*
- *विवाहपछि मेरो राजनीतिक विचार मेरो परिवारसँग मिलेन । यसैको परिणामस्वरूप मैले आफ्नै घरमा विभिन्न तहको हिंसाको सामना गर्नुपऱ्यो ।*
- *मलाई मेरो श्रीमानले घरबाहिर जान अनुमती दिनुहुन्न ।*
- *मैले राजनीतिमा अझ थप हिंसाको सामना गर्नुपऱ्यो किनभने म एकल महिला हुँ । एकपटक हाम्रो पार्टीले आयोजना गरेको एउटा कार्यक्रममा म पनि सहभागी भएको थिएँ, मैले एकजना पुरूष सहकर्मीकै मोटरसाइकलमा बसेर यात्रा गर्नुपर्ने भयो । त्यसपछि मानिसहरूले ती पुरूष सहकर्मीसँग मेरो नाम जोडेर मेरो चरित्रहत्या गरे ।*
- *म त्यस्तो व्यक्ति हुँ जसलाई परिवार, समाज र राजनीतिले स्वीकार गर्दैन किनभने मेरो लैङ्गिक पहिचान लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदाय हो ।*

राजनीतिक पार्टीमा लैङ्गिक हिंसाको सम्बन्ध अन्तरजातीय विवाह, फरक राजनीतिक विचार र पार्टीका पुरूष सहकर्मीको भूमिकासँग पनि जोडिएको छ । उदाहरणका लागि एकजना सहभागीले अन्तरजातीय विवाह गरेका कारण पनि लैङ्गिक हिंसा व्यहोर्नु परेको अनुभव सुनाएकी थिइन् । यसका साथै केही महिला सहभागीले श्रीमानसँगको राजनीतिक विचार भिन्न भएकै कारण श्रीमानले दमन गर्ने र शारीरिक हिंसा समेत गरेको अनुभव सुनाइन । यसैगरी कतिपय महिला राजनीतिकर्मीले आफ्नो घरका श्रीमान्, ससुरा वा पुरूष सदस्य राजनीतिक पार्टीमा संलग्न छन् भने परिवारभित्रै महिला राजनीतिकर्मीको राजनीतिक प्रक्रिया र सहभागीतालाई नै सीमित बनाउँदै लगेर दोस्रो दर्जाको बनाइने गरेको पनि अनुभव बाँडें । अर्को एकजना गहन अन्तर्वार्ताकी सहभागीले भनिन् *"म मेरो आफ्नै नाम र कामले कहिले परिचित हुन पाएको छैन । मेरो बुबा राजनीतिकर्मी हुनुहुन्छ, त्यसकारण मान्छेहरूले मलाई कहिल्यै एउटा स्वतन्त्र नेताका रूपमा लिँदैन । उनीहरु मेरो पहिचान, क्षमताको अवमूल्यन गर्दै मेरोविरूद्ध टिप्पणी गर्छन्, यस्तो कुराले मलाई कमजोर अनुभूति गराउँछ ।"*

### नेपाली राजनीतिमा लैङ्गिक तथा यौनिक अल्पसंख्यकको न्यून प्रतिनिधित्व धेरै चुनौती

यो अनुसन्धानले राजनीतिक पार्टीमा लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायको प्रतिनिधित्व लगभग शून्य अवस्थामा रहेको तथ्य देखाएको छ । सहभागीका अनुसार राजनीतिक पार्टीले यो समुदायलाई न त चिन्छन् न त पार्टी सदस्यता नै दिन्छन् । यदि उनीहरूले पार्टीमा सदस्य बन्ने प्रयत्न गरे भने उल्टै अपमान गर्छन् । उनीहरु सबैतिरबाट विभेदमा छन्, तर विभेदको सुरूआत आफ्नै 'घर'बाट हुन्छ । *"लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदाय प्रत्येक पाइलामा विभेदका सामना गरिरहेको छन्, उनीहरु लाज, घृणा र डरमा बाँच्न विवश छन्"* गहन अन्तर्वार्ताका एकजना सहभागीले आफ्नो विचार यसरी राखे । *यो कुरालाई थप गर्दै एकजना प्रमुख सूचनादाता भन्छन्, "नेपालका राजनीतिक पार्टीका नेताले नै आफ्नो प्रतिपक्षी पार्टीको आलोचना गर्दा छक्का, हिजडा, तेस्रो लिङ्गीजस्ता शब्दको प्रयोग गर्छन ।"* अनुसन्धानमा सहभागीमध्ये लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायका केही व्यक्तिले मात्रै सकारात्मक अनुभव सुनाए । अनुसन्धानका उत्तरदाताले राजनीतिक पार्टीको बैठकमा बल्लतल्ल आफ्नो राजनीतिक विचार राख्न अवसर पाएको र कहिले काहीँ निर्णय लिनुपर्ने अवस्थामा छलफलका लागि बोलाउने गरेको अनुभव छ । लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायलाई मनोरञ्जनकर्ताको रूपमा मात्रै लिन तर राजनीतिक 'नेता'को नलिने गरेको अनुसन्धानका सहभागीहरूको विचार थियो । एउटा गहन अन्तर्वार्ताका क्रममा एकजना सहभागीको आफ्नो अनुभव सुनाए, *"केही राजनीतिक नेताले हामीलाई यौनसम्बन्धका लागि प्रत्यक्ष रूपमा आग्रह गरे । एउटै समितिमा काम गरिरहेका सहकर्मीले पनि हामीलाई त्यसरी नै अस्वभाविकरूपमा जिस्काउँने र होच्याउने गर्छन् ।"*

यो अनुसन्धानले लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायलाई परिवार र समाजले नै भौतिक आक्रमण, कुटपिट र दुर्व्यवहार गर्ने गरेको कुरा जानकारीमा ल्याएको छ । *"ममाथि सामूहिक बलात्कार भयो" सर्वेक्षणका क्रममा एकजना सहभागीले सुनाए "हामीलाई केबल बाँच्नका लागि त यति गाह्रो छ भने राजनीतिकरूपमा सक्रिय हुने कुरा त्यति सजिलो सपना होइन ।"* एकजना प्रमुख जानकारीकर्ताले भने *"धेरैजना लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायका सदस्यलाई त उनीहरूकै परिवारले हत्या गरेका छन्, कतिले आत्महत्या गरेका छन् भने धेरैले डरका कारण आफ्नो पहिचान समेत लुकाएर बाँचिरहेका छन् । यो समुदायका धेरै सदस्य जीवनभर घरमा आफ्नो पहिचाननै लुकाएर बसिररहेका छन्[५५] ।"* अर्को एउटा गहन अन्तर्वार्ताका क्रममा एकजनाले आफूमाथि भएको हिंसाबारे अनुभूति साटे, *"हामीलाई भौतिकरूपमै आक्रमण भयो । हाम्रो परिवार र समाजले हाम्रो पहिचान स्वीकार गर्दैन । हामीले आफ्नै घरमा परिवारबाटै विभेद भोगेका छौं । राज्यले पनि हाम्रो संरक्षण गर्दैन" ।*

लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायबाट राजनीतिकरूपमा सक्रिय भूमिका श्रेष्ठले आफ्नो पीडादायी राजनीतिक अनुभूति यसरी सुनाइन्, *"म पुरूषको रूपमा जन्मिएको हुँ तर मैले आफूलाई महिलाको रूपमा स्वीकार गरेँ । मैले लिङ्ग परिवर्तन गरेर महिला भएँ । मेरो नागरिकताको नाम कैलाश हो, त्यसैले मैले मेरो पुरूषको नाम परिवर्तन गरेर भूमिका बनाएँ । मेरो अहिलेको पहिचान नागरिकताको परिचयपत्रसँग मेल खाँदैन । मैले छनौट गरेको लैङ्गिक पहिचानसहितको मेरो कानुनी पहिचान नहुँदा म राजनीतिक उमेद्वारको रूपमा समावेश हुन सक्दिँन । कानुनीरूपमा मेरो नाम, लिङ्ग र नागरिकता परिवर्तन गर्नका लागि उजुरी गर्न सक्दिनँ । यस्ता अवरोधका कारण मलाई राजनीतिकरूपमा अगाडि बढ्न अप्ठ्यारो परेको छ । राजनीतिमा मैले भोगेको हिंसा यही हो ।"*

अनुसन्धानले नेपाली राजनीतिमा लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायको प्रतिनिधित्व

[५५] Did not disclose their sexual identity

## घटना नं. १ : जानुपर्ने लामो यात्रा

*सुनिलबाबु पन्त (अनागरिक कश्यप), संविधानसभा सदस्य, लैङ्गिक तथा यौनिक अल्पसंख्यक*

नेपालका राजनीतिक पार्टीहरू, उत्पीडित समुदाय वा लैङ्गिक तथा यौनिक अल्पसंख्यकले स्वयं अधिकारको दाबी गरेर अगाडि नआउँदासम्म सहजै स्वागत् गर्ने अवस्थामा छैनन् । लोकतन्त्र स्थापना पश्चात जब हामीले राजनीतिक पार्टीहरूलाई भेट्यौं उनीहरूको प्रतिक्रिया निकै रोचक थियो । एउटा राजनीतिक पार्टीका एकजना नेताले भनेका थिए, "*कम्युनिष्ट सोभियत युनियन र चीनमा त कोही पनि समलिङ्गी थिएनन् । जब कम्युनिष्ट सोभियत युनियन ढल्यो, अहिले सायद त्यहाँ केही होलान् । समलिङ्गी पुँजीवादी उत्पादन हुन् ।*" यद्यपि, नेपाल कम्युनिष्ट पार्टी (संयुक्त) हामीप्रति सकारात्मक र खुला थियो । त्यसैको परिणामस्वरूप वि.सं. २०६४ को पहिलो संविधानसभामा म संविधानसभा सदस्यको रूपमा छनौट भएँ । पहिलो संविधानसभा भंग भएपछि हामीले रणनीतिकरूपमा राजनीतिक प्रभाव बढाउन खोज्यौं र ठूला राजनीतिक पार्टीमा समावेश भयौं । त्यसैको परिणामस्वरूप मसहित लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायका पाँचसय सदस्य नेकपा एमालेमा प्रवेश गऱ्यौं । हामीलाई पार्टी कार्यालयमा पार्टी अध्यक्षद्धारा औपचारिकरूपमा स्वागत गरियो । पार्टीका एकजना जिम्मेवार सदस्यलाई हाम्रो सम्पर्क व्यक्तिको रूपमा जिम्मा दिइयो । तर, केही समयपछि लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायले पार्टी प्रवेश गरेका विषयलाई लिएर पार्टीभित्र असन्तुष्टी रहेको हामीले थाहा पायौं । नेताहरू खुशी थिएनन् । पार्टीमा 'बिकृति' भयो भन्ने टिप्पणी सुनिन थाले । त्यसपछि जसले हामीलाई राजनीतिक मूलप्रवाहीकरण गर्ने काममा सक्रियतापूर्वक भूमिका खेलेका थिए उनी पनि मौन बसे र अडान लिन सकेनन् । बिस्तारै नेताहरूले हामीलाई अस्वीकार गर्न थाले, हाम्रो फोनमा कुराकानी र भेटघाट पनि हुन छोड्यो । हामीलाई पार्टीको सदस्यता पनि दिइएन । त्यसैगरी अन्य राजनीतिक पार्टीले पनि हामीलाई संविधानसभाको उमेद्वारी दिने आश्वासन दिएका थिए तर अवसर दिएनन् । जतिबेला हामीले नेकपा एमाले प्रवेश गरेका थियौं, त्यतिबेला उक्त पार्टी पनि 'एमाले लैङ्गिक पहिचान नखुलेको पार्टी' भनेर निकै नै आलोचित भएको थियो । हामीलाई पनि सामाजिक सञ्जाल र छापा सञ्चारमाध्यमले 'हाँसोको पात्र' बनाए । जतिबेला राजनीतिक पार्टीले अरूलाई आरोप लगाउनु पर्थ्यो त्यतिबेला उनीहरूले 'शिखण्डी पार्टी' वा 'तेस्रो लिङ्गी पार्टी' भनिरहे जुन अत्यन्त अपमानजनक थियो (अहिलेसम्म पनि कायमै छ) । यो घटनाले लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदाय, उनीहरूको राजनीतिक महत्वकांक्षा र यात्रामा निकै ठूलो आघात पर्न गयो । अन्ततः हाम्रा सदस्यहरू दलीय राजनीतिबाट निराश भए, सक्रिय राजनीतिबाट हतोत्साही भए र थोरै मात्रै पार्टीमा टिके । त्यतिबेलादेखि आजसम्म औपचारिकरूपमा राज्यको कुनै पनि पदमा लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायबाट एकजना पनि निर्वाचित हुन सकेका छैनन् ।

अत्यन्तै न्यून र त्यो पनि निकै चुनौतीपूर्ण छ भन्ने देखाएको छ । उनीहरूमध्ये सीमित व्यक्तिले कठोरतापूर्वक आफ्नो राजनीतिक यात्रा जारी राखेका छन्, तथापि विभेद र अपमानका कारण उनीहरूको राजनीतिक सहभागीता र निरन्तरता निकै कठिन हुने देखिन्छ ।

### राजनीतिबाट बिमुख गराउने सबैभन्दा मुख्य हतियार चरित्रहत्या

यो सर्वेक्षणमा सहभागीमध्ये दुई तिहाइभन्दा बढी वा ७३ प्रतिशतले अपमान, सम्मानमा कमी र मानमर्दन हुने गरेको बताएका छन् भने ५२ प्रतिशतले मौखिकरूपमा अपमान हुने गरेको बताएका छन् । ४६ प्रशितले गलत र भ्रमपूर्ण सूचनामार्फत र १४ प्रतिशतले यौन दुर्व्यपहार, बलात्कार र बलात्कार गर्ने धम्कीयुक्त हिंसा व्यहोर्नु परेको बताएका छन् । राजनीतिमा संलग्न महिलाले भोग्नु परेका मुख्य प्रकृतिका लैङ्गिक हिंसा पनि यिनै हुन् । यसैगरी गहन अन्तर्वार्ता गरिएकामध्ये बहुसंख्यक (९५ प्रतिशत) सहभागीले 'राजनीतिमा सक्रिय महिलाहरूले सबैभन्दा मुख्य हिंसा चरित्र हत्या' रहेको बताएका थिए । गहन अन्तर्वार्ताका क्रममा सहभागीहरूले

श्रृंखलाबद्ध रूपमा यो सवाल उठाउनुका साथै अनुभव पनि सुनाएका थिए । राष्ट्रिय स्तरको राजनीतिमा सक्रिय एकजना महिला सहभागीले भनिन्, *"यदि उनीहरूले कसैगरी महिलालाई पछाडि धकेल्न सकेनन् भने उनीहरूले चरित्र हत्यालाई अन्तिम हतियारको रूपमा प्रयोग गर्छन् । जब महिलाको चरित्रमाथि आक्रमण हुन्छ उनी कहिल्यै उठ्न सक्दिनन् भन्ने सोचाइ रहेको छ ।"* एकजना वरिष्ठ राजनीतिकर्मीले भनिन्, *"अरूको चरित्रबारे दोष लगाउन एकदमै सजिलो छ किनभने यसका निम्ति कुनै तथ्य निर्माण गर्नु पर्दैन, र कसैले त्यस्तो प्रमाण पनि माग्दैन । जब एकपल्ट चरित्रमाथि दोष लाग्छ, त्यसपछि त्यो हावाभैं फैलिन्छ ।"*

प्रमुख जानकारीकर्तासँगको अन्तर्वार्ताले पनि महिला उमेद्वार वा राजनीतिकर्मीलाई पाखा लगाउनु छ भने उनीहरूको चरित्रमाथि दोष लगाइन्छ भन्ने भनाइलाई पुनःपुष्टी गर्छ । एक सहभागी भन्छन्, *"भर्खरै सम्पन्न निर्वाचनमा एकजना महिला उमेद्वारी दाबी गर्न चाहिन्थिन्, तर उनीमाथि चरित्रको प्रश्न उठाइयो । तर, एकजना पुरूष जसको तीनओटी श्रीमाती छन् उसलाई चाहिँ एउटा आदर्श उमेद्वारको रूपमा सहजै स्वीकार गरियो । यसले नै हाम्रो राजनीतिक पार्टी र समाजको चरित्र उजागर गर्दछ ।"*

यो अनुसन्धानले राजनीतिमा विभिन्न किसिमको लैङ्गिक हिंसा हुने गरेको छ भन्ने कुरा पहिचान गरेको छ । अनुसन्धानका सहभागीले शारीरिक हिंसा, क्षमतामाथिको प्रश्न, गतिशीलतामा अवरोध, नेतृत्वको अस्वीकार गर्ने वा कम स्वीकार्ने र आर्थिक हिंसालाई मुख्य औंल्याएका छन् । अनुसन्धानका सहभागीले राजनीतिमा सक्रिय पुरूषमाथि पनि हिंसा हुने विषयमा चर्चा गरेका थिए । तर, महिलाले भोगेका भन्दा ती हिंसाको प्रकृति र प्रकार फरक रहेको बताएँ । उनीको तर्क थियो पुरूषलाई धेरैजसो 'भ्रष्टाचार'को आरोप लाग्ने गरेको छ जसलाई 'सामान्य'रूपमा लइन्छ र जुन आरोपबाट उनीहरू सहजै बाहिर निस्किन सक्छन् । सोही आरोपका कारण उनीहरूको राजनीतिक जीवनभरि नै दाग पनि लाग्दैन । जबकि महिलालाई मूलत यौनिकताका आधारमा मापन गर्ने र चरित्रमाथि दोषारोपन गर्ने गरिन्छ । *"राजनीतिमा सक्रिय महिला घरबाट बाहिर निस्किनुपर्छ र सार्वजनिक मञ्चहरूमा उपस्थित हुनुपर्छ ।"* एकजना वरिष्ठ महिला नेताले थपिन्, *"जब कि राजनीतिक पार्टीमा महिलाको प्रतिनिधित्व नै थोरै छ भने स्वभाविकरूपमा त्यस्ता भेलामा पुरूषकै बाहुल्यता हुन्छ । त्यसकारण थोरै संख्यामा भएका महिलाले तहगत हिंसा भोग्नु परिरहेको छ । हाम्रा विशिष्ट लैङ्गिक आवश्यकतालाई प्राथमिकता दिईंदैन । यसले हामीलाई राजनीतिमा सहभागी हुन असहज मात्रै भएको छैन निरूत्साहित पनि पारेको छ ।"* एकजना मुख्य जानाकारीकर्तासँगको अन्तर्वार्ताका सहभागीले भने, *"राजनीतिमा महिलाको उपस्थिति बढ्दै गइरहेको छ, तर भौतिक संरचना र पूर्वाधार परम्परागत तरिकाकै छन् जुन लैङ्गिकमैत्री छैनन् । यसले राजनीतिमा सक्रिय महिलालाई अत्यन्तै धेरै अप्ठ्यारो अवस्था सिर्जना गरिदिन्छ । त्यसैको परिणामस्वरूप कार्यस्थलमा पनि महिलामाथि भौतिक र मानसिक हिंसा हुने गरेको छ ।"*

गहन अन्तर्वार्ताकै क्रममा एकजना सहभागीले 'उमेर' पनि राजनीतिमा महिलाले भोग्ने हिंसाको एउटा महत्वपूर्ण कारणको रूपमा रहेको चर्चा गरेकी थिइन । कुनै महिलाको उमेर कम हुनु वा पाको हुनुलाई 'मापदण्ड बाहिर'को भनेर पुरूषले विरोध गर्ने गरेका छन् । उदाहरणका लागि लक्षित समूह छलफलका क्रममा एकजना सहभागीको आफ्नो अनुभव सुनाइकी थिइन्, *"मलाई गठबन्धनबाट मेयर पदको उमेद्वारका लागि सिफारिस गरिएको थियो, तर मलाई मेरै पार्टीका सहकर्मीले मलाई संकेत गर्दै मेरो उमेर सोधे र मलाई स्वीकार गर्न तयार भएनन् ।"* यो अनुसन्धानले महिलाको राजनीतिक पहिचान पारिवारिक पृष्ठभूमिसँगको सम्बन्धका आधारमा खोजिन्छ र भएको राजनीतिक क्षमतालाई बेवास्ता गरिन्छ भन्ने कुरा पनि पहिचान गरेको छ । *"बारम्बार मेरो आफ्नो क्षमता प्रदर्शन गरेर प्रमाणित गर्दा पनि मलाई सँधैभरि मेरो बुबाको*

*नामसँग जोडेर हेरिन्छ र मेरो क्षमतामाथि प्रश्न गरिन्छ र मेरो अवमूल्यन गरिन्छ"* प्रमुख पद सम्हालिरहेकी एकजना गहन अन्तर्वार्तामा सहभागी भएकी प्रतिनिधिको विचार यस्तो थियो ।


राजनीतिमा महिलाको योगदान पुरूषको तुलनामा छाँयामा पर्ने गरेका छ। गहन अन्तर्वार्ताका क्रममा वरिष्ठ नेता हिसिला यामीले भनिन्, *"लामो जनयुद्धपछि संसदीय राजनीतिमा प्रवशे गर्ने बेला मलाई एकजना लैङ्गिक विज्ञले राजनीतिबाट टाढै रहन सल्लाह दिए"* उनले भनिन्, *"युद्धकालमा सँगसँग लड्नुभयो त्यो राम्रै भयो तर जब तपाईहरु संसदीय राजनीतिमा जानुहुन्छ, त्यसपछि तपाईंले जतिसुकै धेरै काम गरे पनि त्यसको जस तपाईंको श्रीमानलाई जान्छ र तपाई सँधै पृष्ठभूमिमा रहनुहुन्छ । त्यसकारण तपाईंले अरु नै कुनै जिम्मेवारी लिए राम्रो हुन्छ । अहिले म सोही कुरा अनुभूति गर्छु । आजकाल मलाई मानिसहरूले केवल बाबुराम भट्टराईको श्रीमतीका रूपमा मात्रै हेर्छन् । यद्यपि, म आफ्नो राजनीतिक रूपान्तरणको अभियानमा छु, म को हुँ भन्ने मलाई थाहा छ र यस्ता कुरामा आफ्नो प्रतिरक्षा गर्ने समय पनि छैन । म आफ्नो लक्ष्य पूरा गर्ने अभियानमा निरन्तर काम गरिरहेको छु ।"*

यो अनुसन्धानले राजनीतिकरूपमा सक्रिय महिला र लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायले लिङ्ग, जात, उमेर, यौनिकता, पहिचान र पारिवारिक सम्बन्धजस्ता विभिन्न किसिमका लैङ्गिक हिंसा भोग्नु परेको कुरालाई बाहिर ल्याएको छ । यसरी हुने हिंसाको अनुभव विभिन्न तह, भूगोल र जातमा फरक-फरक हुन्छ, यस्ता हिंसाले राजनीतिकरूपमा कमजोर बनाउँछ भने सक्रिय राजनीतिक सहभागीता र राजनीतिक लक्ष्य प्राप्तिको अभियानमा योगदान पुऱ्याउन पनि अवरोध सिर्जना गर्छ भन्ने देखाएको छ ।

### पीडक आफ्नै पार्टीका

चित्र नं. ५ मा दिएझैं सर्वेक्षणमा सहभागीमध्ये अधिकांश (६१ प्रतिशत)ले आफ्नै पार्टीका सदस्यबाट हिंसा भोगेको बताएका छन् । गहन अन्तर्वार्तामा सहभागीले जानकारी गराएका घटना र उदाहरणले पनि यो तथ्यलाई पुनःपुष्टी गरेको छ

**चित्र ५ : लैङ्गिक हिंसाका पीडक (नं.= ४९२)**




यो अनुसन्धानले धेरैजसो लैङ्गिक हिंसाका घटना पार्टीभित्रकै सहकर्मीबाट हुने गरेको

देखाएको छ । यद्यपि, चित्र नं. ५ मा देखाइएझैं विपक्षीबाट भोगेको हिंसा पनि उतिकै उल्लेखनीय छ (५४ प्रतिशत) । सर्वेक्षणमा सहभागीमध्ये एकतिहाइले नजिकैको परिवारका सदस्यहरूबाट हिंसा हुने गरको भनेका छन् जसलाई गहन अन्तर्वार्ताले पनि प्रमाणित गरेको छ । यसैगरी ९ प्रतिशतले मिडियाबाट हिंसा हुने गरेको बताएका छन् । गहन अन्तर्वार्ताका क्रममा राजनीतिमा संलग्न महिला नेतृत्वले सामाजिक सञ्जाल र अनलाइन मिडियाले भ्रमपूर्ण समाचार र गलत सूचना प्रवाह गरेर हिंसा गरेको बताएका छन् । गहन अन्तर्वार्ताका क्रममा सहभागीले राखेका विचार र अनुभूतिलाई यहाँ समावेश गरिएको छ :

- *हिंसाका पीडक मरो आफ्नै पार्टीका हुन् ।*
- *मेरा पार्टीका सदस्य र विपक्षीहरु पीडक हुन् ।*
- *माथिल्लो निकायमा भएका व्यक्तिले नै हामीविरूद्ध हिंसा गरेका छन् ।*
- *हाम्रो पार्टीका सबैजसो पुरूष 'राम्रो मान्छे'को अभिनय गर्छन् तर उनीहरूले गरेको व्यवहारको म विरोध गर्छु ।*
- *मेरो पार्टीका सदस्यहरु महिलासँग हात मिलाउन चाहन्छन् तर उनीहरु करिब एक मिनेटजति हात समातिरहन्छन् । यस्तो मलाई एकदम असहज लाग्छ तर उनीहरु यसलाई स्वस्थ्य ठट्टा हो भनिरहन्छन् ।*
- *हाम्रा धेरै साथी (कमरेड)को व्यवहार अप्ठ्यारो र लाजमर्दो किसिमको छ, स्वस्थ्य र स्वीकार्य छैन ।*

यो अनुसन्धानले महिलाविरूद्ध छापा, अनलाइन मिडिया र सार्वजनिक स्पेसमा पनि हिंसा हुने गरेको देखाएको छ । अनुसन्धानमा सहभागीले 'पुरूष'लाई त्यस्ता हिंसाको 'मुख्य' पीडकका रूपमा औल्याएका छन्, यद्यपि केही उत्तरदाताले यस्तो हिंसा कुनै लिङ्ग विशेष मात्रै नभइ जसले जसलाई पनि गर्न सक्ने तर्क गरेका छन् । अनुसन्धानमा सहभागी केही व्यक्तिले राजनीतिकर्मी महिलाले महिलाबाटै पनि हिंसा भोग्नु परेको बताएका थिए । अनुसन्धानमा सहभागीहरूले महिलाको क्षमतालाई कमजोर सोच्ने र अवमूल्यन गरिनुको मुख्य कारण पितृसत्तात्मक मनोविज्ञान नै हो भनेका छन् । उनीहरूले थप्छन् महिलाले पनि पितृसत्तात्मक मूल्य मान्यता बोकेका हुन सक्छन्, र त्यस्तो गतिविधि परिवार र पार्टीमा अभ्यास गर्छन् । अनुसन्धानमा सहभागी एकतिहाइ सहभागी (३८ प्रतिशत)ले परिवारका सदस्याबाटै हिंसा भोग्ने गरेका छन् जुन कुरालाई गहन अन्तर्वार्ताले पनि पुष्टी गरेको छ । गहन अन्तर्वार्ताका एक सहभागीको अनुभव यस्तो छ, *"मेरो र श्रीमान्बीचको राजनीतिक विचारबीच टकराव भयो । अहिले उनी एकदमै कठोर भएका छन्, मलाई बाहिर जान रोक लगाएका छन् । यसले मेरो घर बाहिरको क्रियाकलापलाई निषेध गरेको छ जुन मेरो घरभित्रकै लैङ्गिक हिंसा नै हो ।"* अरूसँग पनि यस्तै प्रकृत्तिको अनुभव रहेको छ । यो अनुसन्धानले सामुदायिक नेतृत्व, मिडिया, आमजनता र अज्ञात व्यक्तिहरू पनि यस्तो हिंसा पीडक भएको कुरा औल्याएको छ । गहन अन्तर्वार्ताका क्रममा कार्यस्थल लैङ्गिक हिंसा हुने एउटा महत्वपूर्ण स्थल भएको देखाएको छ । एकजना उपमेयरले कायस्थलमै आफ्नो पुरूष सहकर्मीबाट हिंसा भोग्नु परेको आफ्नो अनुभूति सुनाउँदै भनिन्, *"मेरो उपमेयरको कार्याकाल एकदमै तनावग्रस्त रह्यो, मैले मेयरबाटै हत्याको धम्कीका साथै अन्य श्रंखलाबद्ध हिंसाको सामना गर्नुपर्‍यो । उसले मेरो तोकिएको काम पनि गर्न दिएन । म सशक्त थिएँ, त्यसैको मैले मसँग भएका सबै कानुनी अधिकारका सवालमा आफ्नो अडान लिएँ र निर्णय प्रक्रियामा उसको मनपरीतन्त्रविरूद्ध संघर्ष गरेँ । यसले उसको अहंकारमा चोट पुग्यो । त्यसैको परिणामस्वरूप उसले मेरो प्रत्येक पाइलामा अप्ठ्यारो बनायो र मरो जीवनलाई नै कष्टकर बनायो ।"*

अनुसन्धानमा सहभागी दलित उत्तरदाताले पार्टी कार्यालय र सार्वजिनक स्थलमा समाजका

तथाकथित 'माथिल्ला जाति' बाट हिंसा हुने गरेको बताएका थिए । अर्कोतिर कथित 'माथिल्लो जाति'का व्यक्तिहरूले जातका आधारमा हिंसा नभएको तर्क गरेका थिए । उनीहरूले थपे, *"जातका आधारमा हुने कुनै पनि विभेद छैन"* । संविधानसभा सदस्य तथा बँधुवा कृषि मजदुर समितिकी प्रतिनिधिले भनिन्, *"हामीले सम्पूर्ण जीवन नै बँधुवा मजदुरूको रूपमा बितायौं । बँधुवा मजदुरबाट मुक्ति घोषणा भएपछि लोकतान्त्रिक आन्दोलनमा योगदान गऱ्यौं, देशका लागि लड्यौं । यद्यपि, हामी सार्वजनिकरूपमा सँधैभरि औंठाछाप भनेर मिडिया र सहकर्मीबाटै आलोचित भइरह्यौं । यसले हामीलाई अपमान र अमर्यादित बनायो ।"*

यो अनुसन्धानले महिला र लैङ्गिक तथा यौनिक अल्पसंख्यकमाथि भएको लैङ्गिक हिंसाको उत्पीडन पुरूष वा महिलामा मात्रै सीमित वा कुनै निश्चित ठाउँ छ लैङ्गिक हिंसाको दृष्टिकोणले सुरक्षित वा असुरक्षित भनेर पहिचान गर्न सकिने अवस्था छैन भन्ने देखाउँछ । लक्षित समूहगत छलफलका क्रममा एकजना लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायका सहभागीले भने, *"जब हाम्रो आफ्नै परिवार र समाजले हाम्रो पहिचान स्वीकार गर्दैन भने राजनीतिक पार्टीले हाम्रो पहिचानलाई स्वीकार गर्छ भन्ने सोच्नु कल्पनाभन्दा बाहिरको कुरा हो ।"*


यो अनुसन्धानले राजनीतिकरूपमा क्रियाशील महिला र लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायले परिवार, समुदाय, राजनीतिक पार्टी, सार्वजनिक डबली र मिडिया सबैतिरबाट हिंसा भोगिरहेका छन् भन्ने कुरा देखाएको छ । यो अनुसन्धानले लैङ्गिक हिंसाको सामना निजी र सार्वजनिक दुवै स्थानमा भोग्नु परिरहेको, असुरक्षा रहेको र प्रतिकुल वातावरण रहेको संकेत गरेको छ । बहुसंख्यक लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदाय परिवार र समाजमा निकै ठूलो डर र अपमान सहित बस्नु परेको पाइएको छ । यस्ता हिंसाले उनीहरूलाई निकै कठिन जीवन बाँच्न बाध्य पार्छ, उनीहरू स्वतन्त्र र भयमुक्त जीवन बाँच्न पाउँदैनन् । लैङ्गिक हिंसाले राजनीतिकरूपमा सक्रिय महिला र लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायमाथि सामाजिक र राजनीतिक जीवनमा धेरै किसिमका अवरोध खडा भएको तथ्यलाई यो अनुसन्धानले पुष्टि गरेको छ ।

## ५.२ राजनीतिमा हुने अनलाइन लैङ्गिक हिंसा

### फेसबुक हिंसाका लागि प्रयोग हुने मुख्य सामाजिक सञ्जाल

यो अनुसन्धानका क्रममा सहभागी भएका राजनीतिकर्मीमध्ये ८१ प्रतिशतले एक वा एकभन्दा बढी सामाजिक सञ्जालको प्रयोग गर्दै आइरहेको र १७ प्रतिशतले कुनै पनि किसिमको सामाजिक सञ्जालको प्रयोग गर्ने नगरेको वताएका छन् । यसरी सामाजिक सञ्जालको प्रयोग गर्ने ८१ प्रतिशतमध्ये ९७ प्रतिशतले फेसबुक प्रयोग गर्ने गरेका छन् । यसैगरी ४० प्रतिशतले अर्को लोकप्रिय सञ्जाल टिकटकको प्रयोग गर्दै आइरहेका छन् । यस्ता सामाजिक सञ्जालमा महिला नेता र लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायविरूद्धको हिंसा हुने गरेको सहभागीहरूले भनेका छन्। सामाजिक सञ्जालको प्रयोगकर्ताले यसको प्रयोग समाचार र सूचना प्राप्त गर्न, आफ्नो विचार अभिव्यक्त गर्न, मानिससँग जोडिन र मनोरञ्जनका लागि प्रयोग गर्नेगरेको भनेका छन् । यो अनुसन्धानमा समावेश भएका गत निर्वाचनमा उमेद्वारले भने आफ्ना मतदातासँग जोडिन, निर्वाचन अभियानको प्रबर्द्धन गर्न र आफ्नो राजनीतिक दृष्टिकोण प्रस्तुत गर्नका लागि सामाजिक सञ्जालको प्रयोग गरेको बताएका थिए । चित्र नं. ६ मा देखाइएझैं अनुसन्धानमा सहभागीमध्ये धेरैजसो सहभागीले विभिन्न किसिमका सामाजिक सञ्जालको प्रयोग गरेको देखाउँछ :

चित्र ६ : सामाजिक सञ्जाल प्रयोकर्तामध्ये विभिन्न सञ्जालको प्रयोगकर्ताको अवस्था




सामाजिक सञ्जाल प्रयोग विभिन्न जातजाति, शैक्षिक अवस्था र उमेरका आधारमा फरक-फरक किसिमले हुने गरेको यो अनुसन्धानले देखाएको छ । विशेषगरी ९० प्रतिशतभन्दा धेरै खसआर्य र पहाडी जनजाति महिला नेताले सामाजिक सञ्जालको प्रयोग गरिरहेका छन् भने मधेसी दलित महिला नेताको हकमा ३० प्रतिशतभन्दा कमले मात्रै सामाजिक सञ्जालको प्रयोग गर्छन् । शैक्षिक दृष्टिकोणले हेर्ने हो भने स्नातकोत्तर तह वा उच्च शिक्षा अनुसन्धान गरेका सतप्रतिशतले सामाजिक सञ्जालको प्रयोग गरिरहेका छन् भने आधारभूत शिक्षा प्राप्त गरेका मध्ये २० प्रतिशत सामाजिक सञ्जालमा जोडिएका छन् । यसैगरी उमेरको हिसाबले १८ देखि २९ वर्ष उमेरका सबैजना उत्तरदाताले सामाजिक सञ्जालको प्रयोग गर्छन् भने ६० वर्ष कटेका ५२ प्रतिशत महिला नेताले मात्रै सामाजिक सञ्जालको प्रयोग गर्छन् ।

सामाजिक सञ्जालको प्रयोग नगर्ने व्यक्तिहरूले यस्तो सञ्जाल प्रयोग नगर्नुका विभिन्न कारणहरू छन् । मूलतः इन्टरनेट र स्मार्टफोनमा पहुँच नभएका कारण उनीहरूले सामाजिक सञ्जालको प्रयोग नगरेका हुन् । अनुसन्धानमा सहभागी उत्तरदातामध्ये मधेसी दलितको संख्या २० प्रतिशत थियो, जुन संख्यामध्ये ३० प्रतिशतले मात्रै सामाजिक सञ्जालको प्रयोग गरिरहेको पाइयो । बाँकी ७० प्रतिशतले कि त उनीहरूसँग स्मार्ट फोनमा पहुँच नभएको, इन्टरनेट सुविधा उपलब्ध नभएको वा सामाजिक सञ्जाल प्रयोगसम्बन्धी ज्ञान नभएका कारण ती सञ्जालको प्रयोग नगरेको बताएका छन् । सहभागी उत्तरदाताले स्मार्टफोन र इन्टरनेटमा पहुँच भए पनि उनीहरूले चाहेको बेला प्रयोग गर्न ती साधन उनीहरूकै नियन्त्रणमा नहुने गरेका कारण पनि सामाजिक सञ्जालको प्रयोग नगरेको बताए । उनीहरूका 'श्रीमान' वा 'छोरा'ले उनीहरूका लागि सामाजिक सञ्जाल सञ्चालन गरिदिने गरेका छन् । यसैगरी केही उत्तरदाताले बिगतमा उनीहरूले हिंसा भोग्नु परेका कारण अहिले सामाजिक सञ्जाल प्रयोग गर्न छोडेको बताए । गहन अन्तर्वार्ताका क्रममा सहभागी केही महिला राजनीतिक नेतृत्वले अनलाइनमा उनीहरूमाथि दुर्व्यवहार र अपमानजनक टिप्पणीको सामना गर्नु परेका कारण आफ्नो फेसबुक 'निष्क्रिय' पारेको वा 'सञ्चालन नगरी राखेको' र 'सक्रिय' हुन नचाहेको बताए ।

यहाँ सामाजिक सञ्जाल प्रयोगका सन्दर्भमा केही सहभागीका अनुभूति समावेश गरिएको छ :

- *म फेसबुकमा थिएँ । सोही क्रममा मैले के थाह पाएँ भने म कुनै अपरिचित म्यासेन्जर समूहमा समावेश भएको रहेछु । म कसरी त्यहाँ समावेश भएँ भन्ने मलाई थाहा थिएन । त्यसपछि मैले बिस्तारै अश्लील सन्देश, फोटो र सामग्री पाउन थालेँ । यसलाई कसरी रोक्ने भन्ने मलाई थाहा थिएन । त्यसैले मैले फेसबुक प्रयोग गर्न बन्द गरेँ ।*


- *मसँग फेसबुक अकाउण्ट छ । फेसबुकबाट म समाचार र सूचना प्राप्त गर्न चाहन्छु । तर, म यसको प्रयोग गर्दिन किनभने मलाई यो सुरक्षित छ भन्ने लाग्दैन । यस्ता सञ्जालमा गलत र भ्रमपूर्ण सूचना प्रवाह हुने गर्दछ । मेरा साथीहरूले कुनै पोष्ट गर्दा उनीहरूबारे धेरै नकारात्मक टिप्पणी आउने गरेको मैले देखेको छु । त्यसैले म कहिले पनि फेसबुकमा कुनै कुरा पोष्ट गर्दिन ।मसँग फेसबुक अकाउण्ट थियो तर मैले निष्क्रिय पारेँ । म समाचार र सूचना हेर्न चाहन्छु तर म मेरो श्रीमानको फेसबुक प्रयोग गर्छु ।*

राजनीतिमा सक्रिय महिला र लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायले सामाजिक सञ्जाललाई स्वीकार गर्नुका साथै अधीक मात्रामा प्रयोग गरिरहेको यो अनुसन्धानले देखाउँछ । यस्ता सञ्जाल संसारसँगको सञ्जालमा जोडिन र सूचना सम्प्रेषण गर्न र पाउनका लागि निकै सहयोगी हुने गरेको पाइएको छ । अनुसन्धानले सामाजिक र राजनीतिक फाइदाका लागि सामाजिक सञ्जालको प्रयोग अझैं बढ्ने सम्भावना देखाउँछ । तर, अनलाइनमा हुने हिंसा र दुर्व्यवहारका घटनाका कारण सक्रिय महिला र लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायका राजनीतिक नेतृत्व यस्ता सामाजिक सञ्जालको प्रयोग गर्न असुरक्षित महसुस गर्छन् भन्ने पनि यो अनुसन्धानले देखाएको छ । यसका साथै सामाजिक सञ्जालको प्रयोगमा राजनीतिकरूपमा सक्रिय महिलाको पहुँच र नियन्त्रणमा अवरोध भइरहेको सवाल पनि यो अनुसन्धानले देखाएको छ, जुन आफैंमा उनीहरूमाथिको हिंसा हो । कमजोर आर्थिक, शैक्षिक अवस्था वा आफूमाथिको नियन्त्रणजस्ता कारणले गर्दा महिला नेतृत्व सामाजिक सञ्जाल र आधुनिक प्रविधिको प्रयोग गर्नबाट बञ्चित हुनु परेको सवाललाई पनि यो अनुसन्धानले संकेत गरेको छ ।

### व्यक्तिको पहिचान र पहुँचका आधारमा अनलाइनमा हुने लैङ्गिक हिंसामा भिन्नता

यो अनुसन्धानले राजनीतिकरूपमा सक्रिय महिला र लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायले अनलाइनमा उल्लेख्य लैङ्गिक हिंसा भोगेको देखाएको छ । सर्वेक्षणमा समेटिएका ८१ प्रतिशत सहभागीले सामाजिक सञ्जाल प्रयोग गर्छन् जसमध्ये एकचौथाई भन्दा बढी (२८ प्रतिशत)ले अनलाइन लैङ्गिक हिंसाको सामना गरेको बताएका छन् । यस्ता लैङ्गिक हिंसाका घटना धेरैजसो फेसबुकमार्फत हुने गरेका छन् भने त्यसपछि ट्वीटर, म्यासेन्जर र अन्य अनलाइन प्लेटफर्ममा हुने गरेका छन् । यस्ता सञ्जालमार्फत मूलतः उनीहरूको अपमान गर्ने, दमन गर्ने, विषयवस्तु राख्ने, राजनीतिक महिलाका शरीर र यौनिकताबारे टिप्पणी गर्ने, पोशाक, लैङ्गिक भूमिका, क्षमता जस्ता सवालमा अनावश्यक प्रश्न गर्ने, अपमानजनक शब्द र वाक्यको प्रयोग गर्ने र चरित्र हत्या गर्ने प्रकृतिका हिंसा हुने गरेका छन् । यसरी हिंसा भोगेकामध्ये २० प्रतिशत उत्तरदाताले यौनिकताबारे टिप्पणी हुने गरेको बताए भने १५ प्रतिशतले उनीहरूबारे ट्रोल बनाउने/डक्सिङ गर्ने बताए । यसैगरी १३ प्रतिशतले फोटोसप र भिडियोको दुरूपयोग गरी हिंसा भएको बताए । अनुसन्धानमा गरिएको गहन अन्तर्वार्ता र समूह छलफलमा सहभागीले अनलाइन मिडियामा समाचार पोष्ट गर्ने र अनलाइनमै त्यसलाई शेयर गरेर पनि अनलाईन हिंसा भएको बताए । अनलाइन प्लेटफर्ममा महिला राजनीतिकर्मीविरूद्ध गलत र भ्रमपूर्ण सूचना निर्माण गरिएको र अनलाइबाटै शेयर गरिएको बताए । यसका साथै यस्ता गलत वा भ्रमपूर्ण सूचना पढेर ती समाचारमा प्रयोग गरिएका सूचनाको स्रोतको वास्तविकताको परीक्षणसमेत नगरी मानिसहरूले महिला र लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायका नेतृत्वबारे अत्यन्तै असंवेदनशीलरूपमा अपमानजनक टिप्पणी गर्ने गरेको पाइयो ।

**चित्र ७ : अनलाइन लैङ्गिक हिंसाको प्रकार र अवस्था**




समूहगत छलफलमा सहभागी एक युवाले भनिन्, 'मिडियाले महिलाको शरीरलाई वस्तुको रूपमा प्रयोग गर्छ' । महिलाका सवालमा गलत शब्द र फोटोको प्रयोग गर्छ भने महिला नेतृत्वलाई कमजोररूपमा उद्धरण (कोट) गर्ने गरेका छन् । मिडियाले महिला नेताको खिल्ली उडाउने, असंवेदनशील फोटो निर्माण गर्ने, 'हाँस्य' पात्रका रूपमा चित्रण गर्ने गरेको सहभागीहरूले बताए । स्वभाविक रूपमा मिडियाले ठूलो संख्यामा मानिसहरूलाई प्रभावित पर्छ र महिला राजनीतिकर्मीबारे विचारलाई समेत प्रभावित पार्छ ।

यो अनुसन्धानले अनुसन्धानमा सहभागीहरूसँग विभिन्न किसिमका अनलाइन लैङ्गिक हिंसा भोगेका अनुभव रहेको देखाउँछ । यद्यपि, उनीहरू यस्तो अनलाइन हिंसालाई लामो समयदेखि महिला र सिमान्तकृत समुदायका महिलाले दैनिक जीवनमा भोग्दै आएको लैङ्गिक हिंसाको निरन्तरता नै हो भन्ने धारणा राख्छन् । गहन अन्तर्वार्ताका क्रममा एकजना सहभागीले राख्नुभएको विचार यस्तो थियो, *"अनलाइन लैङ्गिक हिंसा नयाँ र अनौठो लाग्दो कुरा होइन, बरु यो समाजको वास्तविक प्रतिबिम्ब हो । हामी राजनीतिमा सक्रिय महिला र सिमान्तकृत समुदायले वास्तविक जीवनमा जसरी भोगिरहेका थियौं, जुन अहिले भर्चुअल वा डिजिटल स्पेसमा प्रतिबिम्बित भएको हो । जब महिलाविरूद्धको हिंसा अनलाइनमा स्थान्तरित भयो, यो अझ बढी सदृष्य र प्रष्ट भएको छ । तर, यस्तो हिंसा सधैं थियो ।"*

वास्तविक जीवनमा भएको जस्तै विभिन्न जातजाति, शैक्षिक अवस्था, राजनीतिक आवद्धता, भूगोल र उमेरका आधारमा हुने अनलाइन लैङ्गिक हिंसा र अनुभव पनि फरक–फरक किसिमका छन् । यो अनुसन्धानले अनलाइन स्पेस राजनीतिकरूपमा सक्रिया महिला र सिमान्तकृत समुदायका राजनीतिकर्मीलाई 'हानी पुऱ्याउने' वा 'मौन राख्ने' हतियारको रूपमा प्रयोग गरिएको छ भन्ने तथ्य प्रस्तुत गरेको छ । यो कुरा स्पष्ट छ कि सबै तह, भौगोलिक क्षेत्र, शैक्षिक पृष्ठभूमि र जातीय समुदायका राजनीतिकरूपमा सक्रिय महिला र लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायले कुनै न कुनै रूपमा अनलाइनका विभिन्न प्लेटफर्ममा अनलाइन लैङ्गिक हिंसाको अनुभव गरेका छन् ।

### घटना नं. २ : पार गर्न गाह्रो छ, तर असम्भव छैन

*भगवती ठगुन्ना, नेकपा (माओवादी) पूर्व अध्यक्ष – मुर्मा गाउँपालिका, दार्चुला*

म सामान्य परिवारको मानिस हुँ । मैले मेरो राजनीतिक यात्रा वि.सं. २०७४ को निर्वाचनबाट सुरु गरेको हुँ । मैले राजनीति सुरु गर्नुभन्दा पहिले म स्थानीय आमा समूहको सक्रिय सदस्य थिएँ । मेरो समुदाय र माओवादी पार्टीको सहयोगमा म राजनीतिमा प्रवेश गरेँ र उपाध्यक्षको निर्वाचन लडेँ र निर्वाचित भएँ । यद्यपि, निर्वाचित भएपछि मैले गम्भीर किसिमका अनलाइन लैङ्गिक हिंसाको सामना गर्नुपर्‍यो । समाजमा मेरो र पालिका अध्यक्षको सम्बन्धका सवालमा अफवाह फैलियो । हामी विभिन्न योजना, कार्यक्रम र अभियानमा सँगसँगै जाने गर्थ्यौं । सोही कारण केही मानिसले हाम्रो सम्बन्धका विषयलाई लिएर गलत अफवाह फैलाउन सामाजिक सञ्जालमा पोष्ट गर्न थाले । त्यसैक्रममा भारतमा बस्ने एकजना स्थानीयले मेरो र अध्यक्षको माला लगाएको फोटो हाम्रो विवाह भएको भन्ने झूटा समाचार दिँदै फेसबुकमा पोष्ट गरे । यो कुरा मैले थाह पाउनु भन्दा अगाडि नै मेरा आफन्त, पार्टी र सबैतिर फैलिइसकेको रहेछ । मानिसहरूले मलाई गलत बाटोमा लागेको आरोप लगाए, जसले निकै ठूलो समस्या सिर्जना भयो । मेरो इज्जत र प्रतिष्ठामाथि प्रश्न उठ्यो र मानिसहरूले मेराबारे असंख्य नकारात्मक टिप्पणी गरे । यसले मलाई लज्जित र दुःखी बनायो । यसले मजस्तो सामान्य महिलालाई राजनीतिमा प्रवेश गर्न र निरन्तरता दिन कति गाह्रो हुँदो रहेछ भन्ने अनुभूति पनि गरायो । उक्त घटनाका कारण मैले मात्रै होइन, मेरो परिवारका सदस्यहरूले समेत समाजमा धेरै समस्या भोग्नु पर्‍यो ।

मलाई यस्ता घटनाको उजुरी कहाँ र कसरी गर्ने भन्ने विषयमा धेरै जानकारी थिएन । त्यसपछि म प्रहरी प्रशासनमा गएँ । मैले प्रहरीबाट यस्ता घटनाको उजुरीका लागि काठमाडौंमा प्रहरीको साइबरक्राइम ब्यूरोमा उजुरी दिनुपर्छ भन्ने थाह पाएँ । केही समयपछि त्यो पोष्ट हट्यो । यसले मलाई केही खुशी बनायो, यद्यपि, मेरो बारेमा मजाक गर्ने र अपमान गर्ने क्रम भने रोकिएन । मेरो पार्टी र परिवार मलाई यस्तो परिस्थितिबाट पार लगाउन र मेरो आत्मबल बढाउन सशक्तरूपमा उभियो ।

## ५.३ अनलाइन लैङ्गिक हिंसालाई प्रभाव पार्ने कारक

***अनलाइन लैङ्गिक हिंसा कसरी फरक हुन्छ भन्ने बुझाई***

यो अनुसन्धानले 'अनलाइन लैङ्गिक हिंसा' केही 'नयाँ' र 'अष्पष्ट' रहेको देखाउँछ । उत्तरदातालाई कस्तो कुरा अनलाइन लैङ्गिक हिंसा हो भन्ने प्रष्ट्याउन अप्ठ्यारो परेको थियो । उदाहरणका लागि, जाजरकोट र हुल्लाका १९ र २५ प्रतिशत सर्वेक्षणमा सहभागीलाई उनीहरूले अनलाइन लैङ्गिक हिंसा भोगेका छन् कि छैनन् भन्ने नै थाहा नभएको बताए । गहन अन्तार्वार्ताका क्रममा उनीहरूले लैङ्गिक पहिचानकै आधारमा धम्की दिने, अपमान गर्ने र दुर्व्यवहार गर्ने सामग्री पाउने कुरालाई लैङ्गिक हिंसाको रूपमा नभइ यस्ता व्यवहारलाई 'सामान्य' प्रतिक्रियाको रूपमा व्याख्या गरेका थिए । यसका साथै ती क्षेत्रमा मूलतः 'फेसबुक वाल'लाई मात्रै अनलाइन स्पेसको रूपमा बुझिने गरको पाइयो । तर, म्यासेन्जर, ह्वाट्सएप, भाइबर र अन्य अनलाइन प्लेटफर्मबाट प्राप्त हुने अपमानजनक टिप्पणीलाई 'अनलाइन स्पेस'लाई अनलाइन प्लेटफर्मका रूपमा नलिइएको पाइयो, जबकि सबैजसो अन्य सहभागीले यस्ता सवाललाई 'लैङ्गिक हिंसा' मान्ने गरेका छन् । यो सवालमा स्मार्टफोन प्रयोग नगर्ने वा अनलाइन स्पेसमा पहुँच नभएका सहभागीले आफ्नो कुनै विचार राखेनन् ।

### *उमेरका आधारमा हुने हिंसा*

यो अनुसन्धानले राजनीतिमा सक्रिय (१८ देखि २९) युवा महिलाले सबैभन्दा धेरै प्रतिशत (४३ प्रतिशत) अनलाइन हिंसा भोग्ने गरेको र ६० वर्ष र त्योभन्दा बढी उमेर भएका महिलाले तुलनात्मकरूपमा कम अर्थात १३ प्रतिशत हिंसा भोगेको देखाएको छ । युवा महिलाले विशेषगरी उनीहरूको उपस्थिति वा हाउभाउ, शारीरका अंग र आवरणका आधारमा हुने टिप्पणीको सामना गरेका छन् । अनुसन्धानमा सहभागी उत्तरदाताले उनीहरूलाई उनीहरूमा भएको क्षमता वा राजनीतिक दृष्टिकोणका आधारमा भन्दा पनि प्रायजसो उपस्थिति वा हाउभाउलाई लक्षित गरी हेर्ने गरेको बताए । उनीहरूले आफू 'सामाजिक रूपान्तरण' ठूलो आशा लिएर राजनीतिमा प्रवेश गरेको तर, आफ्नै सहकर्मीबाटै भएका हिंसाका कारण राजनीतिक क्षेत्र नै 'असुरक्षित स्थान'जस्तो अनुभूति भएको अनुभव सुनाए । समूह छलफलका क्रममा एकजना राजनीतिकरूपमा सक्रिय युवा महिलाको अनुभव यसरी बाँडिन्, *"म पार्टीको बैठकमा बसिरहेको बेला मेरो मोवाइलमा आउने म्यासेजहरू यस्ता हुने गर्छन्, 'तिम्रो ओठ आज निकै सेक्सी देखिएको छ', 'म तिमीलाई माया गर्छु', 'आज तिम्रो कपाल राम्रो देखिएको छैन, आज नुहाइनौ ?" के यस्तो म्यासेज पठाइनु अनलाइन हिंसा होइन ?'* सोही छलफलका क्रममा अर्को युवा राजनीतिकर्मीको अनुभव यस्तो थियो, *"हामी एउटा प्रदर्शनका क्रममा सँगै थियौं, मेरो पार्टीका एकजना पुरूषले भने, तिमीले किन आफ्नो कपाल काटेर छोटो पारेको ? तिमी त केटाजस्तो पो देखिन्छौं । उसले मेरो उमेर र रूपका आधारमा निरन्तर सताइरहे ।"* अर्को एकजना महिला राजनीतिकर्मीको थप भनाई थियो, *"हाम्रो आफ्नै पार्टीका नेताले मलाई अनावश्यक स्त्रीद्वेषी सन्देश पठाए र मलाई एकदमै असहज अनुभूति भयो ।"*

### *महत्वपूर्ण सामाजिक-सांस्कृतिक पक्ष*

यो अनुसन्धानले अनलाइन लैङ्गिक हिंसाको अनुभव जात, जातजाति र सांस्कृतिक अभ्यासले प्रभावित हुने गर्दछ भन्ने देखाएको छ । उदाहरणका लागि मधेसमा राजनीतिकरूपमा सक्रिय महिलाले उच्चस्तरको प्रत्यक्ष वा अफलाइन हिंसा भोगिरहेका छन् भने उनीहरूले अनलाइन हिंसा तुलनात्मकरूपमा कम भोगेका छन् (१९ प्रतिशत अनलाइन र ६८ प्रतिशत प्रत्यक्ष) । गहन अन्तर्वार्ता र मुख्य जानकारीकर्तासँग गरिएको छलफलका आधारमा के भन्न सकिन्छ भने यस्तो हुनुका पछाडि उनीहरूको सामाजिक सञ्जाल प्रयोग गर्ने साधन (जस्तै : स्मार्टफोन)मा पहुँचको कमी, ती साधनमाथि पुरूष (छोरा वा श्रीमान)को नियन्त्रण र ती साधन प्रयोग गर्ने सीपको कमीजस्ता कारणले उनीहरूमाथि अनलाइन हिंसा कम हुने गरेको हो । तर यो समूहमा हुने प्रत्यक्ष लैङ्गिक हिंसाको अवस्था भने निकै उच्च रहेको छ । महोत्तरी जिल्लामा जम्माजम्मी ९ प्रतिशत अनुसन्धानमा सहभागी उत्तरदाताले मात्रै अनलाइन लैङ्गिक हिंसा हुने गरेको बताए जबकि ६६ प्रतिशतले भने प्रत्यक्ष लैङ्गिक हिंसा हुने गरेको बताए । यसको पछाडिको अर्को महत्वपूर्ण कारण भनेको आर्थिक अवस्था पनि हो भन्ने सहभागीहरूको भनाइ छ । जसको स्मार्टफोनमा पहुँच पुगेको छैन उनीहरूको अनलाइन स्पेसमा पनि उपस्थिति हुँदैन । यद्यपि, मुस्ताङ जिल्लाका सर्वेक्षणमा सहभागमध्ये जम्मा ११ उत्तरदाताले मात्रै अनाइन हिंसाको अनुभव गरेका छन् । गहन अन्तर्वार्ता र मुख्य जानकारीकर्ताका सहभागी तथा समूह छलफलका अनुसार महिलामा हुने आर्थिक स्वतन्त्रता र सांस्कृतिक अभ्यासले अनलाइन र प्रत्यक्ष हिंसाविरूद्ध प्रतिरोधका लागि महत्वपूर्ण भूमिका खेल्छ भन्ने तर्क रहेको छ ।

### *राजनीतिक संलग्नता*

यो अनुसन्धानले प्रदेश वा संघीय तहमा विभिन्न पदको जिम्मेवारी लिएका व्यक्तिले अत्याधिक मात्रा (५२ प्रतिशत)मा अनलाइन लैङ्गिक हिंसा भोगेका र अर्कोतिर वडा तहका महिला राजनीतिकर्मीले थोरै (१६ प्रतिशत) अनलाइन हिंसा भोगेको देखाएको छ । गहन अन्तर्वार्ता र मूख्य सूचनादाताको भनाइ अनुसार स्थानीय तह (गाउँ)का राजनीतिकर्मीको सामाजिक

सञ्जालमा सीमित साथीहरू हुन्छन्, एकअर्काबीच व्यक्तिगतरूपमै राम्रो चिनजान हुने, उनीहरूको पोष्टमा कसले टिप्पणी गरेको छ भन्ने कुरा सहजै पहिचान गर्न सकिने जस्ता कारणले उनीहरूमाथि हुने सम्भावित अनलाइन हिंसा वा खतरालाई कम हुने उनीहरूको तर्क थियो । यद्यपि, उच्च तहका महिला राजनीतिकर्मीका तुलनामा स्थानीय तहका महिला राजनीतिकर्मी सामाजिक सञ्जालका प्लेटफर्ममा कम मात्रामा सक्रिय हुने र सीमित मात्रामा आफ्नो विचार सम्प्रेषण गर्ने गरेकाले पनि अनलाइन हिंसा कम भोगेको हुन सक्ने सहभागीहरूको भनाइ थियो ।

### शैक्षिक स्तरका आधारमा हुने फरक हिंसा

यो अनुसन्धानले कम शैक्षिक योग्यता भएको व्यक्तिभन्दा उच्च तहको शैक्षिक योग्यता भएका महिला राजनीतिकर्मीले तुलनात्मकरूपमा धेरै अनलाइन लैङ्गिक हिंसा भोगिरहेको देखाएको छ। अनुसन्धानले उच्च शिक्षा हासिल गरेका ५५ प्रतिशत महिला नेतृत्वले अनलाइन लैङ्गिक हिंसा भोगेको देखाएको छ भने आधारभूत शिक्षा (८ कक्षासम्म) प्राप्त गरेका १६ प्रतिशत महिला नेतृत्वले मात्रै यस्तो हिंसा भोगेका छन् । अनलाइनमा प्लेटफर्ममा पहुँच र प्रयोग पनि यसको केही कारण हुनसक्ने सहभागीहरू वताउँछन् । प्रदेश र संघीय तहका शैक्षिक योग्यता उच्च भएका, जसको सामाजिक सञ्जालमा धेरै व्यक्तिको पहुँच छ र उनीहरू राजनीतिक विचार निरन्तररूपमा सम्प्रेषण गरिरहन्छन्, त्यस्ता नेतृत्वले उच्च तहकै हिंसा भोग्ने गरेका छन् । यद्यपि, यो थप अनुसन्धान गर्नुपर्ने एउटा महत्वपूर्ण क्षेत्र हो ।

लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायले महिला राजनीतिकर्मीको तुलनामा अझैं धेरै अनलाइन लैङ्गिक हिंसाको सामना गरेका छन् । अनुसन्धानले राजनीतिमा सक्रिय २८ प्रतिशत महिलाले अनलाइन लैङ्गिक हिंसाको सामना गरेका छन् जबकि ८३ लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायले यस्तो हिंसाको अनुभव गरेका छन् ।
राजनीतिक विचारको अभिव्यक्ति 'जोखिमपूर्ण'

राजनीतिक महिला नेतृत्व जसले मिडियामा आफ्नो राजनीतिक विचार र दृष्टिकोण अभिव्यक्त गर्छन्, धेरैजसो उनीहरूले नै अनलाइन लैङ्गिक हिंसा अनुभव गरेका छन् । विशेषगरी जुन महिला नेतृत्वले राष्ट्रिय सवालमा आफ्नो विचार राख्ने गर्छन्, कुनै विषयमा आफ्नो दाबी पेश गर्छन वा महिलाको अधिकारबारे आवाज उठाउँछन्, धेरैजसो उनीहरूलाई लक्षित गरी उनीहरूविरूद्ध अपमानजनक टिप्पणी र आक्रमण हुने गरेको अनुभव वताएका छन् । अध्ययनका क्रममा ५१ प्रतिशत सहभागीले राजनीतिक विचार पोष्ट गर्दा अपमानजनक टिप्पणी भोगेका छन् । यसैगरी समाचार वा सूचना सम्प्रेषण गर्दा ४९ प्रतिशतले त्यस्तै अपमानजनक टिप्पणी पाउने गरेका छन् भने जब उनीहरूले व्यक्तिगत सूचना वा फोटो सम्प्रेषण गर्दा ४५ प्रतिशतले त्यस्तै टिप्पणी गर्ने गरेका छन् । राजनीतिक समाचार पोष्ट गर्दा वा शेयर गर्दा ४४ प्रतिशतमाथि घृणायुक्त अभिव्यक्ति दिने गरेका छन् भने आफ्नो दाबी प्रस्तुत गर्दा र अडान लिंदा ३२ प्रतिशत महिला नेतृत्वमाथि हिंसा हुने गरेको छ ।

### "नेता" स्वीकार गर्न कठिन

'महिला'लाई राजनीतिक पार्टी र समाजले नेताको रूपमा स्वीकार गर्न अझैं पनि चुनौतीको रूपमा लिने गर्छ भन्ने अनुसन्धानले देखाउँछ । धेरैजसो महिला हिंसा पनि आफ्नै सहकर्मी र चिनजानका व्यक्तिबाटै हुने गरेको छ । यसले महिला उनीहरूकै वरिपरि भएका मानिसबाट असुरक्षित भएका कारण महिला र सिमान्तकृत समुदायका लागि राजनीतिक प्रक्रियामा स्थापित हुन निकै चुनौती भोग्नु परेको अवस्थाको चित्रण गर्छ ।

*"हाम्रो आफ्नै पार्टीको प्रतिस्पर्धी, जो महिलाको नेतृत्व विकास गर्न चाहँदैनन् वा उनीहरूको नेतृत्वदायी पद गुम्नसक्छ भनेर डराउँछन्, उनीहरू हामीलाई नेताको रूपमा स्वीकार गर्न चाहँदैनन्"* अन्तर्वार्ताका क्रममा एकजना सहभागीले भनिन् ।

### घटना नं. ३ : कहिल्यै हार नखाने

चिना कोइराला - राप्रपा विसं २०७४ को उप-मेयरको उमेद्वार रौतहट

म बिगत २० वर्षदेखि राजनीतिमा सक्रिय छु । जब म उप-प्रमुखको उमेद्वार बनेँ, फेसबुकमा मेरो विरूद्धमा प्रश्न गर्ने र मेरो व्यक्तिगत आत्मसम्मानमाथि नै असर पार्ने गरी विभिन्न किसिमका पोष्ट गरियो । त्यहाँ अपमानजनक टिप्पणीहरू गरिएका थिए । वि.सं. २०७४ को स्थानीय निर्वाचनको समयमा म उपमेयर पदका लागि प्रतिस्पर्धा गरिरहेका बेला मेरोविरूद्ध फेसबुकमा एउटा फोटो पोष्ट गरिएको थियो किनभने म राजनीतिमा पुरूष दबदबालाई चुनौती दिइरहेको थिएँ । त्यसपछि मैले स्थानीय प्रहरीमा उजुरी दर्ता गराएँ, यद्यपि, उजुरी दर्ता नगर्न मलाई निकै धेरै दबाब आएको थियो । मैले उजुरी दर्ता गरेपछि म र पीडक दुवै पक्षबीच छलफल भयो तर पीडकविरूद्ध कारबाहीको कुनै काम भएन । मैले निर्वाचनमा सहभागी भइरहेका व्यक्तिहरूबाटै अनलाइन हिंसा भोगेँ । उक्त हिंसा निर्वाचनको प्रतिस्पर्धाका सहभागीबाटै भएको थियो । यस्ता किसिमका घटनाक्रमका कारण मैले आफ्नै पूर्वश्रीमानबाट समेत हिंसा भोग्नु पर्‍यो । उनले मलाई गाली गर्ने, कुटपिट गरेर नराम्ररी घाइते नै बनाए । त्यसपछि हामीले सम्बन्ध विच्छेद गर्‍यौं । यद्यपि, मेरो राजनीतिक यात्रा जारी छ, मैले हार मानिनँ ।

*"तपाईंलाई अनलाइन हिंसा गर्ने पीडक तपाईंको नजिकको साथी वा कामरेड वा त्यस्तो व्यक्ति जसले यस्तो गर्ला भनेर तपाईंले कहिल्यै सोच्नु भएको थिएन् पनि हुन सक्छन्"*, एकजना गहन अन्तर्वार्ताका सहभागीले भनिन् । उनले यस्तो हिंसा उच्च तहमा पुगेका राजनीतिक नेताले महिलालाई पछाडि धकेल्न 'नियतवश' गर्न सक्ने बताइन् । महिला नेतृत्व स्वीकार गर्न नचाहेकै कारण पार्टीको तल्लो तहदेखि माथिल्लो कुनै पनि विन्दूमा यस्तो हुनसक्ने उनको भनाइ थियो । ती व्यक्तिहरूले अर्कै आइडी निर्माण गरेर र अनलाइन प्लेटफर्ममा परिचय नखुलाएर पनि त्यस्तो व्यवहार गर्ने गरेको अनुसन्धानका क्रममा सहभागीहरूले बताएका थिए । यो भनाइलाई समूहगत छलफल र प्रमुख सूचना प्रदान गर्ने व्यक्तिहरूले पुष्टी गरेका थिए । उनीहरूले भने, *"जब महिला र सिमान्तकृत समुदायका व्यक्ति नेतृत्व तहमा आउँछन्, तब पितृसत्तात्मक समाजलाई उनीहरूलाई 'नेता'को रूपमा स्वीकार गर्न निकै गाह्रो हुनेगर्छ । अनलाइनमा हुने लैङ्गिक हिंसा सोही किसिमको मानसिकताको प्रतिबिम्ब हो ।"*

### *अधिकारको दाबी गर्नु 'खतरा'*


यो अनुसन्धानले जब राजनीतिमा सक्रियतापूर्वक सहभागी महिलाले लैङ्गिक अधिकारको कुरामा वकालत गर्न थाल्छन्, सामान्यतया ती सवालमा पुरूषको रूचि हुँदैन, त्यसपछि महिलामाथि उत्पीडन र अपमान हुने गर्दछ भन्ने कुरा पहिचान गरेको छ । यसले जब महिला चुपचाप आफ्नो राजनीतिक लक्ष्य प्राप्तिका लागि लाग्छन् र आफ्नै सवाल र पहिचानको बारेमा आवाज उठाउँदैनन्, त्यस्ता व्यक्तिलाई 'समान'रूपमा स्वीकार गरिन्छ । तर, जब उनले आफ्नो अस्तित्व र समान हैसियतका सवालमा आवाज उठाउँछिन्, तब उनले आफ्नै सहकर्मीबाट कल्पनासमेत नगरिएका व्यवहारको सामना गर्नुपर्छ । यो विचार अनुसन्धानका क्रममा गरिएका गहन अन्तर्वार्ता र मुख्य सूचना प्रदान गर्ने व्यक्तिसँगको अन्तर्वार्ताका क्रममा

व्यक्त गरिएका हुन् । अनुसन्धानका उत्तरदातामध्ये सुदूरपश्चिम प्रदेशकी इन्दू थारूले आफ्नो अनुभव सुनाउँदै भनिन्, *"मैले लामो समयदेखि आदिवासी जनजातिबारे आवाज उठाइरहेको छु । म लेख लेख्थेँ, भाषण गर्थे र म नेताको रूपमा स्वीकार गरिएकी थिएँ । यद्यपि, जब मैले हाम्रो आफ्नै आन्दोलनमा महिलामाथिको असमानताको कुरा र प्रश्नहरू उठाउन थालेँ ममाथि आन्दोलन बिगारेको आरोप लाग्यो र मेरो आलोचना गरियो । नेताहरूले महिलाको मुद्दा राजनीतिक मूलधारमा ल्याउन नचाहेको बरु जसले यी सवालमा प्रश्न उठाउँछन् उनीहरूलाई पाखा लगाउन खोज्ने गरेको देख्दा निकै दुःख लाग्छ । यस्तो घटनापछि मैले मेरै पार्टीका सदस्यबाट अनलाइन र प्रत्यक्ष दुवै किसिमका हिंसाको सामना गरेको छु ।"*

यसैगरी सर्वेक्षणका ३२ प्रतिशत सहभागीले जब कुनै पदको दाबी गर्छन् तब अनलाइन हिंसा भोग्नु परेको बताएका छन् । एउटा गहन अन्तर्वार्ताका क्रममा एकजना वरिष्ठ नेताले भनिन्, *"म सबैजसो सामाजिक सञ्जाल प्लेटफर्म प्रयोग गर्छु । मेरो आफ्नै ब्लग पनि छ । केही महिना अगाडि एउटा बलात्कारको घटना भएको थियो, म पीडितको अधिकारको पक्षमा उभिएँ । तर, मेरो सामाजिक सञ्जाल पुरै अपमानजनक र घृणायुक्त टिप्पणीले भरिएका थिए ।"*

**चित्र ८ : महिलामाथि अपमानजनक र स्त्रीद्वेषी टिप्पणी हुने विषयका प्रकार**

कुन बेला तपाईंले लैङ्गिक हिंसा भोग्नुभएको छ (संख्या=१३५), विविध उत्तरहरु




### *मिडियाले "उत्पादन"का रूपमा गर्ने "वस्तुकरण"*

यो अनुसन्धानले मिडियालाई पनि लैङ्गिक हिंसाको स्रोतको रूपमा पहिचान गरेको छ । सर्वेक्षणमा सहभागीमध्ये १० प्रतिशतले अनलाइन र प्रत्यक्ष वा अफलाइन दुवै किसिमका मिडियाबाट लैङ्गिक हिंसा हुने गरको बताएका छन् । एकजना सहभागीले भनिन्, *"कुनै पार्टीसँग आबद्ध अनलाइन मिडियाले अर्को पार्टीविरूद्ध गलत समाचार वा भ्रमपूर्ण समाचार सम्प्रेषण गर्छन् ।"* एउटा गहन अन्तर्वार्तामा सहभागीले भनिन्, *"हामीले उनीहरूको पक्षमा काम गरेनौं भने पत्रकारहरूले अखबारमार्फत बदला लिने गर्छन् । जब म मेयर पदमा निर्वाचित भएँ, मैले नगरपालिकाको सम्पत्ति दुरूपयोग भएको थाह पाएँ । नगरपालिकाको भाडा लामो समयदेखि नतिरिएको घटना बिरूद्ध मैले कानुनी बाटो समाएँ । तर, मेरो यो कार्यविरूद्ध अनलाइन र छापा सञ्चारमाध्यम मेरोविरूद्ध खनियो । मविरूद्ध गलत सूचना, समाचार सम्प्रेषण गरियो, जुन देशैभरि भाइरल हुन पुग्यो ।"*

गहन अन्तर्वार्ता र मुख्य सूचनादतासँगको अन्तर्वार्ताका सहभागीले मिडियाले धेरैजसो 'शक्तिशाली'कै पक्षपोषण गर्ने गरेको बताउँछन् । जुन कुरा महिला, लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदाय र सिमान्तकृतको हकमा लागू हुँदैन । जब उनीहरूलाई पुरूष नेताको मजाक उडाउनु पर्ने हुन्छ, त्यतिबेला उनीहरूले महिला र सिमान्तकृत समुदायको तस्वीर

अगाडि ल्याउँछन् । उनीहरूले आफ्ना आवाज ती अनलाइनमा समावेश गर्छन र महिला र सिमान्तकृत समुदायविरूद्ध अनलाइन मिडियालाई महत्वपूर्ण हतियारका रूपमा प्रयोग गरिन्छ । मिडियाले समाचारको माध्यमबाट ठूलो समुदायलाई सशक्तरूपमा प्रभाव पार्न निकै महत्वपूर्ण भूमिका खेल्छ, तथापि, ती मिडिया राजनीतिकरूपमा सक्रिय महिला र लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायको नेतृत्वका पक्षमा संवेदनशील हुन सकेको छैन । अनलाइन मिडियाले कुनै निर्देशिकाको अनुसरण नगरेको, तथ्यको जाँच नगरी समाचार सम्प्रेषण गरेको र उनीहरू मूलतः आफ्नो 'दर्शक' र 'पाठक' बढाउने कुरामा मात्रै ध्यान केन्द्रित गर्न थालेकोमा यो अनुसन्धानका सहभागीले पनि चिन्ता जाहेर गरेका छन् ।

**घटना नं. ४ : कसलाई विश्वास गर्ने ? मिडियासँगको एउटा अनुभव**

*एक प्रमुख सूचनादातासँग गरिएको अन्तर्वार्ता (परिचय नखुलाइएको)*

धेरै वर्ष पहिले मलाई एउटा चर्चित राष्ट्रिय पत्रिकाले अन्तर्वार्ता लिएको थियो । उक्त अन्तर्वार्ता विवाहित जोडीको स्वस्थ्य यौन जीवनकाबारेमा थियो । चाखलाग्दो कुरा, उक्त पत्रिकालेले अन्तर्वार्ताको शीर्षक मैले फरक प्रसंगमा भनेको कुरालाई एकदमै फरक तरिकाले बनाइएको थियो । उक्त शीर्षकलाई स्त्रीद्वेषी र सनसनी फैलाउने किसिमको बनाइएको थियो तर यस्तो शीर्षक राख्दा मसँग कुनै सहमती लिइएको थिएन ।

पछि उक्त लेख अंग्रेजीमा पनि अनुवाद भएको थियो । त्यतिबेला विषयवस्तु र सन्दर्भ परिवर्तित गरिएको थियो । त्योभन्दा पहिले नै उक्त लेख ७५ हजारभन्दा बढी पटक शेयर भइसकेको थियो । विभिन्न अनलाइन मिडिया र पत्रपत्रिकाले मेरो नाम र फोटो प्रयोग गरेर प्रश्नोत्तर सत्र नै राखेको मैले थाहा पाएँ । यस्ता सामाग्रीमा फेसबुकबाट मेरो फोटो लिइएको थियो, तर मसँग कुनै जानकारी र अनुमती लिइएको थिएन । त्यसपछि मैले बिगतमा पोष्ट गरिएका फोटो र पोष्टहरू हटाएँ भने मैले फोटो वा कुनै पनि किसिमका सूचना फेसबुक वा अन्य सामाजिक सञ्जालमा पोष्ट गर्न नै बन्द गरेँ । त्यसपछि मैले यौनजन्य र अत्यन्तै अपमानजनक असंख्य सन्देश र टिप्पणी पाएँ । त्यसले मलाई लामो समयसम्म नकारात्मक असर पारिरह्यो । यद्यपि, बिस्तारै मैले ती टिप्पणी पढ्न र बेवास्ता गर्न थालेँ । मैले उक्त पत्रिकाको समूहसँग छलफल पनि गरेँ, तर मैले उनीहरूबाट 'यसले तपाईंलाई चर्चा दिलाउन सहयोग गरिरहेको छ, किन चिन्ता गर्नुहुन्छ' भन्ने अभिव्यक्ति पाएँ । अहिलेसम्म पनि मेरो त्यही अन्तर्वार्तामा भएका भनाइरूरू उद्धरण वा कोट गरेर लेखिएका समाचार मेरा साथीहरू मलाई पठाउँछन्, तर म मेरो आफ्नै सहजताका लागि म ती समाचार बेवास्ता गर्ने गर्छु ।

## ५.४ निर्वाचनको समयमा अनलाइन लैङ्गिक हिंसा

*निर्वाचनको समयमा अनलाइन लैङ्गिक हिंसा बढी हुने गरेका छन्*

राजनीतिकरूपमा सक्रिय महिला राजनीतिक नेतृत्वविरूद्ध निर्वाचनको समयमा अनलाइन लैङ्गिक हिंसा बढ्ने गरेको यो अनुसन्धानबाट देखिएको छ । स्वभाविकरूपमा निर्वाचन अभियानका क्रममा उमेद्वार निकै सक्रिय हुन्छन् र प्रायजसो सार्वजनिक क्षेत्रमा पुग्ने गर्छन् । निर्वाचनको समयमा महिला उमेद्वार पनि अनलाइन र प्रत्यक्षरूपमा सबैतिर देखिने गर्छन् । पछिल्ला वर्षहरूमा निर्वाचन अभियान बृहतरूपमा सामाजिक सञ्जालबाटै हुने गरेका छन् । यो अनुसन्धानका क्रममा सहभगीमध्ये ६३ प्रतिशतले महिला उमेद्वारमाथि लैङ्गिक हिंसा (भ्रमपूर्ण र गलत सूचना र घृणायुक्त अभिव्यक्ति) हुने गरेको अनुसन्धानमा सहभागीहरूले बताए । तर

## घटना नं. ५ : उनीहरू हामीलाई चुप लगाउन चाहन्छन, तर हामी यस्तो हुन दिँदैनौं !

*मञ्जु भण्डारी, २०७९ को स्थानीय तह निर्वाचनमा मेयरको उमेद्वार नेकपा एमाले धरान नगरपालिका*

म विद्यार्थी जीवनदेखि नै पार्टी राजनीतिमा सक्रियतापूर्वक लागिरहेको छु । मैले पार्टीको तल्लो तहदेखि माथिल्लो तहसम्म विभिन्न किसिमका जिम्मेवारी लिएको छु । यसैबीच मैले विभिन्न समयमा आफ्नै पार्टी र विरोधी पक्षबाट श्रृंखलाबद्ध हिंसाको सामना गरिरहेको छु । सामाजिक सञ्जाल एउटा त्यस्तो महत्वपूर्ण प्लेटफर्म हो जहाँबाट व्यापकरूपमा गलत समाचार सम्प्रेषण गर्न, लज्जित तुल्याउने, अपमान गर्ने र महिला राजनीतिकर्मीको चरित्र हत्या गर्ने जस्ता क्रियाकलाप गरेर अत्याधीक मात्रामा लैङ्गिक हिंसा हुने गरेको छ । मसँग त्यस्ता घटनाको श्रृंखलानै छ । म जतिबेला उप-मेयर थिएँ त्यतिबेला एउटा अनलाइन मिडियाले मैले भ्रष्टाचार गरी ६५ लाख रूपैयाँ रक्सी र मासुमा खर्च गरेको भन्ने गलत सूचना प्रकाशित गरेको थियो ।

यसैगरी, जब भर्खरै सम्पन्न स्थानीय तहको निर्वाचनमा मलाई पार्टीले मेयरको उमेद्वारको रूपमा नाम सिफारिस गर्‍यो, मेरो एउटा भाषणको सम्पादित भिडियो एउटा अनलाइनमा राखियो र गलत सूचना सम्प्रेषण गरियो । यसरी अनलाइनमार्फत उक्त भिडियो मेरो आत्मसम्मानमाथि प्रहार गर्ने र सामाजिक प्रतिष्ठालाई सिध्याउने नियतले सतहमा ल्याइएको थियो । सो गलत सूचनाले मप्रति दुश्मनी पैदा गरिदियो, उक्त गलत सूचनालाई तोड्न लाई म र मेरो पार्टीलाई निकै कठिन भएको थियो । यति मात्रै होइन, उक्त भिडियोबारे गरिएका टिप्पणी मलाई अपमान गर्ने, मेरो यौनिकता र चरित्रमाथि नै आक्रमण गर्ने किसिमका थिए ।

यस्तो गम्भीर किसिमको अनलाइन हिंसा निरन्तररूपमा मैले भोगेपछि उक्त मिडियाविरूद्ध मैले प्रहरी प्रशासन, साइबर सेल, प्रेस काउन्सिलमा उजुर दिएँ र आफ्नै पार्टीलाई पनि जानकारी गराएँ । उक्त पत्रिकाले मलाई दोषीको रूपमा प्रस्तुत गरेको थियो तर म उक्त आरोप प्रमाणित भएको खण्डमा कुनै पनि किसिमको कानुनी कारबाहीको भोग्न तयार थिएँ । तर, त्यहाँ अनलाईनमा हुने हिंसामा कुनै नियन्त्रण थिएन । दुःखद कुरा त के थियो भने मेरो पार्टीले ममाथि लागेको आरोप अस्वीकार गर्ने बाहेक कुनै प्रतिक्रियात्मक गतिविधि गरेन । यसका साथै प्रहरी प्रशासन र प्रेस काउन्सिलले पनि कारबाहीका लागि कुनै तदारूकता देखाएन । यी सबै कुराले मलाई व्यक्तिगत र राजनीतिकरूपमा निकै प्रभाव पार्‍यो । मैले यस्तो अवस्थामा मेरो पार्टीले मलाई महत्वपूर्ण सहयोग गर्न सक्छ भन्ने लागेको थियो तर, दुर्भाग्यवश सोचेजस्तो भएन । म यस्तो सवालमा राज्य र राजनीतिक पार्टीको नियन्त्रण रहोस् र उनीहरूको चासो होस् भन्ने चाहिरहेको हुन्थेँ । यसका साथै यो समस्या मेरो मात्रै सवालमा सीमित नभइ जब महिलाले आफ्नो अधिकार र दाबी प्रस्तुत गर्ने त्यस्ता धेरै राजीतिकरूपमा क्रियाशील महिलाको सवाल थियो । उनीहरू हामीलाई टाढै र चुपचाप रहुन् भन्ने चाहन्थे तर, हामीले यस्तो हुन दिन दिएनौं !

१९ प्रतिशतले सँधैभरि लैङ्गिक हिंसा हुने भएकोले निर्वाचनको समय होस् वा अन्य बेला कुनै समय, त्यसले केही फरक नपरेका बताए । निर्वाचनमा उमेद्वार भएका सहभागीले निर्वाचनका समयमा हुने अनलाइन र प्रत्यक्ष हिंसाबारे आफ्नो अनुभव सुनाएका छन् ।

एकजना उपमेयर महिला उमेद्वारले आफ्नो अनुभूति बताउँदै भनिन्, *"निर्वाचनको समयमा हामी घरदैलो र अन्य निर्वाचन अभियानमा जानुपर्थ्यो, पुरुष सहकर्मीहरूसँगै यात्रा गर्नुपर्थ्यो, र लामो समयसम्म बैठकमा बस्नुपर्थ्यो । महिला उमेद्वारलाई यस्ता गतिविधिमा सहभागी हुन अनगिन्ती अप्ठ्याराहरु छन् । हाम्रा भौतिक वा भर्चुअल गतिविधिबारे हामीलाई परिवारका सदस्य र समाजले प्रश्न उठाइन्छ । जसरी हाम्रा पुरुष सहकर्मीहरूले अभियान सञ्चालन गर्छन त्यसैगरी हामीले पनि अभियान सञ्चालन गर्न हामीलाई धेरै चुनौती छन् ।"*

स्थानीय निर्वाचनमा सहभागी अर्को महिला उमेद्वारले थपिन् *"निर्वाचन विशेषगरी पैसा र रक्सीले नेतृत्व गर्ने गरेको छ । हामी महिला उमेद्वारले कार्यकर्तालाई पैसा बाँडेर, रक्सी र मासु खुवाएर भीड जम्मा गराउन सक्दैनौं । हामी राती अबेरसम्म बस्ने, पार्टी गर्ने र मात्ने गरी रक्सी खुवाउने भोजको आयोजना गर्न सक्दैनौं । हाम्रा सहकर्मीहरु नै हामीसँग काम गर्न रुचाउँदैनन् र अनलाइन र प्रत्यक्ष वा अफलाइन माध्यमबाट हाम्रो चरित्रबारे अफबाह फैलाउँछन् । यसले हामीलाई निर्वाचनमा उमेद्वार हुन वा निर्वाचित हुन अयोग्य बनाएको छ ।"*

यो अनुसन्धानले देशैभरिका महिला उमेद्वारले गलत सूचना फैलाउने, चरित्र हत्या गर्ने र सामाजिक सञ्जालमा गलत आरोप लगाउने जस्ता चुनौतीको सामना गर्नुपरेको देखाएको छ । पीडितले कानुनी कारबाहीको बाटो लिनु अगाडि नै यस्ता कुराहरू भाइरल भइसकेका हुन्छन् । ती महिलाले न्याय पाउनुभन्दा अगाडि नै उनीहरूको सामाजिक र राजनीतिक जीवनमा धरै असर परिसकेको हुन्छ । एकजना राष्ट्रिय स्तरको महिला नेता र पूर्व मन्त्रीले भनिन्, *"वि.सं. २०७४ को निर्वाचन अगाडि मेरो विरूद्धमा अचम्मै लाग्ने गरी अनलाइन हिंसा बढ्यो । कतिपय परिचित र धेरैजसो अपरिचित मानिसले अपरिचित र गलत अकाउण्टको प्रयोग गरी ममाथि आक्रमण गरे । मेरोविरूद्ध गरिएका टिप्पणीहरु मेरो यौनिकता, आत्मसम्मान, प्रतिष्ठा र चरित्रमाथिको आक्रमण थियो ।'*

## 'सिमान्तकृत' समुदाय वा लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायलाई थप चुनौती

यो अनुसन्धानले दलित, सिमान्तकृत र लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायले निर्वाचनको समयमा अतिरिक्त अनलाइन लैङ्गिक हिंसा भोग्नु गरेको कुरा पहिचान गरेको छ । गहन अन्तर्वार्ता र समूहगत छलफलमा सहभागी राजनीतिकरूपमा सक्रिय दलित महिला वा अन्य सिमान्तकृत समुदायका महिलाले सदैव लैङ्गिक हिंसाको शिकार हुनु परेको बताएका थिए । निर्वाचनको समयमा उनीहरूको कमजोर आर्थिक अवस्था वा मिडिया र अन्य स्रोतमाथिको कमजोर हैसियतका कारण उनीहरू स्वभाविकरूपमा कम प्राथमिकतामा पर्छन् । एउटा गहन अन्तर्वार्तामा सहभागी दलित महिलाले भनिन्, *"हामी स्रोतमाथिको पहुँच र नियन्त्रणबाट बञ्चितीकरणमा पारिएका छौं, हामी राजनीतिक पार्टीबाट पनि पूर्णरुपमा उपेक्षित छौं । हाम्र सवाल र उमेद्वारी कहिल्यै उनीहरुको प्राथमिकतामा परेका छैनन् । मिडियामा हाम्रे पहुँच नभएका कारण मिडियामा हाम्राबारे कुनै कभरेज गरिँदैन ।"* यसैगरी गहन अन्तर्वार्ताका एक सहभागीले भनिन्, *"मैले निर्वाचन अभियानका क्रममा 'मैले दलितलाई किन भोट हाल्ने ? यदि निर्वाचित भए पनि म नमस्कार गर्न सक्दिनँ' भन्ने जस्ता टिप्पणी पाएको थिएँ ।*

## निर्वाचनको समयमा आर्थिक अवस्था 'प्रमुख'

अनुसन्धानमा सहभागी अधिकांशले निर्वाचनका क्रममा हुने आर्थिक हिंसालाई सबैभन्दा प्रखुम हिंसा भएको विचार राखेका छन् । गहन अन्तर्वार्ता र समूह छलफलका सहभागीले महिलाको सम्पत्ति र स्रोतमाथिको पहुँच र नियन्त्रण एकदमै कमजोर रहेको, र त्यसैले उनीहरूलाई निर्वाचनको समयमा 'कमजोर' उमेद्वार बनाउने गरेको व्याख्या गरे । यसैगरी सामाजिक सञ्जाल र छापा सञ्चारमाध्यममा उनीहरूको पहुँच कमजोर भएका कारण पनि उनीहरूको आवाज जनतासम्म पुग्न गाह्रो भएको एकजना मुख्य सूचनादाताको विचार रहको छ । अनुसन्धानको एकजना सहभागीका अनुसार सम्पत्तिमाथिको सीमित पहुँच हुनु, स्वतन्त्रतापूर्वक निर्णय लिन नसक्नु र पैसा खर्च गर्न नसक्नु पनि निर्वाचनमा सहभागी हुन बाधा पुऱ्याउने सवाल हुन् । यो कुरा उनीहरूको पैसा खर्च गर्न सक्ने क्षमतासँग सम्बन्धित

## घटना नं. ६ : सामाजिक सञ्जालमा प्रतिबिम्बित जातमा आधारित हिंसा

*आस्था नेपाली, जनता समाजवादी पार्टी*

म सानैदेखि राजनीतिमा आबद्ध भएँ किनभने तीब्र गतिमा सामाजिक, राजनीतिक र आर्थिक परिवर्तन गराउने एउटै बाटो भनेको राजनीति नै हो भन्ने कुरामा मलाई विश्वास छ । मेरो राजनीतिक आस्थाकै कारण पहिलो पटक २० वर्षकै उमेरमा जेल परेको थिएँ त्यसपछि पनि धेरै पटक जेल परिसकेको छु । मलाई राष्ट्रभक्त नभएको आरोप लागेको थियो । मलाई गिरफ्तार गरियो, जेल सरुवा गरियो, छोडियो र पुनः गिरफ्तार गरियो, तर मैले ती घटनालाई सामान्यरूपमा नै लिएँ किनभने म निश्चित कारणबाट प्रेरित थिएँ । यद्यपि, यो उपक्रम धेरै लामो समयसम्म टिकेन किनभने मेरो आफ्नै पार्टीले यो कुरालाई गम्भीरतापूर्वक लिएन र मलाई आफैं बहिष्करणमा परेजस्तो अनुभूति भयो । केही वर्षपछि म सक्रिय राजनीतिबाट टाढै बसेँ, सामाजिक सञ्जाल प्रयोग गर्न छाडेँ र सिपमुलक तालिम लिन थालेँ । तर, यो पनि लामो समय टिक्न सकेन किनभने म सक्रिय राजनीतिमा अभ्यस्त भइसकेको थिएँ । त्यसपछि मैले पोखरामा बाबुराम भट्टराईसँग भेट गरेँ अनि जनता समाजवादी पार्टीमा आबद्ध भएँ । अहिले म प्रदेश सचिवको रूपमा कार्यरत छु । म पुनः सामाजिक सञ्जालमा जोडिएँ र मलाई पछ्याइरहेका मानिसहरूले पनि मलाई त्यसो गर्न उत्प्रेरित गरे ।

भर्खरै सम्पन्न स्थानीय तहको निर्वाचनमा म पुतलीबजार नगरपालिकाको उपमेयरको उमेद्वार थिएँ । यो निर्वाचनका क्रममा मैले पहिले भन्दा पनि धेरै सामाजिक सञ्जाल र अनलाइन पोर्टलको प्रयोग गरेँ । मैले सामाजिक सञ्जालहरू जस्तै : फेसबुक, टवीटर र टिकटकमार्फत निर्वाचनका आफ्ना एजेण्डाको प्रबर्द्धन गरेँ, मानिसहरूसम्म पुग्ने गरी सञ्चार गरेँ, विचार र सूचनाको आदान-प्रदान गरेँ । तर, मैले अनलाइन र प्रत्यक्ष दुवै किसिमका लैङ्गिक हिंसाको सामना गर्नुपर्‍यो । अन्य टिप्पणी बाहेक, एकातिर मेरो जात र भौतिक बनौटलाई लिएर हिंसा हुने गर्थ्यो । धेरै मानिसहरू 'दलित केटी भएर पनि कसरी तिमीले टिकट पायौ ?' भन्थे । तीमध्ये एउटा टिप्पणी यस्तो थियो, 'तिमी राम्री छौ तर दलित' । मानिसहरूको दलित समुदाय र विशेषगरी दलित महिलाबारे अत्यन्तै धेरै नकारात्मक मनोवृत्ति रहेको छ । उनीहरू सदैव दलित महिलाको क्षमतामाथि प्रश्न उठाउँछन् । उनीहरू दलित महिला स्थानीय तहको वडामै सीमित हुनुपर्छ र त्योभन्दा माथिका पदमा पुग्न सक्षम छैनन् भन्ने सोच्छन् । केही नेताहरू हाम्रो विरोध गर्छन् र अप्रत्यक्षरूपमा प्रस्ताव गर्दै भन्छन्, 'यदि तिमी मसँग जान्छौ भने तिमीले यो पद पाउँछौ ।' राजनीतिमा सक्रिय महिला युवाले सँधैजसो अनलाइन र प्रत्यक्ष दुवै किसिमको या टिप्पणी र यौनजन्य हिंसाको सामना गरिरहनु परेको छ । यस्तो किसिमको उत्पीडन र हिंसाले निरूत्साहित गर्नुका साथै मानसिक र शारीरिक स्वास्थ्य र राजनीतिक सहभागीतालाई नै असर पारिरहेको हुन्छ ।

छ । त्यसैले उनीहरू मिडिया र उनीहरूलाई पछ्याउने समूहमा पुग्छन्, जसको परिणामस्वरूप उनीहरूमाथि सामाजिक सञ्जाल र भौतिकरूपमा नै हिंसा हुन पुग्छ । गहन अन्तर्वार्तामा सहभागी एकजनाले भनिन्, *"पुरुषहरु पैसा खर्च गर्न सक्छन् । यदि उनीहरूसँग पुग्ने पैसा छैन भने पनि निर्वाचनको समयमा उनीहरु जग्गा वा सम्पत्ति बेचेरै भए पनि निर्वाचनमा खर्च गर्न सक्छन् । तर हामी त्यसो गर्न सक्दैनौं । यसले हामी राजनीतिक पार्टीमै कमजोर उमेद्वार बन्न पुग्छौं । त्यसकारण पार्टीले पनि हामीलाई पन्छाउन विभिन्न बाहाना खोज्छ । पार्टीकै कम योग्यता भएका पुरुष सदस्यले चाहिँ निर्वाचनमा टिकट पाउँछन् ।"*


## ६. न्याय प्रणाली र संयन्त्रमा पहुँच

*दर्ता हुँदैनन् अनलाइन लैङ्गिक हिंसाका मुद्दा*


यो अनुसन्धानको सर्वेक्षण र गहन अन्तर्वार्तामा सहभागी धेरैजसो उत्तरदातालाई साइबर कानुन (विद्युतीय कारोबार ऐन)बारे जानकारी छ वा सुनेका छन् । चित्र नं. ९ मा देखाइएझैं धेरैजसो सहभागी (४३ प्रतिशत)लाई सरकारले कुनै पनि व्यक्तिमाथि हुने अनलाइन वा प्रत्यक्ष हिंसाबाट बचाउनका लागि कानुनी व्यवस्था गरेको छ भन्ने विषयमा जानकारी छ वा सुनेका छन् । तर, ठोसरूपमा साइबर कानुन भनेको के हो भन्ने कुरा चाहिँ थाहा छैन । राजनीतिमा संलग्न भएका महिला उनीहरूविरूद्ध हुने विभिन्न किसिमका हिंसाबारे जानकार छन्, यद्यपि उनीहरूमध्ये ठूलो संख्या (२४ प्रतिशत) महिला साइबर कानुनबारे जानकार छैनन् वा साइबर कानुन के हो भन्ने विषयमा उनीहरूलाई थाह छैन । सर्वेक्षणमा सहभागी करिब एकतिहाइ (३२ प्रतिशत) उत्तरदाता भने यो कानुनले अनलाइन लैङ्गिक हिंसालाई सम्बोधन गर्ने कानुनी व्यवस्था हो भन्ने विषयमा जानकार छन् (चित्र ९) ।

यो अनुसन्धानले अनलाइन लैङ्गिक हिंसाका मुद्दा अत्यन्तै कम मात्रामा दर्ता हुने गरेको देखाएको छ (चित्र ९.१) । यो अनुसन्धानले जम्माजम्मी २४ प्रतिशतले मात्रै आफूले भोगको अनलाइन लैङ्गिक हिंसाको घटना दर्ता गराएको देखाएको छ जबकि ७६ प्रतिशतले भने यस्ता हिंसाका घटना कतै पनि दर्ता गराएका छैनन् । यसरी घटना दर्ता गराउने व्यक्तिले यस्ता घटना विभिन्न निकायमा दर्ता गराएका छन् । केही व्यक्तिले यस्तो घटना एउटाभन्दा धेरै निकायमा पनि दर्ता गराएका छन् (चित्र ९.२) । यो अनुसन्धानमा सहभागी भएका र हिंसाका घटना दर्ता गराउने व्यक्तिमध्ये दुई-तिहाइ उजुरी दर्ताका लागि प्रहरीमा गएका छन् । यसैगरी केही (करिब एक-तिहाइ)ले यस्ता घटना आफ्नो पार्टीमा दर्ता गराएका छन् भने १५ प्रतिशत स्थानीय सरकारमा गएका छन् र १२ प्रतिशतले मात्रै यस्तो घटना दर्ताका लागि साइबर ब्यूरो पुगेका छन् । अन्य केही व्यक्तिले यस्ता घटना प्रेस काउन्सिलमा दर्ता गराएका छन् भने केहीले निर्वाचन आयोगसम्म पुगेका छन् ।


**चित्र ९ : कानुनी व्यवस्थाबारे सचेतता (नं.= ४९२)**




**चित्र ९.१ : घटना दर्ताको अवस्था (नं.= १३९)**



**चित्र ९.२ : अनलाइन लैङ्गिक हिंसा दर्ता गरिएका निकाय**




अनुसन्धानका क्रममा गहन अन्तर्वार्ता गरिएका व्यक्तिहरूले पनि उस्तै किसिमको प्रतिक्रिया दिएका थिए । उनीहरूमध्ये धेरैले साबइबर कानुन छ भन्ने सुनेका छन् तर उनीहरूलाई कानुनमा भएका व्यवस्था र कानुनी उपचारको प्रक्रियाबारे चाहिँ जानकारी छैन । अनुसन्धान समूहले केही यस्ता व्यक्तिहरू भेट्यो जो साइबर ब्यूरो काठमाडौंमा भएको र प्रक्रिया जटिल भएका कारण हिंसाका घटना दर्ता गराउनका असफल भएका थिए । अनुसन्धानमा मुख्य सूचनादातासँग गरिएको अन्तर्वार्ताका सहभागीले पनि अनलाइन लैङ्गिक हिंसा भोगिरहेको र कानुनी कारबाहीका लागि साइबर ब्यूरो जाने प्रयत्न गरेको तर विविध अवरोधका कारण ती प्रयत्न असफल भएको बताएका थिए ।


### *विश्वास गुमाउँदै कानूनी संयन्त्र र अधिकारीहरु*

अनुसन्धानले विद्युतीय/अनलाइन लैङ्गिक हिंसाका घटनाहरु दर्ता नगर्नुका विभिन्न कारण छन् (चित्र नं. १०) भन्ने देखाएको छ । अनुसन्धानमा सहभागी करिब आधा उत्तरदाता (४९ प्रतिशत)ले अनलाइन लैङ्गिक हिंसा सामान्य भएको र त्यसकारण कतै उजुरी गर्न आवश्यक छैन भनी बताउँछन् । हिंसा 'महिला राजनीतिकर्मीको जीवनको हिस्सा भएको छ, र उनीहरूले यो मुद्दाको उजुरी आवश्यकता महसुस गर्दैन' । मुद्दाको उजुरी दर्ता गरेर न्याय पाउँछन् भन्ने आशा पनि उनीहरूमा छैन । धेरै महिलाले उनीहरूलाई 'चुपचाप' राख्छन् र उनीहरु आफूमाथिको अन्याय स्वीकार गर्छन् । गहन अन्तर्वार्ताको क्रममा, एकजना वरिष्ठ नेताले भने, *"हामी यस्तो समाजमा हुर्केका छौं, जहाँ महिलाहरु जीवनभर विभिन्न स्वरूपहरूमा हिंसाको शिकार हुन्छन्। मैले हाम्रा वरिष्ठ महिला नेतालाई उनीहरूमाथिको कुनै पनि हिंसाको उजागर गरेको कहिल्यै देखेको छैन । यसले मेरो मौनताको मनोविज्ञान तथा संस्कृतिको पक्षपोषण गरेको छ। मैले अनलाइन दुर्व्यवहारलाई मेरो राजनीतिक यात्राको एक भागको रूपमा लिएको छु र यसको विरोध गर्ने सोच्दिन, यद्यपि मलाई थाहा छ कि मेरो दृष्टिकोण हानिकारक छ ।"*

गहन र मुख्य सुचनादातासँगको अन्तर्वार्ताका उत्तरदाताहरूले पुष्टि गरेका छन् कि महिला राजनीतिज्ञले मुद्दा दायर गरेपछि कुनै किसिम न्याय प्राप्त हुन्छ भन्ने कानुन कार्यान्वयन गर्ने अधिकारी र निकायप्रति विश्वास गर्दैनन्। उनीहरूले विद्यमान कानुनी प्रणालीको विश्वसनीयतामाथि गम्भीर प्रश्न उठाएका छन् । मुद्दा दर्ता भइसकेपछि कतै अगाडि बढ्दैन र आरोपीलाई कसूरअनुसार कारबाही पनि नहुने उनीहरू बताउँछन् । यदि मुद्दा दर्ता गरे भने आफूविरूद्ध 'प्रत्याक्रमण' हुने डर रहेको बताउँछन् । सर्वेक्षण सहभागीमध्ये २१ प्रतिशतले लैङ्गिक हिंसाबारे उजुरी दर्ता गराए वा यसको विरूद्ध बोलेमा आफ्नो राजनीतिक भविष्य नै जोखिममा पर्ने बताएका थिए (चित्र १०) । यसैगरी सोही संख्या, (२१ प्रतिशत)का सहभागीले लैङ्गिक हिंसाको मुद्दा दर्ता गर्नु दर्दनाक अनुभव र लाजमर्दो कुरा भएको महसुस गरेको बताएका छन् । उनीहरु आफूलाई 'पीडित'को रूपमा प्रस्तुत गर्न चाहँदैनन् किनकि समाजमा अपराधीलाई होइन 'पीडितलाई नै दोष' दिने प्रवृति छ भन्छन् । अनुसन्धानले सुरक्षित गुनासो

सुन्ने/सम्बोधन गर्ने संयन्त्र र निकायको अभाव, गोपनीयताको कमी, र परिवार र राजनीतिक पार्टीको समर्थन नहुनुजस्ता कारणले गर्दा पीडित हिंसाका मुद्दामा उजुरी गर्न नचाहेको तथ्य देखाएको छ । त्यसैगरी सर्वेक्षणमा सहभागी १० प्रतिशतले उजुरी गर्ने निकायको बारेमा नै थाहा नभएको बताए । हिंसाका पीडितलाई अरूले धम्काउने डर बोकिरहेका छन् भने करिब ७ प्रतिशत भने परिवार वा उनीहरूको राजनीतिक पार्टीबाट 'उजुरी नगर्न' दबाब आएका कारण उजुरी दर्ता नगरेको बताउँछन् ।

**चित्र १० : अनलाइन लैङ्गिक हिंसा दर्ता नहुनुका कारण (नं.= १०६)**




माथिको तथ्याङ्कलाई गहन र मुख्य सूचनादातासँगको अन्तर्वार्ताका साथै लक्षित समूह छलफल, तथ्य वैधानिकीकरण कार्यशालाका सहभागीले पनि समर्थन जनाउनुका साथै पुष्टी गरेका थिए । स्थानीय तहमा सहजरूपमा उजुरीगर्न सकिने निकाय नहुनु, काठमाडौंमा केन्द्रीकृत साइबर ब्यूरो हुनु र कानुनीरूपमा उजुरी दर्ता गर्न काठमाडौं जानुपर्ने बाध्यता कानूनी पहुँचको लागि ठूलो बाधा हो । त्यसैगरी, पीडितलाई दोष दिने प्रवृति, हिंसालाई पीडितको लज्जाको विषय बनाउने संस्कृति, पीडितमैत्री वातावरण र सेवाको अभाव, सरकारी अधिकारीको असंवेदनशील व्यवहार, आरोपीको विरूद्धमा प्रमाण पीडितले नै पेश गर्नुपर्ने झन्झटिलो प्रक्रिया आदि कारणले मुद्दाको उजुरी दर्ता नगर्ने गरेको सहभागीले बताए ।

एउटा प्रमुख सूचनादातासँगको अन्तर्वार्तामा, गम्भीर ज्यान मार्ने धम्कीपूर्ण अनलाइन हिंसाको सामना गरेकी एक जना उत्तरदाताले मुद्दा दर्ता गर्ने प्रयासको असफलताको कथा यसरी सुनाइन्, *"अनगन्ती अनलाइन दुर्व्यवहार, हत्या र बलात्कार जस्ता जघन्य आपराधिक धम्कीहरूको सामना गरेपछि, म नेपाल प्रहरीको साइबर ब्यूरोमा उजुरी गर्न गएँ । तर त्यहाँ गएपछि मैले थप तनाव, हिंसा, आघात र अपमान महसुस गरें। मैले स्थानीय भाषामा धम्की र हिंसाको सामना गरेको थिएँ, साइबर ब्यूरोका अधिकारीहरूले भने कि उनीहरूसँग भाषा अनुवाद सेवा छैन, र उनीहरूले मलाई अनुवादित कागजातहरु उपलब्ध गराउन भने। त्यसपछि मैले आफैं अनुवाद गरें र मैले उक्त कुराहरु विभिन्न समयमा विभिन्न अधिकारीहरूलाई भन्नु पर्‍यो । मैले अपमानित र पुनःपीडित भएको महसुस गरें। अन्तमा, साइबर ब्यूरोका एक अधिकारीले भने कि यी सबै सन्देशहरु मेरो इनबक्स वा व्यक्तिगत सन्देशमा आएका कारण, त्यसलाई तिनीहरूले मुद्दाको प्रमाणको रूपमा स्वीकारिँदैन ।"*

उनी थप भनिन्, *'यस्ता प्रकारका म्यासेज र धम्की आउनुमा मेरो गल्ती भएको प्रहरीको भनाइ थियो । साइबर ब्यूरोमा धेरै असफल प्रयासहरु पछि, मैले महसुस गरें कि निरन्तरको प्रयास र प्राप्त असहयोग र असफलताले कुनै न्याय दिनु सट्टा मेरो मानसिक स्वास्थ्यलाई हानि पुऱ्याइरहेको छ। मेरो परिवारका सदस्य र साथी समेत यी सम्पूर्ण घटनाक्रमबाट धेरै नराम्रोसँग प्रभावित भए। अन्ततः मैले मुद्दा दायर गर्ने विचार त्यागें। मेरो मुद्दा अहिलेसम्म दर्ता हुन सकेको छैन ।"*

राजनीतिक रुपमा सक्रिय महिला, महिला, लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदाय र सीमान्तीकृत मात्र होइन, आफ्नो अधिकारको लागि आवाज उठाउने र पितृसत्ताको विरोध गर्नेहरु सबै राज्य र गैर-राज्य पक्षबाट अनलाइन लैङ्गिक हिंसाको सिकार भएका छन् तर अन्य तहहरुमा उनीहरूले हिंसाको सामना गर्नुपर्ने सम्भावनाको कारणले उनीहरु मौन बसिरहेको अनुसन्धानले देखाएको छ । यसले महिलाको सार्वजनिक जीवनलाई प्रतिबन्धित गरेको छ र यो राजनीतिक नेतृत्वमा पनि झल्किन्छ । जब उनीहरुले आफ्नो राजनीतिक पार्टी भित्रबाट अनलाइन वा प्रत्यक्ष लैङ्गिक हिंसाको सामना गर्छन्, उनीहरु यसलाई 'पार्टीभित्र' समाधान गर्न र यसलाई 'सार्वजनिक' नगर्न सुझाव दिइन्छ भन्ने कुरा गहन अन्तर्वार्ता उत्तरदाताले बताए । अनुसन्धानले न्याय प्रणालीमा विश्वासको कमी, झन्झटिलो र असंवेदनशील प्रक्रियाहरु, स्थानीयस्तरमा उजुरी सुन्ने संयन्त्रको अभाव, मुद्दा लामो हुने डर, आघात तथा "पीडकलाई दोष दिने र लोकलज्जाको विषय" बनाउने संस्कृति, र सूचना तथा चेतनाको कमी नै उजुरी न आउनुको मुख्य कारणहरु रहेको देखाउँछ । कानून कार्यान्वयन गर्ने निकाय, राजनीतिक पार्टी साथै कानूनको शासन कायम राख्न जिम्मेवार अन्य निकायप्रति खासै प्रश्न खडा नभएको अनुसन्धान निष्कर्षले देखाउँछ ।

## घटना नं. ७ : कमजोर शासन प्रणाली नै मुद्दा दर्ता नहुनुको प्रमुख कारण

### उपाध्यक्षको उमेद्‌वार हुम्ला

मैले सन् १९९० मा नेपाल विद्यार्थी युनियनको सदस्यका रुपमा विद्यार्थी हुँदा मेरो राजनीतिक यात्रा सुरु गरेको हुँ । महिलालाई घरायसी भूमिकामा मात्र सीमित राखेर दोस्रो दर्जाको नागरिकका रुपमा हेरिने भएकाले सक्रिय राजनीतिलाई निरन्तरता दिनु निकै चुनौतीपूर्ण रहेको मलाई लाग्छ । ग्रामीण क्षेत्रमा छाउपडी[५६] जस्ता धेरै सांस्कृतिक/सामाजिक भेदभावको सामना गर्नुपरेको छ । राजनीतिमा पुरुषजस्तै सक्रिय सहभागिताका लागि महिलाहरुले भौतिक तथा भौगोलिक बाधा अवरोधको सामना गर्छन्, तर यी पक्षलाई कहिल्यै पनि विचार गरिँदैन। यी विद्यमान अवरोधहरुका अतिरिक्त राजनीतिमा सक्रिय रहेका म लगायत केही महिलाले राजनीतिमा विभिन्न किसिमका हिंसाको सामना गर्नुपरेको छ । मेरो क्षमतालाई कमजोर पार्ने र प्रश्न उठाउने, कुनै जिम्मेवारी तोक्न नदिने, निर्णय गर्ने तहबाट बहिष्कार गर्ने, नकारात्मक टिप्पणी गर्ने, तथा चुनावको समयमा गलत सूचना फैलाउने केही उदाहरण हुन् जुन मैले मेरो राजनीतिक यात्रामा निरन्तर भोग्नु परेको छ ।

पछिल्ला वर्षमा, हामीले हुम्लामा सामाजिक सञ्जाल उल्लेखनीय रुपमा प्रयोग गर्दै आएका छौं । सूचना र समाचार सम्प्रेषण वा प्राप्त गर्न र बाहिरी संसारसँग जोडिन सजिलो भएको छ। म फेसबुक,

[५६] Chaupadi is a malpractice in Nepal, where women are considered 'impure' during their mestruation cycle, and are separated from others in many spheres of normal, daily life.


टिकटक, भाइबर, इन्स्टाग्राम प्रयोग गर्छु । यद्यपि, म पनि धेरै अनलाइन लैङ्गिक हिंसाको शिकार भएको छु । म सन् २०१७ मा उपाध्यक्ष पदको लागि उम्मेदवार हुँदा, अनलाइन माध्यममा मेरो बारेमा गलत सूचना, अफवाह र भ्रामक समाचारहरु फैलाइयो । उपसभापतिको रूपमा चुनाव लड्ने मेरो क्षमताबारे मेरो आफ्नै पार्टीका पुरूष सदस्यहरूले नै क्षमतामाथी प्रश्न उठाउदै र असहमती जनाए । हुम्लामा सबैभन्दा बढी प्रयोग हुने सामाजिक सञ्जाल फेसबुकमा रहेकाले यी यस्ता धेरैजसो काम फेसबुकबाट भएका हुन् । चुनावी नाराहरूमा पनि महिला उम्मेदवार लक्षित अपमानजनक र अनर्थ दिने शब्द रहेका थिए र मेरा विरूद्धपनि थिए ।

तर, ती कार्यहरूको महिलाले दिएको उजुरी अनुसार कानुनी कारबाही गर्ने प्रहरी प्रशासनमा विश्वास नभएकोले मैले मुद्दा उजुरी गरिनँ । यसबाहेक, केही पीडितले उनीहरूको मुद्दा दर्ता गरेपछि तिनीहरूविरूद्ध नकारात्मक टिप्पणीहरु फैलिएका थिए । यो उदाहरणले मलाई कानुनी कारबाही अगाडि बढाउन निरूत्साहित गऱ्यो । मलाई लाग्छ कि यो अन्य महिलाहरूको लागि पनि यस्तै हुन्छ । लैङ्गिक हिंसाका घटनालाई कसैले गम्भीरतापूर्वक लिँदैन। महिला राजनीतिकर्मीमाथि हुने हिंसाको सबैभन्दा ठूलो दोषी भनेको राजनीतिक पार्टी र सरकारको कमजोर शासन प्रणाली नै हो । यसले राजनीतिक रूपमा सक्रिय महिलालाई धेरै मनोवैज्ञानिक पीडा र आघात पार्छ ।

### *राजनीतिक पार्टीहरूमा जवाफदेही संयन्त्रको अभाव*

अनुसन्धानले नेपालका राजनीतिक पार्टीहरूमा पार्टी संरचनाभित्र लैङ्गिक हिंसालाई सम्बोधन गर्ने संयन्त्र नभएको देखाएको छ । अनलाइन वा प्रत्यक्ष लैङ्गिक हिंसालाई सम्बोधन गर्ने राजनीतिक पार्टीभित्रको आन्तरिक संयन्त्रको बारेमा अनुसन्धान प्रश्नको जवाफमा, केवल २१ प्रतिशत उत्तरदाताले तिनीहरूको पार्टी भित्रमा गुनासो सुन्ने प्रणाली/संयन्त्र भएको बताए । चित्र ११ मा प्रस्तुत गरिएझैं, आधा भन्दा बढी उत्तरदाताले आफ्नो पार्टीमा त्यस्तो प्रणाली/संयन्त्र नभएको बताउँछन्। त्यहाँ 'प्रणाली' रहेको बताउनेमध्ये गहन अन्तर्वार्तामा उनीहरूले 'अनुशासन समिति' र 'आचार संहिता'लाई लैङ्गिक हिंसासम्बन्धी कुनै पनि मुद्दा सम्बोधन गर्ने प्रमुख संयन्त्र रूपमा उल्लेख गरे । तर, ती समितिहरूले पनि यस्ता गुनासोलाई 'सम्बोधन' नगर्ने र समितिमा छलफल गर्ने तथा 'सार्वजनिक' गर्ने भन्दा पनि 'गोप्य रूपमा' समाधान गर्न सुझाव पाउने गरेको बताए । उत्तरदाताले महिला हिंसाको घटनाको उजुरी गरेको वा सार्वजनिक गरेको अवस्थामा उनीहरूले अर्को स्तरको अपमान र उत्पीडनको अनुभव गरेको बताउँछन् । उत्तरदायीले यी प्रवृतिले उनीहरूलाई निराश बनाएको र आफ्नो राजनीतिक पार्टीभित्र सुरक्षित महसुस गर्न नसकेको बताए ।

**चित्र ११: अनलाइन लैङ्गिक हिंसा सम्बोधन गर्ने अन्तर-राजनीतिक पार्टी संयन्त्र (संख्या= ४९२)**



गहन अन्तर्वार्ताका सहभागीहरूसँग पार्टीभित्र अनलाइन लैङ्गिक हिंसा संबोधन गर्ने संयन्त्रको बारेमा थप विचार व्यक्त गरेका छन् ।

- *मैले मेरो पार्टीमा उजुरी गरें। तर यसको बारेमा बोल्दा म अपहेलित भएँ । मेरो पार्टीले मेरो कुरा सुनेन।*
- *म एउटा गाउँको मानिस हुँ । मलाई मेरो पार्टीको कुनै पनि प्रकारको लैङ्गिक हिंसाको संबोधन गर्ने कुनै नीतिबारे थाहा छैन। म ढुक्क छु घोषणापत्रमा यो छ, तर व्यवहारमा छैन ।*
- *खाना खाँदा हामीलाई भेदभाव गरिन्छ, अलग राखिन्छ र अपमानित गरिन्छ । मलाई कसरी थाहा हुन्छ कि मेरो पार्टीहरूमा अनलाइन लैङ्गिक हिंसाको बारेमा के नीतिहरु रहेको छ ? सबै कुरा कागजमा मात्र सिमित छ (एक दलित उत्तरदाता) ।*

यी कथनहरूले माथि प्रस्तुत तथ्याङ्कहरूलाई समर्थन गर्दछ तथा स्पष्ट गर्छ कि राजनीतिक पार्टीहरूले पार्टी स्तरमा लैङ्गिक मुद्दाहरूको संबोधन गर्न असफल भइरहेका छन् र उनीहरूसँग लैङ्गिक हिंसाका घटनाहरूलाई सम्बोधन गर्न गम्भीरता र उचित संयन्त्रको अभाव रहेको छ । पार्टीले लैङ्गिक हिंसाजन्य कार्यको लागि दोषीलाई जवाफदेही बनाउन कारबाही गरेको नगन्य उदाहरण रहेको सहभागीहरू भन्छन् । *"मेरो पार्टीले आरोपीलाई एउटा पत्र पठाए, त्यपछि आरोपीले माफी माग्यो र पोस्ट हटायो"*, एक महिला नेताले आफ्नो अनुभव सुनाइन् । थोरै उत्तरदाताहरू भन्छन् कि केही घटनामा उनीहरूले घटना बारे 'मौखिक' उजुरी गरे र उनीहरूको पार्टीका नेताहरूले कोठा भित्र छलफल गर्न दुवै पक्षलाई बोलाउँछन् ।


राजनीतिक रूपमा सक्रिय महिलाहरु र लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदाय आफैंले यस्तो अनलाइन लैङ्गिक हिंसाको जिम्मेवार रहेको भनी अनुसन्धान केही सहभागीहरूले विरोधाभासपुर्ण कुरा गरेका छन्। एक गहन अन्तर्वार्ता उत्तरदाताले भने, *"महिलाहरूले कुनै संकेतहरु नगर्ने गरी आफै सजग हुनुपर्छ।"* अनुसन्धानका एक उत्तरदाताले सामाजिक सञ्जालमा आफूलाई 'एक्सपोज' नगर्नका लागि महिलाहरु आफैं सचेत र होसियार हुनुपर्दछ तथा उनीहरूले आफ्नो सीमामा रहनु पर्नेमा जोड दिए। यी कथनहरूलाई प्रमाणीकरण कार्यशाला मा केही पुरूष सहभागीहरूले समर्थन गरेका थिए। कार्यशालामा एक पुरूष सहभागीले आफ्नो विचार राख्दै भने, *"महिलाले सामना गर्ने अनलाइन हिंसा उनको सामाजिक संजाल "पोस्ट"मा आधारित छ । उनीहरूले कुनै पनि फोटो पोस्ट गर्दा सीमितताामा रहन सिक्नुपर्छ। यस्ता कार्यका लागि महिला नै जिम्मेवार छन् ।"* वैधानिकीकरण कार्याशाला केही पुरूष र महिला नेताहरूबाट पनि यस्तै भनाइहरु आएका थिए ।

# ७. राजनीतिमा लैङ्गिक हिंसाको प्रभाव

***राजनीतिमा लैङ्गिक हिंसा : एक गम्भीर, तर सम्बोधन नगरिएको सवाल***

अनुसन्धानले राजनीतिक रूपमा सक्रिय महिला र लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायविरूद्ध लैङ्गिक हिंसा हानिकारक अभ्यास रहेको देखाएको छ । चित्र १२ मा प्रस्तुत गरिए अनुसार, कुल ९५ प्रतिशत सर्वेक्षण उत्तरदाताहरूले यस्तो हिंसाले व्यक्तिगत र नेतृत्व स्तरमा असर गर्ने कुरामा सहमती जनाउँदै पुष्टि समेत गरेका छन् । गहन र मुख्य सूचनादातासँगको अन्तर्वार्ताका साथै लक्षित समूह छलफलका सहभागीहरूले थप धारणा राख्दै यसलाई पुष्टि गर्छन्। लैङ्गिक हिंसा राजनीतिमा एक गम्भीर मुद्दा भएको तर अत्यधिक बेवास्ता गरिएको तथा संबोधन नगरिएको विषय हो भन्ने कुरामा सहभागीहरू एकमत राख्छन् ।

**चित्र १२ : राजनीतिक सहभागिता र नेतृत्वमा**
**अनलाइन लैङ्गिक हिंसाको प्रभाव (संख्या= ४९२)**




उत्तरदाताहरूले कुनै पनि प्रकारको लैङ्गिक हिंसा, चाहे त्यो अनलाइन होस् वा प्रत्यक्ष, त्यसले व्यक्तिको गुणस्तरीय जीवन, आत्मविश्वास, मनोविज्ञान र मानसिक अवस्थालाई असर गर्छ भनी उल्लेख गर्छन् । अनुसन्धानका उत्तरदाताले थप स्पष्ट पार्दै भन्छन् यसले सीमान्तीकृत समुदाय र अल्पसंख्यकहरूलाई अरूको तुलनामा थप र अधिक हानिकारक प्रभाव पार्न सक्छ। राजनीतिक रूपमा सक्रिय महिलाहरूले लैङ्गिक हिंसाको सामना गरेपछि लाज र असहाय महसुस गर्दा राजनीतिमा सक्रिय रहने प्रेरणा गुमाएको पनि उनीहरु बताउँछन्। लक्षित समूह छलफल र मुख्य सूचनादाताहरूले यसले पारिवारिक सम्बन्ध टुट्न सक्ने, राजनीति छोड्न सक्ने, एक्लोपन, डिप्रेसन/चिन्ता हुने, तथा आत्महत्या गर्न पनि सक्ने बताए । साथै गहन अन्तर्वार्ता सहभागीहरु राजनीतिमा सक्रिय व्यक्तिबारे पर्ने असरबारे निम्न केही भनाइ र अनुभवहरू राख्छन् :

- *लैङ्गिक हिंसाले व्यक्तिको मर्यादा र सम्मानलाई असर गर्छ ।*
- *पारिवारिक जीवन असन्तुलन हुन्छ ।*
- *यसले समाजीकिकरणलाई असर गर्छ तथा प्रेरणा, आत्म-विश्वास, सहभागिता, र नेतृत्व क्षमता घटाउँछ ।*


- *सपनाहरु तुहिन्छन्, राजनीतिक रूपमा सक्रिय व्यक्तिमा भएको ऊर्जा, आनन्द र उत्साह पछाडि धकेलिन्छ, र यसले असन्तुष्टि र निराशा निम्त्याउँछ।*
- *हिंसाको कारण, एक व्यक्तिले आशा र मनोबल गुमाउँछ, र यसले अन्ततः सहभागितालाई असर गर्छ।*
- *यसले हामीलाई शारीरिक र भावनात्मक रूपमा थकित र कमजोर बनाउँछ ।*

अनुसन्धानले लैङ्गिक हिंसाले राजनीतिक रूपमा सक्रिय महिला र लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदाय लाई गम्भीर रूपमा प्रभाव पार्छ भनी औंल्याएको छ। यसले उनीहरूलाई शारीरिक, मानसिक र भावनात्मक रूपमा प्रभाव पार्छ जुन उनीहरूको पारिवारिक र सामाजिक जीवनसँग जोडिएको हुन्छ, जसको सम्बन्ध राजनीतिक इच्छा, भविष्य र नेतृत्वको अवसरहरू तथा क्षमताहरूसँग जोडिएको हुन्छ भन्ने सहभागीहरूको भनाइ छ ।

### राजनीतिबाट पछाडि धकेल्ने कोशिश

अनुसन्धानले राजनीतिमा लैङ्गिक हिंसाले राजनीतिकरूपमा सक्रिय महिला र लैंङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायको मानसिक र शारीरिक स्वास्थ्यलाई असर गरिरहेको देखाएको छ । अनुसन्धानले व्यक्तिको मानसिक स्वास्थ्य र नेतृत्व क्षमता, गुणस्तर, उत्साह र ऊर्जाबीचको गहिरो सम्बन्धलाई छुने देखाएको छ । यसबाट प्राप्त अत्यन्तै दुःखद तथ्य के हो भने यस्ता हिंसाले प्रायजसो राजनीतिकरूपमा सक्रिय महिला र लैंगिक तथा यौनिक अल्पसंख्यक समुदायलाई गम्भीर बेचैनी वा डिप्रेसनमा धकेलिरहेको छ । यसले उनीहरूको आत्मविश्वासमा कमी आएको छ भने निराशा, निरूत्साहित हुने गरेका कारण स्वास्थ्यमा नै हानी पुऱ्याइरहेको छ सहभागीतालाई खुम्च्याइरहेको छ । सर्वेक्षण्मा सहभागी करिब आधा (४८ प्रतिशत)ले लैङ्गिक हिंसाका कारण राजनीतिकरूपमा सक्रिय व्यक्ति राजनीतिबाट बाहिर निस्कने गरेको बताए । जबकि ४३ प्रतिशतले सामाजिक, पारिवारिक प्रतिष्ठा र ३६ प्रतिशतले राजनीतिक जीवनलाई ध्वस्त पार्ने बताएका छन् । सर्वेक्षणका एकतिहाइ सहभागीले राजनीतिमा लैङ्गिक हिंसाले महिलाको पारिवारिक जीवनलाई धराप पार्ने कुरा बताएका छन् । मुख्य जानकारीकर्ता, गहन अन्तर्वार्ता, लक्षित समूहसँगको छलफल र प्रारम्भिक नतिजा प्रमाणीकरण कार्यशालाका सहभागीबाट पनि यी तथ्यहरू पुर्नपुष्टि भएका छन् ।

चित्र १३ : **महिला र लैङ्गिक तथा यौनिक अल्पसंख्यक राजनीतिकर्मीमा लैङ्गिक हिंसाको प्रभाव**



गहन अन्तर्वार्ताका धेरै सहभागीहरूले राजनीतिमा लैङ्गिक हिंसाले उनीहरूलाई गम्भीर डिप्रेसन तथा आत्महत्या प्रयासहरूसम्म समेत पुर्याएको बताउँछन्। एक जना सहभागीले यी भनाइहरु पुष्टी गर्दै आफ्नो अनुभव सुनाउदै भनिन्, *"म आफूलाई बलियो र आत्मविश्वासी महिला ठान्थेँ तर म गलत साबित भएँ । उपमेयरमा निर्वाचित भइसकेपछि राजनीतिक समकक्षीबाट मैले श्रृङ्खलावद्ध हिंसाको सामना गर्नुपरेको थियो । एक दिन मैले कार्यालयको कोठामा झुण्डिएर आत्महत्या गर्ने प्रयास गरेँ । धेरै पटक सोधेँ म राजनीतिमा किन आएँ ? ... तर, मैले हार मानिनँ र अझै जिउँदै छु !"* एक मुख्य जानकारीकर्ताले अन्तर्वार्तामा भनिन्, *"मानिसहरूले काम गर्ने क्षमता गुमाउँछन्। लैङ्गिक हिंसाका कारण उनीहरु आफैंलाई दोषी मान्छन् र कतिपयले आत्महत्या गरेका छन् ।"*

*"लैङ्गिक हिंसाको गम्भीर प्रकृतिले बाँचेको जीवनमा दीर्घकालीन प्रभाव पार्छ ।"* मुख्य जानकारीकर्ता वरिष्ठ मनोसामाजिक विज्ञ करूणा कुँवर भन्छिन्, *"हिंसाले व्यक्तिमा गम्भीर र दीर्घकालीन प्रभाव पार्छ । प्रायजसो विशेष गरी यौन हिंसाबाट गम्भीररूपमा प्रभावित व्यक्तिहरु, लज्जित हुन्छन् र त्यस्ता घटनामा आफूलाई नै दोषी ठान्छन् । उनीहरूलाई आफैंले गल्ती गरेँ कि भन्ने लाग्छ, यसले व्यक्तिको मानसिक स्वास्थ्यमा धेरै गम्भीर असर गर्छ ।"*

मुख्य जानकारीकर्तासँगको गहन अन्तर्वार्ताले अनलाइन वा प्रत्यक्ष लैङ्गिक हिंसाले व्यक्तिलाई मात्र नभई सम्पूर्ण परिवार र उनीहरूको मनोविज्ञानलाई प्रतिकूल असर पार्ने गरेको पुष्टि गर्छ । धम्की र हमला व्यक्तिभन्दा बाहिर परिवार र साथीभाइमा समेत पुग्छ, जसले उनीहरूको वरिपरि गम्भीर चिन्ता र आघात पुऱ्याउँछ अर्थात निरन्तर राजनीतिमा निरूत्साहित गराउँछ भन्ने उनीहरूलाई लाग्छ । उनीहरूले भने, जब हाम्रो आवाज सुनिँदैन र हामीलाई लज्जाको विषय बनाइन्छ, अनि वरपरका मानिसबाट दुर्व्यवहार हुन्छ, समाजले हामीलाई नै दोषी बनाउँछ । यस्तो अवस्थामा कतिपयमा अपराधको भावना विकास गर्न थाल्छ, मनोवैज्ञानिक असर पुऱ्याउँछ । मनोविज्ञ करूणा थप्छिन् *"अपराधको भावनाले बाँचेकालाई मद्दत खोज्न वा अर्को व्यक्तिसँग घटना बताउन अनुमति दिँदैन, जसले व्यक्तिको भलाईमा प्रत्यक्ष असर पार्छ, यसले आफू संलग्न भएका सबै कामहरूमा उत्कृष्ट योगदान गर्ने उत्साहलाई असर गर्छ ।"*

कुँवरले भनेका कुरालाई एकजना जानकारीकर्ताको अनुभवले थप सहयोग गर्छ । उनी भन्छिन्, *"जब ममाथि हिंसा भइरहेको थियो, मैले सोचेँ केही गलत छ । यस्तो त सबै ठाउँबाट हुँदैन । मैले सोचेको थिएँ कि म आफ्नो मनको कुरा गरिरहेको छु र मेरो बोल्ने अधिकार प्रयोग गर्दैछु । म आफूलाई काव्यात्मक रूपमा व्यक्त गर्दै थिएँ, तर मैले पाएको प्रतिक्रिया पूर्णतया फरक थियो । त्यस्तो कोलाहलले मलाई भावनात्मकरूपमा असर गऱ्यो । मलाई धम्की र घृणा आएको बेला मैले सोचिरहेँ, सायद मैले जे गरेँ त्यो गलत थियो । मेरो आफ्नै परिवार र साथीहरूले पनि धम्की भोगीरहेका थिए र त्यसैले मलाई लाग्यो कि सायद यसको लागि म आफैं जिम्मेवार छु । मैले गरेको कामको लागि मलाई दोषी महसुस भयो । सौभाग्यवश, त्यसबेला मेरो परिवारले मलाई धेरै साथ दियो ।"*

मनोविज्ञ करूणा थप्छिन्, *"यस्तो अवस्थामा व्यक्तिले आफ्नो क्षमताबारे 'शंका' गर्न र आफैंलाई प्रश्न गर्न थाल्छ । उनीहरूले आफूलाई 'खराब' मान्न थाल्छन् । यौन दुर्व्यवहार र आक्रमणबाट पीडित व्यक्तिमा आत्महत्या गर्ने प्रवृत्ति पाइन्छ । डिप्रेसन, उदासी, गम्भीर आक्रमण, चिन्ता, आत्मसम्मानको कमी, डरको विकास, निश्चित ठाउँमा जान कठिनाइ, विश्वासका समस्या र कम आत्म-विश्वास हिंसाबाट प्रभावितहरूमा देखिएका केही प्रमुख प्रभावहरु हुन् ।"*

अनुसन्धानले सीमान्तीकृत समुदायबाट राजनीतिमा सक्रिय महिलाहरूले अरूको तुलनामा थप नकारात्मक प्रभाव पार्ने देखाएको छ। *'दलित समुदाय र नेताले सामाजिक सम्मान पाउँदैनन्'* । एक प्रमुख जानकारीकर्ता अन्तवार्ताका उत्तरदाता भन्छन्, *"प्रभावितहरु एक्लो र निराश हुन्छन् र उनीहरूले समाज र राजनीतिबाट हिंसाको शिकार हुन्छन् जस कारण उनीहरूले दोषी महसुस गर्छन् र उनीहरूका आफैंलाई घृणा गर्छन् ।"* यो भनाइलाई समर्थन गर्दै अधिकांश मुख्य सूचनादाता अन्तर्वार्ताका उत्तरदाताहरूले सक्रिय राजनीतिबाट मात्रै नभई अन्य सार्वजनिक जीवनबाट पनि टाढा राखेको उल्लेख गर्छन् । यद्यपि, अनुसन्धानले केही विरोधाभासपूर्ण तथ्य पनि फेला पारेको छ । उदाहरणका लागि सर्वेक्षणमा सहभागी केही व्यक्तिले कुनै पनि किसिमको लैङ्गिक हिंसाको सामना नगरेको र गरे पनि यसले असर नगरेको बताएका छन् । एउटा अन्तर्वार्तामा सहभागीले भनिन्, *"यसले मलाई असर गर्दैन । मानिसले मेरोबारेमा के भन्छन् र के लेख्छन् मलाई कुनै वास्ता छैन । मेरो ध्यान मेरो राजनीतिक लक्ष्य हासिल गर्न हो ।"* उनीहरु यस्ता कामप्रति आफूलाई 'तटस्थ' राख्छन् । त्यस्ता टिप्पणी मूलत विशेषाधिकार प्राप्त जाति र वर्गका अथवा संरचनात्मक लाभ प्राप्त व्यत्तिहरूवाट आएका थिए । उनीहरूले तुलनात्मकरूपमा बढी शक्ति अभ्यास गर्दै आइरहेका छन् ।

अनुसन्धानले लैङ्गिक हिंसाले राजनीतिकरुपमा सक्रिय महिला र लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायलाई शारीरिक, मानसिक, पारिवारिक,सामाजिक र राजनीतिकरूपमा गम्भीर प्रभाव पारेको देखाएको छ प्रभावितहरू पीडा भोगेर पनि चुपचाप छन् किनभने कानुनी संयन्त्र पहुँचयोग्य छैनन् वा ती क्रियाशील छैनन् । राजनीतिक पार्टी यी सवालमा अनुत्तरदायी छन् र तिनीहरुमध्ये धेरैजसो पार्टीभित्र यस्ता मुद्दा सम्बोधन गर्ने संयन्त्रको अभाव छ भन्ने अनुसन्धानले देखाउँछ । यसले प्रत्यक्ष वा अप्रत्यक्षरुपमा नेतृत्वका अवसर र क्षमता र सहभागीतालाई पनि गम्भीर असर पारेको छ सहभागीहरूको धारणा छ ।

### *लोकतान्त्रिक अभ्यासमा अवरोध*

अनुसन्धानका तथ्यहरुले के देखाउँछ भने राजनीतिमा सक्रिय महिला र सिमान्तकृत समुदायमाथि हुने हिंसा लोकतान्त्रिक अभ्याससँग सम्बन्धित छन् । अनुसन्धानमा सहभागी भएका व्यक्तिहरूले लोकतन्त्रमा प्रत्येक व्यक्ति फरक छन् तर उनीहरू समान हुने विचार राखेका थिए । तर जब दुईजना व्यक्तिलाई फरक व्यवहार गरिन्छ त्यसपछि यो कुरूप हुन्छ । अनुसन्धानका क्रममा सहभागी सबैजसो उत्तरदाता (सर्वेक्षण र गहन अनुसन्धान) लैङ्गिक हिंसा समावेशी लोकतन्त्रको असंगत पक्ष हो जसले निश्चित समूहको समान सहभागीतालाई बाधा पुऱ्याउँछ भन्ने कुरामा सहमत छन् । महिला र सिमान्तकृत समुदाय जबसम्म राजनीतिमा सुरक्षित र सम्मानित हुँदैनन् र उनीहरूको प्रतिनिधित्व जबसम्म संविधान र कानुनमा उल्लेख भएबमोजिम हुँदैन, यसले समावेशी नेतृत्वमा नै गम्भीर असर पार्छ भन्ने कुरामा उनीहरूले जोड थियो । अनुसन्धानमा सहभागीले राखेका केही विचार तल उल्लेख गरिएको छ :

- *लोकतन्त्रको अर्थ प्रत्येक व्यक्ति समान हुनु हो । किन सिमान्तकृत, महिला र फरक क्षमता भएका व्यक्ति किन सँधै बहिस्करणमा पारिएका छन् ? जब सबै नागरिक समानरुपमा अगाडि बढ्न सक्दैनन्, कसरी यो समावेशी हुनसक्छ ?*
- *समावेशी लोकतन्त्रको अर्थ महिला र सिमान्तकृत समुदायको राजनीतिमा समान सहभागिता हुनु हो । तर, महिलालाई राजनीतिमा अनलाइन र प्रत्यक्ष लैङ्गिक हिंसाले प्रभाव पारिरहेको छ । यसले राजनीतिमा आउन इच्छुक महिला राजनीतिकर्मीलाई निरूत्साहित पार्ने सन्देश दिने र उनीहरूले राजनीति नै छोड्न सक्नेछन् । युवामा राजनीतिप्रति नकारात्मक दृष्टिकोणको विकास हुनेछ । महिला सहभागी हुन निरूत्साहित हुनेछन् ।*

अनुसन्धानमा सहभागीहरूले अनलाइन र प्रत्यक्षरूपमा हुने लैङ्गिक हिंसाले समावेशी लोकतन्त्रलाई नै चुनौती दिन्छ भन्ने तर्कमा बलियो समर्थन गरेका छन् । तीमध्ये केही विचार यस्ता थिए :

- *हिंसाले महिला, लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदाय र अन्य विभेदमा पारिएका समुदाय प्रभावित भएका छन् । अनलाइन लैङ्गिक हिंसाले महिला, दलित र अन्य सिमान्तकृत समुदायलाई नेतृत्वको लागि अगाडि बढ्न दैनिकरूपमै निरूत्साहित गरिरहेको छ । समावेशी लोकतन्त्रको अर्थ आत्मसम्मानपूर्वक बाँच्न पाउने, समानता र स्वतन्त्रताको अधिकार हो, लैङ्गिक हिंसाका कारण उनीहरु अधिकारको प्रयोग गर्नबाट बञ्चितीकरणमा पारिएका छन् ।*
- *कुनै पनि व्यक्तिविरूद्धको हिंसा उनीहरूको आत्मसम्मान माथिको आक्रमण हो । यो गम्भीर प्रकृत्तिको मानवअधिकारको उल्लंघन हो ।*
- *यस्तो हिंसाले सबैभन्दा पहिले मानिसको आत्मसम्मानमा असर पुऱ्याउँछ । आत्मसम्मानपूर्वक बाँच्न पाउने कुरा नेपालको संविधानको मौलिक अधिकारअन्तर्गत समावेश गरिएको छ । यदि राजनीतिक पार्टी र नेतृत्वले एक-एर्कालाई सम्मान गर्दैनन् भने त्यस्तो अवस्थामा गम्भीर किसिमको मानवअधिकारको मुद्दा उठ्नेछ । जबसम्म राजनीतिक पार्टीहरूले कानुन र नीतिको पालना गर्दैनन् तबसम्म कुनै पनि देशको लोकतन्त्र बलियो हुन सक्दैन भन्ने कुरामा मलाई विश्वास छ ।*

यो अनुसन्धानमा सहभागीहरूले लोकतन्त्र त्यस्तो राजनीतिक प्रणाली हो जहाँ सबै नागरिकबीच समानरूपमा राजनीतिक शक्तिको वितरण हुन्छ र सबैलाई उनीहरूको समानरूपमा आफ्नो शक्तिको अभ्यास गर्ने अधिकार हुन्छ भन्ने तर्क गर्छन् । कुनै निश्चित लिङ्ग वा जाति वा समुदायविरूद्ध निरन्तररूपमा हिंसा हुनु लोकतन्त्रकै एउटा मुख्य अवरोध हो जसले सामाजिक-राजनीतिक अधिकार अभ्यास गर्न बाधा पुऱ्याउँछ । विधिको शासन र असल शासनको अभाव भयो भने यसले समावेशी लोकतन्त्रको आधारभूत चारित्र नै गुमाउँछ । समाजको अराजक किसिमले सञ्चालन हुन्छ जसले दण्डहीनता, अन्याय र असमानता बढाउँछ । यसको परिणामस्वरूप सामाजिक र राजनीतिक द्वन्द्व बढ्नेछ । जब महिला, दलित वा कुनै पनि सिमान्तकृत समुदायका सदस्यले समानरूपमा आफ्नो अधिकार अभ्यास गर्न पाउने अवस्थामा हुँदैनन्, त्यहाँ सामाजिक स्थिरताको बृद्धिको सट्टा सामाजिक व्यवधान खडा हुनेछ भन्ने अनुसन्धानमा सहभागीहरूको विचार छ ।

## ८. अनुसन्धानबाट प्राप्त भएका मुख्य सवाल

अनुसन्धान प्रतिवेदनको यो खण्डमा अनुसन्धानबाट प्राप्त संख्यात्मक र गुणात्मक तथ्याङ्कको विश्लेषण गरी प्राप्त भएका प्रमुख सवालहरूलाई यहाँ प्रस्तुत गरिएको छ ।

### ***मानवअधिकारको गम्भीर उल्लंघन***

हिंसारहीत जीवन व्यक्तिको आधारभूत मानवअधिकार हो । यो अनुसन्धानले राजनीतिमा हुने लैङ्गिक हिंसाले राजनीतिकरूपमा सक्रिय महिला, अल्पसंख्यक र सिमान्तकृत समुदायको स्वाभिमान र आत्मसम्मानमा निकै ठूलो चोट पुऱ्याइरहको छ भन्ने सवाललाई पहिचान गरेको छ । आधुनिक प्रविधिले आजका मानसिलाई संसारसँग छिटो र प्रभावकारीरूपमा जोडिनुका साथै राजनीतिमा सूचना र विचार बाँड्ने, समानता र न्यायको पक्षमा सशक्तरूपमा आफ्नो आवाजलाई व्यापक बनाउने अवसर पनि प्रदान गरेको छ । राजनीतिकरूपमा सक्रिय महिला र सिमान्तकृत समुदायले यो अवसरको प्रयोग पनि गरिरहेका छन् । यद्यपि, यसले समाजमा सामान्यरूपमा लिइने तर प्रविधिको सहजीकरणमा हुने हिंसा सिर्जना गर्ने उर्बर भूमि पनि निर्माण गरिरहेको छ । यस्ता किसिमका हिंसा जानीजानी महिला र लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायमा लक्षित गरिएको पाइन्छ जसले उनीहरूलाई गम्भीर र प्रतिकूल प्रभाव पारिरहको छ । सोही कारण उनीहरू आफ्नो राजनीतिक भविष्यबाटै पलायन हुन बाध्य पारिएका छन् । उनीहरू समाज, उनीहरूकै राजनीतिक पार्टीका नेता र परिवारका सदस्यबाट हुने दबाबका कारण 'चुपचाप' बस्न बाध्य छन् । अनलाइन लैङ्गिक हिंसाले महिला र लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायको राजनीतिमा स्वतन्त्रतापूर्वक आफ्नो विचार अभिव्यक्त गर्ने अधिकारको हनन् भइरहेको छ । यसले उनीहरूलाई 'स्व-नियमन'मा रहनुपर्ने, अनलाइन अन्तर्क्रियालाई सीमित बनाउनु पर्ने अवस्थामा पुऱ्याएको छ । नेपालको संविधानले हिंसाबाट मुक्तिको अधिकारलाई आधारभूत मौलिक अधिकारको रूपमा समेटेको छ, तथापि अनलाइनमा हुने घृणा र गलत सूचनाले संवैधानिक र कानुनी अधिकारको उल्लंघन भने गरिरहेकै छ, जुन व्यक्तिको आधारभूत मानवअधिकारको हनन् हो ।

### ***'नेता'को पुरानो भाष्य***

नेतृत्वलाई 'पुरूषत्व'का रूपमा बुझ्ने गरिएको छ । नेताको विशेषता मूलतः सीप र क्षमताभन्दा पनि 'प्रचारमुखी नेता'मा निर्भर भइरहेको छ । पितृसत्तात्मक समाज 'पुरूष' नेतृत्वमा बढी विश्वास गर्छ र उनीहरूलाई राम्रो मान्छ किनभने त्यस्तो समाजले उनीहरूमा 'शक्ति', 'प्रतिस्पर्धी क्षमता', 'चुनौतीको सामना गर्ने प्रवृत्ति' र 'दृढता' धेरै हुन्छ भन्ने कुरामा विश्वास गर्छ । नेपाली राजनीतिमा महिलाको संख्या निरन्तररूपमा बढ्दै गएपछि लैङ्गिक भूमिकामा पनि परिवर्तन हुन थालेको छ । यद्यपि, शक्ति संघर्ष अझै बाँकी नै छ । पितृसत्तात्मक मनोविज्ञान भएका व्यक्तिहरूलाई यस्तो रूपान्तरण स्वीकार गर्न निकै अप्ठ्यारो परिरहेको छ, यसले उनीहरूका लागि चुनौतीपूर्ण वातावरण सिर्जना गरिदिएको छ । उदाहरणका लागि यो सर्वेक्षणमा सहभागीमध्ये ७३ प्रतिशतले आफूमाथी अपमान र अनादर गर्ने गरिएको धारणा राखेका छन् । यो महिलालाई नेतृत्व स्वीकार नगर्नका लागि गरिएको प्रतिरोधको तथ्य हो । यो अनुसन्धानबाट प्राप्त तथ्यले नेपाली राजनीति र समाजमा 'नेतृत्व'को भाष्य परिवर्तनको आवश्यकताको संकेत गर्दछ । यसले नेतृत्वबारे बुझाई र दृष्टिकोणमा परिवर्तन ल्याउनका लागि बृहत बहस र छलफलको आवश्यकता रहेको देखाउँछ । राजनीतिमा हुने लैङ्गिक हिंसाको निरन्तरताका कारण राज्य समानतामा आधारित समावेशी लोकतन्त्र स्थापनामा असफल हुँदै गइरहेको छ । समावेशी लोकतन्त्र र सामाजिक न्याय स्थापनाका लागि सामूहिक महिलावादी नेतृत्व निर्माण अहिलेको अनिवार्य आवश्यकता हो ।

### सामाजिक मूल्य मान्यताको पुनःसिकाइ र पुनःसंरचना अनिवार्य

पितृसत्ताले 'पुरूष'लाई निरपेक्ष प्राथमिकता दिन्छ र महिलालाई सार्वजनिक र निजी दुवै स्थानमा दमन गर्छ । यसले महिला र लैङ्गिक तथा यौनिक अल्पसंख्यकलाई अधीनस्थको व्यवहार गर्छ र विभिन्न लिङ्ग, वर्ग र जातजातिका आधारमा सामाजिक सम्बन्धको निर्धारण गर्छ । पितृसत्तात्मक सम्बन्धभित्र पनि महिला र सिमान्तीकरणमा पारिएका समुदाय सामाजिक, राजनीतिक र आर्थिक जीवनमा पूर्णरूपमा सहभागी हुनबाट सामूहिक र संरचनागतरूपमै बहिस्करणमा पारिएका हुन्छन् । बिगतमा महिला र लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायमाथि विभेदकारी मूल्य, मान्यता, विश्वास र अभ्यासलाई निरन्तररूपमा पुनःजोड दिएर र जबरजस्त लागू गरेर प्रणालीगतरूपमै उनीहरूलाई पछाडि धकेलियो । पितृसत्तात्मक मूल्य-मान्यतामा आधारित भएर गरिने अभ्यासका कारण उनीहरूलाई घरदेखि राज्यको संरचनासम्म पछाडि धकेलिरहेको छ । ६० प्रतिशतभन्दा बढी पीडक आफ्नै राजनीतिक पार्टीका पुरूष हुने गरेका (चित्र ५) तथ्यले यथास्थितिलाई कायम राख्न निकै ठूलो बल पुऱ्याइरहेको छ । राजनीतिकरूपमा सक्रिय महिला र लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायविरूद्ध हुने यस्ताखाले सबै किसिमका हिंसा अनलाइन र प्रत्यक्षरूपमा प्रतिबिम्बित हुने गरेका छन् । यस्तो परिस्थितिलाई परिवर्तन गर्नका निम्ति सामाजिक मूल्य-मान्यता र बुझाइमा पुनर्संरचना गर्नु निशर्त र अनिवार्य आवश्यकता हो ।

### लैङ्गिक अन्तर्सम्बद्धतासहितको हस्तक्षेप पूर्वशर्त

सबै असमानता समान किसिमका हुँदैनन् । यो अनुसन्धानले देखाएझैं विविध किसिमका असमानता सँगसँगै हुने गर्छन् र यसले एक-अर्काको प्रबर्द्धन गर्छन् । मिश्रित अनुभव र विभेदका कारण व्यक्तिगत पहिचान नै छोपिन सक्छ । उदाहरणका लागि एउटा शिक्षित दलित महिलाले शिक्षित बाम्हण महिलाले भन्दा जातकै कारण दोस्रो तहको हिंसाको सामना गर्छन् । एउटा लैङ्गिक तथा यौनिक अल्पसंख्यक वा अपाङ्गता भएको दलित महिलाले अर्को दलित नै महिलाले भन्दा बढी हिंसाको सामना गर्छन् । यस्तो किसिमको परिवेश अनुसन्धानबाट पनि पत्ता लागेको छ जुन अनाइन र प्रत्यक्ष दुवै स्पेसमा हुने गरेका छन् । असमानताको गहिराइ बुझ्न लैङ्गिक अर्न्तसम्बद्ध पहिचानसहित यस्ता अनुभवको गम्भीरतालाई बुझ्न अत्यन्तै जरूरी छ । यसको अर्थ ऐतिहासिक पृष्ठभूमिको पहिचान गर्नु पनि हो । हिंसा र दुर्व्यवहारबीच एकअर्कामा तालमेल हुन्छ । एउटै काम वा निर्णयले कसैलाई उनीहरूको जात वा यौनिकताका कारण गम्भीर असर पर्नसक्छ । राजनीतिमा महिलाविरूद्ध हुने हिंसालाई सम्बोधन गर्न अन्तर्सम्बद्ध महिलावादी दृष्टिकोणबाट असमानताको मूल कारणविरूद्ध आवाज उठाउन र रणनैतिक कार्ययोजना सहित अगाडि बढ्न अति आवश्यक छ । यसको प्रत्यक्ष वा अफलाइन संसारमा लागू गर्न जति आवश्यक छ, अनलाइन र डिजिटल संसारमा पनि लागू गर्न पनि त्यतिकै आवश्यक छ । किनभने यो अनुसन्धानमा सहभागीमध्ये ६६ प्रतिशतले प्रत्यक्षरूपमा नै राजनीतिमा लैङ्गिक हिंसाको सामना गरेको देखाएको छ (चित्र ४) यो अनलाइन स्पेसमा पनि प्रतिबिम्बित छ । उनीहरूले अनलाइनमा अपमान, घृणा, महिलाको क्षमतामाथि प्रश्न र चरित्रहत्याजस्ता चुनौतीको सामना गर्नुपरेको छ । यो अनुसन्धानले लैङ्गिक तथा यौनिक अल्पसंख्यक र सिमान्तकृत समुदायले तुलनात्मकरूपमा अझ धेरै अनलाइन हिंसा भोग्नु परेको देखाएको छ जसलाई अन्तर्सम्बद्धतासहितको दृष्टिकोणबाट हस्तक्षेप अनिवार्य मात्र होइन पूर्वशर्त मानिएको छ ।

### कमजोर कानुनी राज्य र विधिको शासन

लोकतान्त्रिक प्रणालीका लागि समावेशी नेतृत्व अपरिहार्य हुन्छ । एकै किसिमको नेतृत्वले मूलतः यथास्थिति र पुरूष-प्रभुत्वसहितको नीतिगत वातावरण निर्माण गर्छ । समावेशी र उत्तरदायी असल शासन सहभागिता, विधिको शासन, पारदर्शिता, उत्तरदायित्व, समानता, समावेशीता

र प्रभावकारिताका आधारमा मापन गरिन्छ । तर, नेतृत्वमा पुरूष-प्रभुत्वको निरन्तरताले यथास्थिति र पितृसत्तालाई नै प्रबर्द्धन गर्छ जसले महिला र अन्य सिमान्तकृत समुदायको सहभागीतालाई कमजोर बनाइरहन्छ । असमान सहभागिता र न्यायमा पहुँचहीनताले असल शासनलाई नै कमजोर पार्छ र यसले विधिको शासनलाई अस्थिर बनाउँछ । उदाहरणका लागि निर्वाचित पदहरूमा लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायको प्रतिनिधित्व नै छैन भने जम्मा निर्वाचित जनप्रतिनिधिमध्ये प्रमुख नीति-निर्माण गर्ने तह (मेयर र पालिका अध्यक्ष)मा महिलाको प्रतिनिधित्व करिब ३ प्रतिशत मात्रै छ । प्रमुख राजनीतिक पार्टीहरूले समावेशी नीतिको कार्यान्वयनका लागि प्रतिबद्ध नभएकै कारण यस्तो परिणाम आएको हो । यसैगरी लैङ्गिक हिंसा रोकथामका लागि कानुन कार्यान्वयन गर्ने प्रणालीको प्रभावकारी सञ्चालनका साथै आवश्यक नीति र संरचनाले अत्यन्तै महत्वपूर्ण भूमिका खेल्छ । यस्तो प्रणाली र व्यवस्था नहुनु महिला र सिमान्तकृत समुदायको मौलिक अधिकारको गम्भीर उल्लंघन हो । अनलाइन र प्रत्यक्षरूपमा उच्च तहमा लैङ्गिक हिंसा हुने कुरा असमान नेतृत्वसँग पनि सम्बन्धित छ । राज्यको यस्तो चरित्रले सुशासन कमजोर भएको र विधिको शासनको नभएको अवस्थालाई देखाउँछ ।

### *समावेशी लोकतन्त्रमाथिको चुनौती*

प्रत्येक नागरिकलाई आफ्नो आत्मसम्मान, सुरक्षा र सामाजिक-राजनीतिक अधिकारसहित बाँच्ने समान अधिकार छ । डिजिटल संसार पनि यो भन्दा भिन्न छैन । महिला र सिमान्तकृत समुदायमाथि हुने अनलाइन लैङ्गिक हिंसाले उनीहरूविरूद्ध हुने आक्रमण, धम्की र जबरजस्ती गरिने सबै सवाललाई समेट्छ । यसले महिला, अल्पसंख्यक र सिमान्तकृत समुदायलाई राजनीति र अन्य सार्वजनिक क्षेत्रबाट बहिस्कृत गर्न खोज्छ । उक्त समुदायविरूद्ध हुने अनलाइन र प्रत्यक्ष लैङ्गिक हिंसा संरचनागत, प्रणालीगत, नियोजित र राजनीतिक पूर्वाग्रहसहितको रणनीतिमा आधारित छन्, जसले राजनीतिमा महिलालाई अवरोध खडा गर्नुका साथै समावेशी लोकतन्त्रमाथी नै चुनौती सिर्जना गर्दछ । त्यसैले लोकतान्त्रिक प्रक्रियालाई बलियो बनाउनका लागि राजनीतिकरूपमा सक्रिय महिला र लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायविरूद्ध हुने लैङ्गिक हिंसाको सम्बोधन अपरिहार्य छ ।

## ९. सुझावहरू

पर्पल फाउण्डेशनले यो अनुसन्धानबाट प्राप्त भएका तथ्यहरूका आधारमा नेपाली राजनीतिमा महिला र लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायविरूद्ध हुने अनलाइन र प्रत्यक्ष लैङ्गिक हिंसाको संबोधन र अन्त्य गर्न र नेपालका अत्यन्तै कम प्रतिनिधित्व भएका समूहको राजनीतिक सहभागिताको माध्यमबाट समावेशी लोकतन्त्रलाई सबल बनाउनका लागि विभिन्न सरोकारवाला निकायहरूः तीनै तहका सरकार, निर्वाचन आयोग राजनीतिक पार्टी, प्रविधिसँग सम्बन्धित कम्पनी र मिडियालाई केन्द्रित गरी केही सुझाव तयार परेको छ ।

**संघीय सरकारलाई सुझाव :**

- नेपालको संविधानले महिला, सिमान्तकृत र लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायका लागि सुनिश्चित गरेका अधिकारहरू अक्षरस कार्यवन्यन हुनुपर्दछ । यसैगरी संवैधानिक अधिकार र नेपाल सरकारले हस्ताक्षर गरेका अन्तर्राष्ट्रिय महासन्धीले सुनिश्चित गरेको महिला र सिमान्तकृत समुदायको सामाजिक-राजनीतिक अधिकारसँग मेल नखाने संवैधानिक र कानुनी व्यवस्थाको समीक्षा गरी संशोधन गरिनुपर्छ ।
- विद्युतीय कारेबार ऐन, २०६३ को संशोधन गरी साइबर सुरक्षा र अनलाइन लैङ्गिक हिंसाविरूद्धको प्रावधानलाई स्पष्टरूपमा परिभाषित गरिनुपर्छ । यसका साथै अहिले काठमाडौंमा मात्रै रहेको साइबर ब्यूरोको शाखाहरू प्रदेशस्तरसम्म प्रभावकारीरूपमा बिस्तार गरिनुपर्छ ।
- साइबर ब्यूरोलाई प्रभावकारीरूपमा सञ्चालन गर्न ब्यूरोमा क्रियाशील व्यक्तिहरूलाई उजुरी लिँदा गरिने व्यवहारबारे तालिम दिने र पीडितलाई मनोवैज्ञानिक परामर्श दिने मनोपरामर्शदाता समेत व्यवस्था गरी सञ्चालन गरिनुपर्छ ।
- सञ्चालनमा रहेका सामाजिक सञ्जाल कम्पनीलाई अनिवार्यरूपमा नेपालमा दर्ता गर्नु पर्ने गरी नीति-निर्माण गरिनुपर्छ ।

**स्थानीय सरकार (महानगरपालिका र गाउँपालिका)लाई सुझाव :**

- साइबर ब्यूरो, लैङ्गिक विज्ञ र शिक्षा मन्त्रालयसँगको समन्वयमा महिला र लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायविरूद्ध हुने अनलाइन र प्रत्यक्ष लैङ्गिक हिंसाका सवालमा डिजिटल सुरक्षाका सवाललाई पनि समावेश गरी प्राथमिक विद्यालयदेखिकै पाठ्यक्रमको परिमार्जन गरिनुपर्छ ।
- महिला र लैङ्गिक तथा यौनिक अल्पसंख्यक र सिमान्तकृत समुदायमाथि हुने लैङ्गिक हिंसाबारे चेतना जागरण अभियानको निर्माण र कार्यान्वयन गर्नुका साथै डिजिटल शिक्षा र सुरक्षा कार्यक्रम स्थानीय तहसम्म बिस्तार गरिनुपर्छ ।

**राजनीतिक पार्टीलाई सुझाव :**

- पार्टीको घोषणापत्र र आन्तरिक पार्टीका नीतिहरू लैङ्गिक दृष्टिकोणबाट पुर्नमुल्यांकन र संशोधन गरिनुपर्छ । यसका साथै पार्टीको आन्तरिक प्रणाली, प्रशिक्षणका पाठ्यक्रम पनि सोहीअनुरूप परिमार्जन गरिनुपर्छ । पार्टी संरचनामा अनलाइन र प्रत्यक्षरूपमा हुने लैङ्गिक हिंसालाई सम्बोधन गर्ने र त्यस्ता घटनाबारे उजुरी दिने प्रभावकारी संयन्त्र स्थापना गरी सञ्चालन गरिनुपर्छ । सामाजिक विविधता, समावेशीकरण र लैङ्गिक समानता र समावेशी लोकतन्त्रसँग यसको सम्बन्धबारे पार्टीका कार्यकर्तालाई प्रशिक्षित गरिनुपर्छ ।
- सामाजिक मुद्दालाई राजनीतिक मुद्दाकै रूपमा स्वीकार गर्नुपर्छ र महिला, सिमान्तकृत र अल्पसंख्यक समुदायका मुद्दालाई सामाजिक रूपान्तरण र न्यायको एजेण्डालाई पार्टीले पहिलो प्राथमिकतामा राख्नुपर्छ ।

- राजनीति र अन्य सम्बन्धित क्षेत्रमा हुने लैङ्गिक हिंसाको विरूद्ध आवाज उठाउनका लागि संसदीय ककसको स्थापना गर्नुपर्छ । राजनीतिमा हुने गम्भीर प्रकृतिको लैङ्गिक हिंसा प्रभावितलाई सहयोग पुऱ्याउन 'सेफ्टी नेट'को स्थापना गरिनुपर्छ जसले हिंसा प्रभावितलाई तत्कालीन र दिर्घकालनीरूपमा सहयोग पुऱ्याउन सक्छ ।

**निर्वाचन आयोगलाई सुझाब :**

- नेपालको संविधानले सुनिश्चित गरेको समावेशी सहभागीता भए/नभएको सवालमा राजनीतिक दल, तिनका आन्तरीक संरचनाहरूको नियमन र अनुगमन गर्नुपर्छ । आयोगले महिला र लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायको पक्षमा दिइएको सुझाबअनुरूप आचार संहिता अद्यावधिक गर्नुपर्छ र उमेद्वार र मतदाताका रूपमा उनीहरूका विशिष्ट आवश्यकता र अधिकार सुनिश्चित गरिनुपर्छ ।
- निर्वाचनको समयमा सामाजिक सञ्जाल, अनलाइन, छापा सञ्चारमाध्यम र निर्वाचन अभियानको प्रभावकारी अनुगमन गर्नुपर्छ । निर्वाचन आचार संहिता उल्लंघन भएको अवस्थामा उजुरी दर्ता गर्ने सहज र प्रभावकारी प्रणाली स्थापना गर्नुपर्छ ।

**प्रविधि सम्बन्धी कम्पनी (विशेषगरी सामाजिक सञ्जाल प्लेटफर्म) :**

- यस्ता कम्पनीहरूले नेपाल सरकार र साइबर ब्यूरोसँगको समन्वयमा देशमा कार्यालय स्थापना गर्नुपर्छ र ती कम्पनीमा बलियो, सहज र अनलाइन उजुरी गर्नका लागि सहजै पहुँच पुग्ने संयन्त्रको व्यवस्था गरिनुपर्छ ।
- ती कम्पनीले नेपाली भाषामा नै व्यवहार गर्न सक्ने विशेषज्ञतासहितको सामग्री र विषयवस्तुमा काम गर्न सक्ने व्यवस्था अनिवार्य गर्नुपर्छ ।

**मिडिया (छापा, टेलिभिजन, अनलाइन आदि)लाई सुझाब**

- लैङ्गिक जवाफदेहीतासहितको सामग्री, फोटो र भाषाको प्रबर्द्धन गर्नुपर्छ र तथ्यजाँच गर्नुपर्ने गरी सम्पादकीय निर्देशिका बनाउनु पर्छ । चर्चाका लागि गरिने, स्त्रीद्वेषी र अतिरञ्जनासहितका सामग्रीविरूद्ध कारबाही गर्नुपर्छ र नैतिक मूल्य मान्यतासहितको पत्रकारिताको परिपालना गर्नुपर्छ ।

**नागरिक समाज, परिवार/समाज र स्वयम्का लागि सुझाब :**

- डिजिटल अधिकारबारे शिक्षा प्रदान र प्रबर्द्धन गर्ने, आम मानिसलाई यो विषयमा शिक्षित तुल्याउन बृहतरूपमा सचेतनामुलक गतिविधि सञ्चालन गर्ने र यसका साथै लैङ्गिक हिंसा र समावेशी लोकतन्त्र र शासनबीचको सम्बन्धका र प्रभावका सवालमा विभिन्न आयामबाट थप अनुसन्धान गर्नुपर्छ ।
- महिला र लैङ्गिक तथा यौनिक अल्पसंख्यक तथा सिमान्तकृत समुदायका राजनीतिकर्मीलाई पितृसत्तात्मक मूल्य-मान्यतामा आधारित भएर कमजोररूपमा हेरिने काम बन्द गरिनुपर्छ र 'हिंसा प्रभावित व्यक्तिलाई नै दोषारोपण गर्ने र लज्जित तुल्याउने' र उनीहरूलाई शारीरिक बनौट, यौनिकता र पृष्ठभूमिका आधारमा मूल्याङ्कन गरिने प्रवृत्तिको अन्त्य गरिनुपर्छ ।
- राजनीतिमा उनीहरूविरूद्ध हुने लैङ्गिक हिंसासँग सम्बन्धित यस्ता घटना कानुनी उपचारका लागि दर्ता गरिनुपर्छ र यस्तो अवस्थामा राजनीतिमा सक्रिय महिला र सिमान्तकृत समुदायले सहयोगका लागि 'ससक्त आवाज' उठाउनु पर्छ ।

# अनुसूचि क:


**महिला र लैङ्गिक तथा यौनिक अल्पसंख्यकका लागि प्रयोग गरिने विभेदकारी शब्दावली**


| शब्द वा शब्दावली | |
|---|---|
| पोथी बासेको सुहाउँदैन | सेक्सी |
| नक्कली | नकचरी |
| कुकुर्नी | वेश्या |
| गुण्डिनी | चुरीफुरी गर्ने |
| जाठिनी | चोथाले |
| गतिछाडा | भालु |
| बौलाही | पागलनी |
| आइमाई | डायन |
| चरित्रहिन | रन्डी |
| बोक्सी | महारानी |
| चोरनी | नौटंकी |
| अल्छिनी | गोबर गणेश |

# अनुसूचि ख:

**सर्वेक्षणमा सहभागी उत्तरदाताको विवरण**


ख (१). जातजाति र शैक्षिक योग्यताका आधारमा सर्वेक्षणमा सहभागी उत्तरदाताको विवरण







### ख (२). उमेर र राजनीतिक आवबद्धाको आधारमा सर्वेक्षणमा सहभागी उत्तरदाताको विवरण

सहभागी उत्तरदाताको उमेर समूह (संख्या= ४९२)





राजनीतिक पार्टीमा आबद्धताको तहगत अवस्था (संख्या= ४९२)





### ख (३). राजनीतिक सहभागिताको तह र संरचनामा संलग्नताको आधारमा सर्वेक्षणमा सहभागी उत्तरदाताको विवरण

राजनीतिक आबद्धताको तह (संख्या= ४९२)





आबद्ध राजनीतिक संरचना (संख्या= ४९२)





### ख (४). निर्वाचित पद र पार्टीको आन्तरिक संरचनामा आबद्धताका आधारमा सर्वेक्षणमा सहभागी उत्तरदाताको विवरण

निर्वाचित निकायको पदमा आबद्ध सहभागीको संख्या




पार्टीको आन्तरिक संरचनामा पद लिनेको संख्या



# अनुसूचि ग: तस्वीरहरु



अनुसन्धानबाट प्राप्त प्रारम्भिक नतिजाको प्रस्तुती र त्यसको वैधानिकताका लागि सन् २०२२ जुलाई ८ मा नेपालगञ्जमा आयोजना गरिएको कार्याशाला



अनुसन्धानबाट प्राप्त प्रारम्भिक नतिजाको प्रस्तुती र त्यसको वैधानिकताका लागि सन् २०२२ जुलाई ११ मा विराटनगरमा आयोजना गरिएको कार्याशाला



सन् २०२२ जुलाई २३ माकाठमाडौमा आयोजित सल्लाहकार समितिको बैठक



अनुसन्धानबाट प्राप्त प्रारम्भिक नतिजाको प्रस्तुती र त्यसको वैधानिकताका लागि सन् २०२२ सेप्टेम्बर १६ मा जनकपुरमा आयोजना गरिएको कार्याशाला



काठमाण्डौमा १५ जुलाई २०२० मा अनुसन्धान निष्कर्ष साझेदारी र प्रमाणीकरण कार्यशाला



काठमाण्डौमा १५ जुलाई २०२० मा अनुसन्धान निष्कर्ष साझेदारी र प्रमाणीकरण कार्यशाला



अनुसन्धानबाट प्राप्त नतिजाको प्रस्तुती र त्यसको वैधानिकताका लागि सन् २०२२ सेप्टेम्बर २३ मा पोखरामा आयोजना गरिएको कार्यशाला




सन् २०२२ नोभेम्बर ४ मा काठमाडौंको पार्क भिलेजमा सम्पन्न भएको परामर्श कार्यशालामा सहभागी काठमाडौं महानगरपालिकाकी उपमेयर सुनिता डंगोल



नेपाली राजनीतिमा महिला र लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायविरुद्ध हुने हिंसाका सम्बन्धमा सन् २०२२ नोभेम्बर ४ मा काठमाडौंको पार्क भिलेज रिसोर्टमा आयोजना गरिएको परामर्श कार्याशालापछि लिइएको सामूहिक तस्वीर

BACK
INSIDE

ISBN 978-9937-1-3534-4